सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका


nayapatrikadaily.com

१८ भदौ २०८०, सोमबार (4 Sep 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १४४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

जातीय विभेदका मुद्दामा न्याय पाउनै कठिन

जातीय छुवाछुतलाई कानुनले दण्डनीय भनेको छ, तर मधेशमा जातीय विभेद तथा छुवाछुतका अधिकांश घटना गाउँमै दबाइन्छन्, जेनतेन प्रहरी र न्यायालयमम्म पुगेका घटनामा पनि पीडितले कमै न्याय पाउँछन्

■ पछिल्ला ६० महिनामा मधेशमा दलितमाथि भएका आपराधिक घटना



स्रोत : नेपाल प्रहरी मधेश प्रदेश कार्यालय, जनकपुरधाम

छानबिनका लागि गठन गरिने समिति पनि कागजमै सीमित हुन्छन्

सप्तरीमा **सौरभ यादव**

● तीन वर्षको प्रेमपछि अग्निसाइर कृष्णासवरन गाउँपालिका- ४ की बबिता इसर र सप्तरीकै विष्णुपुर गाउँपालिका- ६ का मनोज रामले २१ जेठमा जिल्ला अदालत कपिलवस्तुमा 'कोर्ट म्यारिज' गरे। त्यसअघि ०७९ कात्तिकमै गरेको प्रेमविवाहलाई उनीहरूले कानुनी मान्यता दिलाएका थिए। तर, 'पानी पनि नचल्ने केटासँग विवाह गरेको' भन्दै ललित इसरले छोरी बबिताको फर्जी जन्मदर्ता प्रमाणपत्र बनाउँदै मनोजविरुद्ध अपहरण मुद्दा दायर गरेका थिए। जब कि कपिलवस्तु जिल्ला अदालतले दुवैको उमेर २१-२१ वर्ष पुगेको भन्दै विवाह गरेको प्रमाणपत्र दिएको थियो। सोही मुद्दाका आधारमा जिल्ला अदालत सप्तरीले मनोज र उनका दाइ रूपेशलाई कारागार पठाएको थियो। अधिवक्ता शैलेन्द्रप्रसाद हरिजनले ८ असारमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतका न्यायाधीशद्वय सुष्मालता माथेमा र तिलप्रसाद श्रेष्ठको आदेशले मनोज ३१ असार र रूपेश ९ साउनमा साधारण तारेखमा रिहा भएका छन्। मनोज अहिले थुनाबाहिरै रहेर मुद्दा लडिरहेका छन्।

● सिराहाको मिर्चैया नगरपालिका- १ का १९ वर्षीय कमलेश महरा र कर्जन्हा नगरपालिका- १० की १८ वर्षीया नेहा कापरले गत २३ चैतमा भागेर विवाह गरे। तर, छोराले गैरदलितकी छोरी भगाएपछि केटी पक्षले ३० जेठमा कमलेशकी आमा राजकुमारी महरालाई बन्दीपुरस्थित भुल्केचोकबाट अपहरण गऱ्यो। इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी जितेन्द्र बस्नेतका अनुसार राजकुमारीलाई ३१ जेठको राति साढे ८ बजे अपहरणमुक्त गरियो भने तीनजना (नेहाकी आमा ललिता कापर, मनोज कापर र सुवेल अन्सारी) पक्राउ परेका छन्। डिएसपी बस्नेतका अनुसार राजकुमारी टेम्पोमा आफन्तसित धनुषाबाट आउँदै गरेको थाहा पाएपछि ललितासहित आठजनाको समूहले अपहरण गरेको थियो। खोजतलासका क्रममा एक दिनपछि उनलाई लहानबाटै अपहरणमुक्त गरिएको र ललितालाई त्यहींबाट नियन्त्रणमा लिइएको उनले बताए। 'तल्लो जात'ले आफ्नी छोरी भगाएको भन्दै केटीका बुबा राजकुमार र आमा ललिताले कुटपिट र मानसिक यातना दिएको अपहरणमुक्त भएकी राजकुमारीको आरोप छ। कमलेश र नेहा भागेलगत्तै पनि केटी पक्षले राजकुमारी र उनका

» पृष्ठ ११ मा क्रमशः

के भन्छन् सरोकारवाला ?



● **अधिवक्ता दीपेन्द्र झा,** मधेश सरकारका पूर्वमुख्यन्यायाधिवक्ता

लामो समयदेखिको संरचनात्मक समस्याका रूपमा दलितमाथि विभेद भइरहेको छ। यसमा प्रहरी-प्रशासनले सकारात्मक भूमिका खेल्नुपर्छ। समाजमा पनि चेतना बढाउनुपर्छ। मधेश सरकारले ल्याएको दलित सशक्तीकरण ऐन कार्यान्वयन भयो भने मधेशमा विभेदको कुरा अन्त्य हुन्छ।



● **महेन्द्रकुमार श्रेष्ठ,** प्रवक्ता, मधेश प्रहरी कार्यालय

आपराधिक मनोविज्ञानका कारण मधेशमा घटना बढेको छ। मधेशमा शिक्षादेखि चेतनाको कमी छ, त्यसकारणले पनि अपराध बढेको हो।



● **रीता साह,** अधिकारकर्मी

जातीय भेदभाव तथा छुवाछुतका घटनाको स्वरूप परिवर्तन भएको छ। विगतमा देखिने गरी नै छुवाछुतको भेदभाव हुन्थ्यो भने अहिले घुमाउरो तरिकाले अप्रत्यक्ष रूपमा भेदभाव हुन्छ। पहिला सार्वजनिक रूपमा भेदभाव हुन्थ्यो भने अहिले निजी रूपमा भेदभाव हुन्छ। अहिले पनि कुनै दलित समुदायको व्यक्तिले गैरदलितसँग बिहे गरेमा झुटा मुद्दा लगाएर फसाउने काम भइरहेको छ।



● **सञ्जय यादव,** अर्थमन्त्री, मधेश सरकार

दलित विकास समिति नै गठन गरेर काम भइरहेको छ। दलित समुदायका बालबालिकालाई उच्च शिक्षामा पहुँचका लागि खातामै पैसा पठाइएको छ। तर, प्रदेश प्रहरी अहिलेसम्म प्रदेश सरकारको मातहत आउन सकेको छैन। हामी अहिले पनि निर्देशन दिने भूमिकामा नभई समन्वय गर्ने भूमिकामा मात्र सीमित छौं। संघीय सरकारको निर्देशनमा चलेको प्रहरीले झुटा मुद्दा लगाउने, अपराधीलाई उम्काउनेजस्ता काम भइरहेकाले पनि दलितमाथिको हिंसा बढेको हो।

डोल्पामा भेटियो तिलिचोभन्दा पनि अग्लो स्थानमा रहेको ताल

उत्तरी डोल्पाको डोल्पोबुद्ध गाउँपालिका- ६ फालगाउँमा रहेको कुन्ख्येन फालक ताल ५१९० मिटर उचाइमा रहेको पालिकाको दाबी, प्रमाणीकरणका लागि सरकारसँग आग्रह



डोल्पामा **रामचन्द्र न्यौपाने**

हिमाली जिल्ला डोल्पाको उत्तरी क्षेत्रमा तिलिचोभन्दा अग्लो स्थानमा रहेको ताल फेला परेको छ। डोल्पोबुद्ध गाउँपालिका- ६ फालगाउँस्थित कुन्ख्येन फालक ताल पाँच हजार एक सय ९० मिटर उचाइमा रहेको स्थानीय जनप्रतिनिधिहरूको दाबी छ। नेपालमा हालसम्म मनाङको तिलिचो ताल सबैभन्दा उचाइमा रहेको प्रमाणित छ।

डोल्पोबुद्ध गाउँपालिकाका उपाध्यक्ष पेम्मा धोर्चे गुरुङ, वडा नम्बर ६ का अध्यक्ष नुर्बु डम्डुल गुरुङसहित १७ जनाको टोलीले कुन्ख्येन फालक तालमै पुगेर जिपिएस मेसिनबाट उचाइ नापेको बताएका छन्। यो ताल

» पृष्ठ ११ मा क्रमशः

प्रमाणीकरणका लागि सरकारले पहल गर्नुपर्छ



● **पेम्मा धोर्चे गुरुङ,** उपाध्यक्ष, डोल्पोबुद्ध गाउँपालिका

हामीले जिपिएस मेसिनबाट नापेर निश्चित गरेका हौं। अब प्रमाणीकरणका लागि प्रक्रियामा पनि अघि बढ्छौं। तालबारे हेर्ने निकाय ताल विकास समिति हो भन्ने सुनेपछि यस विषयमा त्यहाँ पनि जानकारी गराएका छौं। सरकारसँग पनि आग्रह प्रमाणीकरणका लागि छ।

सरकारका निर्णयका आधारमा समितिले अध्ययन गर्छ



● **सीता शाही,** कार्यकारी निर्देशक, ताल विकास समिति

डोल्पोबुद्ध गाउँपालिकाबाट तिलिचो तालभन्दा अग्लो स्थानमा ताल भेटिएको प्रारम्भिक जानकारी आएको छ। ताल कति अग्लो स्थानमा छ, तालले ओगटेको क्षेत्रफल र गहिराइसँगै तालभित्र के-के छ भनेर विस्तृत अध्ययन गर्नुपर्छ। अध्ययन गाउँपालिका आफैंले पनि गर्न सक्छ। तर, नापी विभागसँग सहकार्य गरेर विस्तृत अध्ययन गनुपर्ने भएकाले खर्चिलो पनि हुन्छ। त्यसैले सरकारबाटै निर्णय हुनुपर्छ। सरकारको निर्णयका आधारमा समितिले अध्ययन गर्न सक्छ। अध्ययनपश्चात् सरोकारवाला सबैलाई बोलाएर नापीबाट प्रमाणित गरेर सार्वजनिक गर्नुपर्छ।

सीमामा सशस्त्र प्रहरीका ६८ सहायता कक्ष स्थापना

नवराज मैनाली / नयाँ पत्रिका

भारत र चीनसँगका मुख्य सीमानाकामा सशस्त्र प्रहरीले स्थायी रूपमा सहायता कक्ष सञ्चालनमा ल्याएको छ। सीमा क्षेत्रमा आवातजावत गर्नेहरूलाई सहयोग र सहजीकरणका लागि सहायता कक्ष निर्माण थालिएको सशस्त्र प्रहरीले जनाएको छ।

> सीमा क्षेत्रमा आवतजावत गर्नेहरूलाई सहयोग र सहजीकरण गर्ने

भारततर्फ ६५ र चीनतर्फका तीन नाकामा गरी ६८ वटा सहायता कक्ष स्थापना गरिएको सशस्त्र प्रहरीका प्रवक्ता एसएसपी राजेन्द्र खड्काले बताए। विगतमा चाडपर्वको वेलामा मात्र सीमानाकामा सहायता कक्ष सञ्चालन हुन्थे। सीमा क्षेत्रमा जानकारीको अभावले सर्वसाधारण ठगिने र समस्यामा पर्ने भएकाले उनीहरूकै सहयोग र सहजीकरणका लागि सहायता कक्ष सधैंभरि सञ्चालन गर्न थालिएको सशस्त्र प्रहरी बलले जनाएको छ।

महेन्द्रनगर, धनगढी, नेपालगन्ज, भैरहवा र वीरगन्जमा भने छुट्टै कक्ष नै बनाएर यस्तो सेवा थालिएको छ। अन्य स्थानमा अस्थायी प्रकृतिका सहायता कक्ष भए पनि त्यसलाई स्रोत-साधन थपेर सेवा दिने सशस्त्र प्रहरीको तयारी छ। त्यस्तै, ४२ ठाउँमा सशस्त्र प्रहरीका हेल्थ डेस्क पनि सँगै सञ्चालनमा छन्। सबैतिर भर्खरै सुरु भएको र यसलाई विस्तार गर्दै लगिने सशस्त्र प्रहरी प्रवक्ता खड्काले बताए।

भारततर्फ दुई सय ४३ तथा चीनतर्फ सशस्त्र प्रहरी बलका आठ बिओपी रहेका छन्। मुख्य नाकाहरूमा सहायता कोष नै बनाएर सीमामा समस्यामा परेका नागरिकलाई सहयोग गर्ने सशस्त्र प्रहरीको योजना छ। हाल कतिपयले अन्य संघसंस्थासँगको समन्वयमा सहयोग हुँदै आएको प्रवक्ता खड्का बताउँछन्। 'सीमामा अलपत्र पर्ने कतिपयलाई गाडी रिजर्भ नै गरेरसमेत गन्तव्यमा पठाउने गरिएको छ,' उनले भने। सहायता कक्षबाट प्रदान गरिदने सेवाले नागरिकलाई सहयोग हुने र सीमा सुरक्षामा पनि सहयोग पुग्ने सशस्त्र प्रहरी अधिकारी बताउँछन्। भारत तथा चीन जाने र उताबाट आउने दुवै पक्षलाई सहयोग गर्न सहायता कक्ष स्थापना भएका हुन्।

कतिपयलाई भारतमा जाँदा कसरी बस तथा रेलको टिकट काट्ने

» पृष्ठ ११ मा क्रमशः

सभापति पाएपछि गति लिँदै संसदीय समिति

आइतबार कृषि, सहकारी तथा प्राकृतिक स्रोत र महिला तथा सामाजिक मामिला समितिको बैठक, सोमबार अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन तथा मंगलबार उद्योग समिति बस्दै



'प्रेसर ग्रुप' बनाउन आरजुको प्रस्ताव

(विस्तृत पृष्ठ ३)

■ एसिया कप क्रिकेट

भारतको सामना गर्दै नेपाल



नेपाल र भारतबीचको खेल वर्षालेबिथोल्न सक्ने

(पृष्ठ १२)

सक्रिय बनाइयो हेलो सरकार

२४ सै घन्टा सञ्चालन, तीन सिफ्टमा काम

● यसअघि नेपाल टेलिकम मात्र रहेकामा अब ११११ मा एनसेलबाट पनि गुनासो टिपाउन सकिने

● तीन उपसचिवसहित २५ जना कर्मचारी व्यवस्थापन

● फोन, इमेल, फेसबुक, ट्विटर, पोर्टल, भाइबर, ह्वाट्सएप लगायतका डिजिटल माध्यमबाट समेत गुनासो टिपाउन सकिने

● तत्काल समस्या समाधानका लागि 'च्यापिड रेस्पोन्स टिम'

● गुनासोका प्रकृति हेरी सम्बन्धित निकायमा पठाई समस्या समाधानमा सहजीकरणसमेत गर्ने व्यवस्था

● प्रदेश र स्थानीय तहमा समेत सञ्जाल विस्तार गरिँदै

सुवास भट्ट / नयाँ पत्रिका

नागरिकले गुनासो गर्ने 'प्लेटफर्म' हेलो सरकारलाई सक्रिय बनाइएको छ। लामो समयदेखि निष्क्रिय रहेको हेलो सरकार २४ सै घन्टा सञ्चालनमा आएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आइतबार हेलो सरकारको विस्तारित सेवा सञ्चालनको उद्घाटन गरे।

१७ कात्तिक ०६८ देखि सञ्चालनमा रहेको हेलो सरकार लामो समययता निष्क्रिय छ। यसअघि नेपाल टेलिकमबाट मात्र सेवा प्रवाह हुने गरेकोमा सेवा विस्तार गरिएपछि एनसेलबाट समेत गुनासो राख्न सकिने भएको छ। फोन, इमेल, फेसबुक, ट्विटर, पोर्टल, भाइबर, ह्वाट्सएपलगायतका डिजिटल माध्यमबाट समेत गुनासो टिपाउन सकिने गरी प्रबन्ध गरिएको छ। हेलो सरकारको डेस्कले प्राप्त गुनासाहरू तत्काल सम्बोधन गरी सोको जानकारी सम्बन्धित निवेदकलाई दिने व्यवस्था मिलाइएको छ।

हेलो सरकार २४ सै घन्टा सञ्चालनका लागि तीन सिफ्टको कार्यतालिका बनाएर सोहीअनुरूप कर्मचारी व्यवस्थापनसमेत गरिएको छ। त्यसका लागि नेपाल सरकारका तीनजना उपसचिवसहित २५ जना कर्मचारी खटाइएको छ। आवश्यकताअनुसार विश्वविद्यालयहरूसँग सम्झौता गरी 'इन्टर्न'मा आवश्यक मात्रामा विद्यार्थी लिन सक्ने व्यवस्थासमेत गरिएको छ। यसअघि हेलो सरकार दुई सिफ्टमा सीमित कर्मचारीले सञ्चालन गर्दै आएका थिए।

हेलो सरकारमा आएका गुनासाका प्रकृति हेरी सम्बन्धित निकायमा पठाई

» पृष्ठ ११ मा क्रमशः



● प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आइतबार हेलो सरकारको विस्तारित सेवा सञ्चालनको उद्घाटन गर्दै भने–

हेलो सरकार विभिन्न उतारचढावबीच २४ सै घन्टा सञ्चालन गर्ने अवस्थासम्म आउनु हाम्रा लागि खुसीको कुरा हो। जनताका गुनासो जति गम्भीरतापूर्वक सम्बोधन हुन्छ, लोकतन्त्र त्यति नै बलियो हुन्छ। त्यसै प्रयोजनका निम्ति १२ वर्षअघि यो कार्यक्रमको शुभारम्भ गरिएको थियो। यसले गणतन्त्रमा जनमत र जनभावनाको सम्मान गर्ने परिस्थिति निर्माण भएको छ। जनताको गुनासो सुनिएन भन्ने मत पनि छ। यसलाई तीन सिफ्टको कार्यक्रमले पूर्णतः सम्बोधन गर्ने विश्वास छ।

कोशी सरकार गठन विवाद

आज पूर्ण इजलासमा सुनुवाइ हुँदै

काठमाडौं / कोशी सरकार गठन र विश्वासको मतसम्बन्धी विवाद अब पूर्ण इजलासले सुनुवाइ हुने भएको छ। आइतबार संयुक्त इजलासले गरेको आदेशअनुसार यसलाई सोमबार पूर्णमा पेस गरिने भएको हो।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र सुष्मालता माथेमाको इजलासले उही निवेदक, उही विपक्षी रहेको समान प्रकृतिको मुद्दा यसअघि पूर्ण इजलासबाटै निरुपण भएको भन्दै यस मुद्दालाई पनि पूर्णमै पठाएको हो। '...प्रस्तुत मुद्दासँग समान प्रकृतिको भई पूर्ण इजलासबाट निराकरण भइसकेको देखिएकाले प्रस्तुत मुद्दामा पनि जटिल कानुनी प्रश्न समावेश भएको देखिएको र त्यसको निराकरण पूर्ण इजलासबाट हुन उपयुक्त देखिएको,' सर्वोच्चको भनाइ छ।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम सोमबार पूर्ण इजलासमा पेस हुने गरी पेसी तोकी नियमअनुसार पेस गर्न संयुक्त इजलासको आदेश छ। सर्वोच्च अदालत नियमावलीको नियम २३ मा पूर्ण इजलाससम्बन्धी व्यवस्था छ। जसको (२)(ग) मा मुद्दामा समावेश भएको कुनै जटिल कानुनी प्रश्नको निर्णय पूर्ण इजलासबाट गर्नुपर्ने संयुक्त इजलासलाई लागेमा पूर्णमा पठाउन सकिने उल्लेख छ।

संविधानविपरीत ऐनविनै कर उठाउँदै कोशी सरकार

सरकार बजेटविहीन छ, तैपनि राजस्व संकलन निरन्तर, प्रमुख प्रतिपक्षीको मौन समर्थन। विस्तृत पृष्ठ ९

यसअघि पनि हिक्मत कार्कीले नै सरकार गठन असंवैधानिक रहेको दाबीसहित तत्कालीन मुख्यमन्त्री उद्धव थापालाई विपक्षी बनाई रिट दायर गरेका थिए भने हाल पनि उनी नै थापासमेतलाई विपक्षी बनाउँदै सर्वोच्च पुगेका हुन्।

NIMB
नेपाल उन्मोष्टमण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

श्रीमती चढेको गाडी चेकजाँचमा पर्दा बालेन आक्रोशित

■ बालेनको सचिवालय भन्छ– **ट्राफिकले गाडीलाई रोकेर असान्दर्भिक र मनोमानी प्रश्न गऱ्यो** ■ ट्राफिक प्रहरी भन्छ– **जिम्मेवारी निभाएको हो**

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन) चढ्ने गाडीमा शनिबार साँझ उनकी श्रीमती सबिना काफ्ले र अन्य आफन्तहरू सवार थिए। ललितपुरको बालकुमारीतर्फबाट आउँदै गरेको सो गाडीलाई ट्राफिक प्रहरीले कोटेश्वरको सर्भिस लेनमा राति नौ बजे चेकिङका लागि रोक्यो। सो गाडीको अगाडि रोकिएका अन्य गाडीहरूलाई प्रहरीले पालैपालो चेकिङ गर्दै थियो। पालो आएपछि ट्राफिकले मेयर साहका चालकसँग शनिबार सरकारी गाडी किन चलाएको भन्दै प्रश्न गर्दै ट्राफिकले कागजात मागे र केहीबेर सोधपुछपछि उक्त गाडी छाडिदिए।यही विषयले आक्रोशित बनेका मेयर बालेनले फेसबुकमा स्टाटस लेख्दै सिंहदरबारलाई नै आगो लगाइदिने धम्की दिए।

ट्राफिक प्रहरीले भने उनकी श्रीमतीलगायत चढेको गाडी धेरै समय रोकेर केरकार नगरेको दाबी गरेको छ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसएसपी राजेन्द्रप्रसाद भट्टले ट्राफिकले आफ्नो ड्युटी गरेको, तर दुःख नदिएको बताए। ट्राफिक प्रहरीले आफ्नो जिम्मेवारी मात्रै निभाएको भन्दै त्यसलाई ठूलो विषय बनाउन आवश्यक नभएको उनको भनाइ छ।

मेयर साहले गृहसँग अनुमति लिएको भए पनि प्रहरीलाई त्यसबारे थाहा नभएको उनको भनाइ छ। प्रवक्ता भट्टले त्यहाँ ट्राफिकसँग कुनै वादविवाद वा भनाभन नभएको दाबी गर्दै ट्राफिक नियम सबैले पालना गर्नुपर्ने बताए। घटनाको आलोचनापछि मेयर बालेन्द्र साहको सचिवालयले आइतबार प्रेस विज्ञप्ति जारी गरेको छ। विज्ञप्तिमा बालेनपत्नीसँग जोडेर प्रकाशन-प्रसारण भएका समाचारप्रति ध्यानाकर्षण भएको उल्लेख छ। उक्त गाडी गुडाउन गृह मन्त्रालयको सहमति लिएकोसमेत दाबी गरिएको छ। '२०८० भदौ १६ गते बेलुका सात बजे सुत्केरी अवस्थामा रहनुभएकी सबिना काफ्लेको स्वास्थ्यमा एकाएक जटिलता तथा जोखिमयुक्त स्थिति देखिएपछि स्वास्थ्य परीक्षणका लागि सबैभन्दा छिटो प्रयोग गर्न सकिने विकल्पका रूपमा उपलब्ध रहेको र सुरक्षाका दृष्टिकोणले समेत नगर प्रमुख र उहाँकी धर्मपत्नीलाई प्रयोग गर्न गृह मन्त्रालयले सहमति दिएको काठमाडौं महानगरपालिकाको सरकारी गाडी प्रयोग गरेर सबिना काफ्ले अस्पताल जानुभएको थियो,' मेयर साहका स्वकीय सचिव भूपदेव साहद्वारा जारी विज्ञप्तिमा भनिएको छ,' आफ्नो स्वास्थ्य परीक्षण र एनआइसियूमा भर्ना रहेको शिशुलाई स्तनपान गराई फर्किने क्रममा रातको करिब नौ बजे कोटेश्वरमा ट्राफिक प्रहरीहरू सवारी चेकजाँच गर्दै थिए।' ट्राफिकले माग गरेपछि चालकले परिचयपत्र देखाएका थिए। तर, मेयर साहको परिचय खुलाएपछि पनि प्रहरीको व्यवहार झन् बढी आक्रामक भएको विज्ञप्तिमा उल्लेख छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०५/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (सांविक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय हेटौंडा, मकवानपुरवाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नवुझाई बैकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैकलाई कर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असोज ०२ गते मंगलबार**का दिन शाखा कार्यालय हेटौंडा, मकवानपुरमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसील

ऋणीहरुको विवरण:

क. नेपाल सरकार उद्योग, मन्त्रालय कम्पनि रजिस्ट्रर्डको कार्यालय काठमाण्डौमा कम्पनि ऐन २०६३ अन्तरगत मिति २०७५/०४/१० मा प्रा.लि नं. १९४१५०/०७५/०७६ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरवाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६६५१९६७ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ६ मा रजिष्ट्रार कार्यालय रहेको **जुपिटर हेटौडा नेपाल प्रा.लि.**।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, सम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

३. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

४. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

५. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **रोम प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ०६ स्थित कित्ता नं. १४५०८ को क्षेत्रफल ०-०-१८.२५ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **गुरु प्रसाद सापकोटा**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ६ स्थित कित्ता नं. १४५१० को क्षेत्रफल ०-१-६.७५ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

३. **भवनाथ सापकोटा**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ६ स्थित कित्ता नं. १४५०९ को क्षेत्रफल ०-१-० (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

४. **नारायण प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ०६ स्थित कित्ता नं. १४५०७ र १४५०६ को क्षेत्रफल क्रमश ०-०-१२.७५ र ०-१-४ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

ऋणीको विवरण:

ख. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, सम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

३. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

४. हरी प्रसाद देवकोटाको नातिनी, शिव प्रसाद देवकोटाको छोरी, नारायण प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **सम्झना देवकोटा** (ना.प्र.नं. ७२४२, जारी मिति २०५८/०९/०९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **नारायण प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ०६ स्थित कित्ता नं. ५१५९ को क्षेत्रफल ०-९-१९-० (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

ऋणीको विवरण:

ग. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, सम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

३. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

४. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

५. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

घ. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, सम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

३. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

४. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

५. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

ङ. नेपाल सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौडामा औद्योगिक व्यवसाय ऐन २०७६ अन्तरगत मिति २०७७/०७/१७ मा प्रा.फा. नं. २०९५/१०३४/०७७/०७८ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरवाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१४१५६११५ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडाउ.म.न.पा वडा नं. ६ मा रजिष्टर्ड कार्यालय रहेको **रितीरिवाज गाई फर्म** (प्रोपाईटर लक्ष्मण प्रसाद काफ्लेको नातिनी, डिल्ली प्रसाद काफ्लेको छोरी, रोम प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **रुपा कुमारी काफ्ले** (ना.प्र.नं. ३९१०२३/५७२००, जारी मिति २०६५/१०/२८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. लक्ष्मण प्रसाद काफ्लेको नातिनी, डिल्ली प्रसाद काफ्लेको छोरी, रोम प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **रुपा कुमारी काफ्ले** (ना.प्र.नं. ३९१०२३/५७२००, जारी मिति २०६५/१०/२८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

३. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

४. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

५. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

च. नेपाल सरकार घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौडामा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तरगत मिति २०७४/०५/०६ प्रा.फा.न. १०७३०/८४९/२०७४/२०७५ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरवाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६४४३४४३ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडाउ.मा.न.पा वडा नं. ६ मा रजिस्ट्रर्ड कार्यालय रहेको **रिती रिवाज पोल्ट्री फर्म** (प्रोपाइटर पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

३. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

४. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

छ. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, सम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

३. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

४. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

ज. नेपाल सरकार घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौडामा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४अन्तरगत मिति २०७०/०५/११ सा.फ.प्र.प.न ८९९७/८५/२०७०/०७१ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरवाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३००२८२४२३ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ६मा रजिस्ट्रर्ड कार्यालय रहेको **सापकोटा राईस एण्ड फ्लोर मिल** (प्रोपाईटर जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

३. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

४. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

झ. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) वस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२

सभापति पाएपछि गति लिँदै संसदीय समिति

आइतबार कृषि, सहकारी तथा प्राकृतिक स्रोत र महिला तथा सामाजिक मामिला समितिको बैठक, सोमबार अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन तथा मंगलबार उद्योग समिति बस्दै

कमलराज भट्ट/नयाँ पत्रिका

गठन भएको चार महिनामा सभापति पाएका संसदीय समितिले काम थालेका छन्। प्राथमिकता तय गरेका समितिले एकपछि अर्को बैठक बोलाएर सक्रियता बढाएका छन्। आइतबार कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति र महिला तथा सामाजिक मामिला समितिका बैठक बसेको छ। सोमबार अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन र मंगलबार उद्योग समितिको बैठक बस्दै छन्।

१५ वैशाखमा गठन भएर २ जेठदेखि ज्येष्ठ सदस्यको भरमा चलेका प्रतिनिधिसभाका १० वटा विषयगत समितिले ११ भदौमा सभापति पाएका थिए। सभामुख देवराज घिमिरेबाट शपथ तथा निर्देशन लिएर सभापतिहरूले समितिको कारबाही अगाडि बढाएका हुन्।

नवनिर्वाचित सभापतिको अध्यक्षतामा बसेको बैठकले क्षेत्राधिकारभित्र पर्ने मन्त्रालयबाट समग्र ब्रिफिङ लिने, यसअघि दिएको निर्देशन र निर्णय कार्यान्वयनको मूल्यांकन गर्ने, गुनासो सम्बोधन गर्ने, विचाराधीन विधेयकमा दफाबार छलफल अगाडि बढाउने, विभिन्न विषयमा उपसमिति गठन गरेर जाने निर्णय गरेको छ।

आरजु राणा देउवाको अध्यक्षतामा बसेको कृषि समितिले खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी संशोधन विधेयकमा छलफल अगाडि बढाउने निर्णय गरेको छ। यो विधेयकका ५५ दफामा आठजना सांसदबाट संशोधन आएकोमा उपसमिति गठन गरेर टुंग्याउने समितिको योजना छ। यसैगरी निर्देशन कार्यान्वयनको अवस्था सात दिनभित्र उपलब्ध गराउन सम्बन्धित मन्त्रालयसँग माग गर्ने निर्णय गरेको छ।

गाँजाखेतीको बहुउपयोग भएकाले यसको उत्पादन, बिक्री-वितरण कार्यलाई वैधानिक बनाउने सम्बन्धमा सम्बन्धित निकायसँग थप छलफल गरेर निर्णयमा पुग्ने निष्कर्ष निकालेको छ। आगामी बैठकमा भूमि मन्त्रालय र भूमि आयोगका पदाधिकारीसँग छलफल गरेर ब्रिफिङ लिने निर्णय छ। साथै जलवायु परिवर्तनको सवालमा कार्बन ट्रेडसम्बन्धी मुद्दामा नीतिगत र कानुनी फ्रेमवर्कबारे पनि वन मन्त्रालयसँग छलफल अगाडि बढाउने निर्णय गरेको छ।

समितिको क्षेत्राधिकारबाट हटाइएको जलस्रोत र सिँचाइ फर्काउन पहल गर्ने निर्णयसमेत गरेको छ। 'प्राकृतिक स्रोतका लागि जलस्रोत महत्त्वपूर्ण हो। सिँचाइ नभईकन कृषि हुँदैन। त्यसकारण यसलाई अलग नहेरीकन सम्पूर्ण रूपमै हेर्नुपर्छ। हाम्रै समितिमा यथावत् फर्काउने भनेर निर्णय गरेका छौं,' समिति सभापति राणाले भनिन्, 'यसमा सभामुखज्यूको ध्यानाकर्षण गराउँछौं।'

यसैगरी कृषि तथा पशुपक्षी मन्त्रालयबाट आएको अनुरोधअनुसार बंगलादेश अवलोकन भ्रमणका लागि समितिबाट ६ सदस्य छनोट गरेर पठाउने निर्णयसमेत गरेको छ।

यसैगरी, आइतबारै नवनिर्वाचित सभापति किरणकुमार साहको अध्यक्षतामा बसेको महिला तथा सामाजिक मामिला समिति बैठकले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट ब्रिफिङ लिएको छ। मन्त्री सुरेन्द्रराज आचार्यले बजेट अभावका कारण मन्त्रालयले तय गरिएका योजना तथा कार्यक्रमहरू पनि सम्पन्न गर्न सक्ने अवस्था नरहेको सुनाएका थिए। मन्त्रालयको ब्रिफिङमा समितिले विस्तृत अध्ययन गरेर निर्देशन दिनेछ।

समितिमा बाल सुधारगृहको घटनाको विषयमा छलफल भएको थियो। महिला सशक्तीकरणलगायत क्षेत्राधिकारभित्र पर्ने विषयमा समितिलाई थप सक्रिय बनाउने सभापति साहले बताए। १८ जना महिला सदस्य भएको समिति चलाउन आफूलाई अप्ठ्यारो नभएको र सरल तथा मर्यादित रूपमै चलाएको दाबी साहले गरे।

नयाँ सभापति पाएपछि अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठक सोमबार ११ बजे बस्दै छ। चीनले सार्वजनिक गरेको नक्सा र प्रधानमन्त्रीको चीन भ्रमण तथा पर्यटन मन्त्रालयबाट ब्रिफिङ लिने कार्यसूची छ।

यसैगरी, उद्योग समितिको बैठक मंगलबार ११ बजे बोलाइएको छ। अत्यावश्यक वस्तुहरू खाद्य पदार्थ (चामल, नुन, चिनी, तरकारीलगायत) र पेट्रोलियम पदार्थ एवं खाना पकाउने ग्यासको आपूर्ति, बिक्री र हालको मौज्दातको अवस्थाबारे उद्योगमन्त्रीसँग छलफल गर्ने एजेन्डा छ। अन्य समितिहरू पनि कार्ययोजना बनाएर अघि बढ्ने तयारीमा छन्।



आइतबार बसेको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठक।

'प्रेसर ग्रुप' बनाउन आरजुको प्रस्ताव

कृषि समितिको पहिलो बैठकमा सभापति आरजु राणाले समितिले उठान गरेका विषय सम्बोधन गराउन दबाब समूह बनाउनुपर्ने प्रस्ताव गरेकी छिन्। समितिका निर्देशन कार्यान्वयन नहुने गुनासो धेरै सुनिएको भन्दै सभापति राणाले निरन्तर निगरानी गर्ने र कार्यान्वयनका लागि दबाब बनाइराख्ने टिम बनाउनुपर्ने धारणा राखेकी हुन्।

समितिले दिएका निर्देशनको कार्यान्वयन अवस्था अध्ययन गर्ने संसद् सचिवालयको अनुसन्धान शाखासँग बजेटै नहुँदा प्रभावकारी काम गर्न नसकेको भन्दै राणाले कृषि समितिकै सदस्यको सानो टिम बनाएर निगरानी तथा दबाब दिनुपर्नेमा जोड दिइन्। 'हामीले समय खर्चिएर दिमागले भ्याएजति भन्छौं, पछि त्यो कार्यान्वयन हुँदैन। कतिपय अव्यावहारिक कुरा आयो भने गर्न सकिँदैन भन्दिन पऱ्यो। तर, हामीले सिरियस्ली भनेको कुरा रेस्पोन्स गर्ने एउटा मेकानिजम रेगुलर हुनुपऱ्यो,' उनले भनिन्, 'कि त हामीबाट टिम बनाउने, अनि मन्त्रालयमा मासिक रूपमा फलोअपमा जाने, किनकि कुनै पनि मन्त्रीलाई समितिमा बोलायो भने राष्ट्रकै पैसा खर्च हुन्छ, उहाँहरूका अरू कार्यकारी काम होलान्। त्यसैले हाम्रोबाट सानो खालको टिम बनाऊँ।'

आफू महिला आन्दोलनबाट आएको र उक्त आन्दोलनमा यही शैलीबाट सफल भएको स्मरण गर्दै राणाले प्रेसर ग्रुप बनाएर काम गराइहाल्नुपर्ने बताइन्। 'हामीले पनि प्रेसर ग्रुप बनाएर विभिन्न मुद्दामा फलो गरेको गऱ्यै गरौं। त्यसका लागि अनौपचारिक एउटा टिम बनाएर को-को कहाँ जाने, कोसँग कसको नेटवर्क राम्रो छ, कसलाई कुन ठाउँमा प्रश्न गर्ने गरी जाऊँ। यसरी रणनीतिक रूपमा हामी गयौं भने साँच्चै सरकारलाई उत्तरदायी बनाउन सक्छौं,' उनले भनिन्, 'यसकारण रणनीति बनाएर जान जरुरी छ। नत्र आउँछन्, सुन्छन्, चिया खान्छन्, जान्छन्।'

आरजुको प्रस्तावमा सांसद दिक्पालकुमार शाहीले असहमति जनाएका थिए। 'संसद्ले निर्देशन दिन सक्छ, मन्त्रीले आएर जवाफ दिनुपर्छ। संसद् मन्त्रालय जाने होइन, मन्त्रीले संसद्मा आउने हो, यो पनि मिनी पार्लियामेन्ट हो, यहाँ आउनुपऱ्यो, यसरी लगाम लगाउनुपऱ्यो,' उनले भने।

बैठकमा सभापति राणाले एजेन्डाहरू सदस्यलाई वितरण गरेर पास गर्ने र त्यसपछि छलफलमा लाने योजना सुनाइन्। बैठक थप सक्रिय बनाउन क्रस प्रश्न सोध्ने, अनुसन्धानमुखी हुनुपर्नेमा उनले जोड दिइन्। एजेन्डामा छलफलमा जानुअघि सानो कमिटी बनाएर तयारी गर्न सकिने विकल्प उनले राखेकी थिइन्।

राणाले आफ्नो विशेष रुचि भएको क्षेत्रबारे जानकारी गराउन सदस्यहरूलाई अनुरोध गरेकी थिइन्। 'यहाँहरूले देखेको, अनुभव गरेको हिसाबले यसमा काम गर्नुपर्छ भन्नुभयो भने सचिवालयसँग समन्वय गरेर त्यो क्षेत्रमा कसरी जाने भन्ने दिशा तय गर्न सकिन्छ,' उनले भनिन्।

यसैगरी हरेक मन्त्रालयसँग एकपटक सम्पूर्ण संरचनासँग र नीतिगत ब्रिफिङ लिने प्रस्ताव पनि गरिन्। 'उहाँहरूले दुई-तीन घन्टा आएर यो-यो छ हाम्रो मन्त्रालयमा, यो-यो पोलिसीमा काम गरिरहेका छौं, यो-यो मुख्य चासो हो, यहाँ समितिले सहयोग गरिदियोस् भनिदिनुभयो भने सजिलो हुन्छ। किनभने हामीले काम अगाडि बढाउनुअघि ए टु जेड बुझ्नुपऱ्यो,' उनले भनिन्, 'सभामुखसँगको बैठकमा पनि निर्देशन कार्यान्वयन हुँदैन भन्ने कुरा आउँदा कार्यान्वयन हुन सक्ने निर्देशनहरू दिनुपऱ्यो भन्ने सुझाव आयो, यसका लागि पनि मन्त्रालयहरूको राम्रोसँग अध्ययन नगरीकन हामीलाई थाहा हुँदैन।'

सांसदहरूले राखेको जिज्ञासामा सभापति राणाले बाँदरले कृषकको बाली-नालीमा क्षति पुऱ्याएर खान नै नपुग्ने अवस्था सिर्जना गरेकाले भारतको हिमाञ्चल प्रदेशको मोडलमा परिवार नियोजन गरेर बाँदरको संख्या घटाउनुपर्ने धारणा राखिन्। राणाले औषधिलगायतको प्रयोजनका लागि गाँजाखेती गर्न बजेटमा समेत व्यवस्था गरिएको उल्लेख गर्दै नेपालमा खाली रहेको एक लाख हेक्टर कृषियोग्य जमिनको सदुपयोग गरेर गाँजाखेती गर्नका लागि सरोकारवाला निकायसँग छलफल गरेर सरकारलाई निर्देशन दिनुपर्ने धारणा पनि राखेकी थिइन्। अन्तिममा राणाले भनिन्, 'मेरो भाषा राम्रो छैन, अंग्रेजी मिसाएर बोल्छु। सानैदेखि त्यस्तै छु। यसका लागि माफी चाहन्छु।'

संसद्का पदाधिकारीलाई बिजुली गाडी

सडकका खाल्डा र चार्जिङ स्टेसन अभावले चलाउन कठिनाइ

● **देवराज घिमिरे**
सभामुख, प्रतिनिधिसभा

बिजुली गाडी प्रयोग गर्दै गर्दा साथीहरूले त्यति राम्रो रहेनछ, उकालोमा तान्दैन भन्ने प्रतिक्रिया दिएका छन्। यहाँ भित्रभित्रै चलाउनेलाई ठिकै पनि छ। मैले खासै अनुभव गरेको छैन। म नियमित रूपमा पहिलेकै गाडी चढिरहेको छु।

काठमाडौं/ चीनले अनुदानमा दिएका आठमध्ये ६ वटा बिजुली गाडी संसद्का पदाधिकारीलाई उपलब्ध गराइएको छ। दुईटा गाडी भने सचिवालय परिसरमै थन्किएका छन्। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र उपसभामुख इन्दिरा राना, राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिना र उपाध्यक्ष उर्मिला अर्यालले गाडी उपलब्ध गराएको छ। उनका अनुसार एउटा गाडी पूर्वसभामुख अग्निप्रसाद सापकोटाले लगेका छन्। नियमअनुसार पूर्वसभामुखले संसद् सचिवालयबाट एउटा गाडी पाउँछन्।

तत्कालीन सभामुख सापकोटाको पहलमा चीनले नेपाललाई आठवटा बिजुली गाडी दिने तय भएको थियो। असार अन्तिम साता केरुङ नाका हुँदै ती गाडी काठमाडौं ल्याइएको थियो। जसमा तीनवटा उच्च प्रविधिको एसयुभी (स्पोर्टस् युटिलिटी भेइकल) र पाँचवटा ई-६० ह्याचब्याग गाडी छन्।

संघीय संसद्का महासचिव भरतराज गौतमले निर्णय गरेर उच्च प्रविधिको एसयुभी गाडी सभामुख घिमिरे, राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिना र पूर्वसभामुख सापकोटालाई दिएका छन्। अर्को सामान्य खालको ई-६० ह्याचब्याग गाडी उपसभामुख राना, उपाध्यक्ष अर्यालका साथै जसपा प्रमुख सचेतक प्रदीप यादवलाई उपलब्ध गराइएको छ।

दुइटा गाडी भने सचिवालय परिसरमै थन्किएका छन्। सचिवालयका अधिकारीका अनुसार ई-६० ह्याचब्याग गाडी नेपालको माटो सुहाउँदो छैन। गाडी अग्लो नहुँदा खाल्डाखुल्डीमा ब्याट्री भुइँमा ठोकिन्छ। उकालोमा चढाउन सकिँदैन। अर्कोतिर देशभर चार्जिङ स्टेसन नभएकाले उपत्यकाबाहिर जान सकस हुन्छ।

यात्रामा सहजता नहुने भएकाले रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले बिजुली गाडी लिन अस्वीकार गरेका छन्। 'बिजुली गाडी वातावरणीय हिसाबले उपयुक्त हो। तर, हाम्रो सडक पूर्वाधार, चार्जिङ स्टेसन, भौगोलिक विषमताका कारण अहिले आएको गाडी व्यावहारिक भएन। फेरि उपत्यकाबाहिर गइराख्नुपर्ने भएकाले मेरो लागि त्यो उपयुक्त भएन,' उनले भने।

■ **जसलाई दिइयो बिजुली गाडी**



देवराज घिमिरे
सभामुख

गणेश तिमिल्सिना
राष्ट्रिय सभा अध्यक्ष



इन्दिरा राना
उपसभामुख



उर्मिला अर्याल
राष्ट्रिय सभा उपाध्यक्ष



अग्नि सापकोटा
पूर्वसभामुख



प्रदीप यादव
प्रमुख सचेतक, जसपा

● यात्रामा सहजता नहुने भन्दै रास्वपाका प्रमुख सचेतक सन्तोष परियारद्वारा बिजुली गाडी लिन अस्वीकार



परियारले उक्त गाडी चढ्न अस्वीकार गरेका वेला

चढिरहेकालाई पनि सकस छ। यसैकारण उनीहरूले पुरानै गाडी बढी चढिरहेका छन्। राष्ट्रिय सभा उपाध्यक्ष अर्याल भन्छिन्, 'धेरैजसो पुराना गाडी प्रयोग गरिन्छ, जिल्लातिर जान सजिलो पनि हुन्छ। यद्यपि, बिजुली गाडी पनि राम्रै छ। अलिकति ग्राउन्ड क्लियरेन्स धेरै कम हुने रहेछ। काठमाडौंको पिच रोडमा राम्रो भए पनि बाहिर फिल्डमा जान गाह्रो छ। यहाँ पनि सबै ठाउँ अप्ठ्यारो छ, उबडखाबड छ। यस्तो ठाउँमा पनि अप्ठ्यारो हुँदो रहेछ। चार्जको पनि समस्या छ। अलिअलि चढिरहेको छु। प्रायः थन्किरहेको हुन्छ।'

सबै ठाउँमा चार्जिङ स्टेसन र ग्राउन्डका लागि पिच रोड राम्रो भयो भने बिजुली गाडी उत्कृष्ट भएको अर्यालको भनाइ छ। 'स्मुथ छ, आवाज आउँदैन, सिग्नल पनि राम्रो दिन्छ,' उनले अनुभव सुनाइन्, 'यसलाई फक्सनल बनाउन पूर्वाधार सबै ठाउँमा हुनुपऱ्यो। चार्जिङ स्टेसन ठाउँ-ठाउँमा भयो भने देशभर हिँड्न सहज हुन्छ। भविष्यमा हामी यसैमा निर्भर हुनुपर्ने भएकाले पूर्वाधारमा जोड दिनुपर्छ।' राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिनाले पनि संसदीय गतिविधिमा पुग्न पुरानै गाडी चढिरहेका छन्।

प्रतिनिधिसभा उपसभामुख रानाले बिजुली गाडीको प्रयोग बढाउनुपर्ने आफ्नो धारणा भए पनि अहिले उपलब्ध गराइएको गाडी गुडाउन कठिनाइ रहेको बताइन्।

उच्च प्रविधिको एसयुभी आक्कलझुक्कल चढिरहेका सभामुख घिमिरे खासै अनुभव लिन नपाएको बताउँछन्। 'भर्खरै प्रयोग हुँदै छ, राम्रै छ,' उनले भने। यद्यपि, नियमित रूपमा पुरानै गाडी चढिरहेको उनको भनाइ छ। 'बिजुली गाडी प्रयोग गर्दै गर्दा साथीहरूले त्यति राम्रो रहेनछ, उकालोमा तान्दैन भन्ने प्रतिक्रिया दिएका छन्। यहाँ भित्रभित्रै चलाउनेलाई ठिकै पनि छ। मैले खासै अनुभव गरेको छैन। म नियमित रूपमा पहिलेकै गाडी चढिरहेको छु,' घिमिरेले भने।

बिजुली गाडी चलाउन अहिले संसद् सचिवालयका चार्जिङ स्टेसन छैन। तत्काल दुइटा स्टेसन बनाउनुपर्ने निष्कर्ष सचिवालयको छ। 'एउटा चार्जर स्टेसन बनाउन १५ लाख लाग्छ। कम्तीमा दुइटा स्टेसन बनाउन ३० लाख लाग्ने देखिन्छ। तर, यसका लागि सचिवालयमा बजेट छैन,' प्रवक्ता गिरी भन्छन्। उनका अनुसार सिंहदरबार परिसरभित्रका ऊर्जा, परराष्ट्र, अर्थ मन्त्रालयको चार्जिङ स्टेसनबाट समन्वय गरेर गाडीहरू चार्ज गरिँदै आइएको छ। बिजुली गाडी एकपटक पूर्ण रूपमा चार्ज भयो भने तीन सय किमि गुड्छ। उपत्यकाभित्र मात्र गुड्दा हप्तामा एकपटक चार्ज गर्दा पुग्ने अभ्यासले देखाएको छ। बिजुली गाडीको प्रयोगले पेट्रोलियम पदार्थमाथिको निर्भरता कम गर्ने र वातावरण प्रदूषण नियन्त्रणमा हितकारी भएको तथा खर्च पनि घट्ने भएकाले उपयोगी मानिएको छ।

संक्षेप

जिप दुर्घटनामा दुईजनाको मृत्यु

जुम्ला/ कनकासुन्दरी गाउँपालिका- ४ छाकुनेरामा भएको जिप दुर्घटनामा दुईजनाको मृत्यु भएको छ। आइतबार बिहान जुम्लाबाट मुगु जाँदै गरेको जिप दुर्घटना हुँदा मुगु रारा छायानाथ नगरपालिका-५ का २८ वर्षीय अविराज कार्की र २२ वर्षीय जितेन्द्र रावलको मृत्यु भएको हो। कार्की चालक र रावल सहचालक हुन्। दुवैको शव पोस्टमार्टमका लागि मुगु जिल्ला अस्पताल पठाएको जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी निरीक्षक उमेश चन्दले जानकारी दिए। 'भे १ ज १०९९ नम्बरको जिप सडकदेखि तीन सय मिटर तल खसेर दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ। घटनाका विषयमा अनुसन्धान भइरहेको छ,' उनले भने।

आसनग्रहण नगराएको भन्दै विद्यार्थी नेताहरूले बिथोले कार्यक्रम

ललितपुर/ पाटन क्याम्पसको ७०औं वार्षिकोत्सव कार्यक्रममा आफूहरूलाई ड्यासमा आसनग्रहण नगराएको भन्दै विद्यार्थी नेताहरूले कार्यक्रम नै बिथोलेका छन्। उनीहरूले आफूहरूलाई कार्यक्रमको अतिथि नबनाएको र सम्बोधन नगरेको भन्दै आइतबार आयोजित कार्यक्रममा क्याम्पस प्रमुख डा. लक्ष्मणसिंह कुँवरलाई पानीको बोतल प्रहार गर्दै कार्यक्रम बिथोलेका हुन्।

कार्यक्रममा विद्यार्थी संगठन (अनेरास्ववियु एमाले, अनेरास्ववियु क्रान्तिकारी र नेविसंघ)का विद्यार्थी नेताहरूलाई ड्यासमा निम्त्याइएको थिएन। तर, स्वतन्त्र विद्यार्थी युनियनका सभापति सुशील विष्ट र उपसभापति उपेन्द्र बोहरा उपस्थित थिए। अन्य प्राध्यापक संघका पदाधिकारीहरू पनि ड्यासमै थिए। विद्यार्थी संगठनका नेताहरूलाई सम्बोधन नै नगरिएको भन्दै आक्रोश पोख्दै क्याम्पस प्रमुखमाथि बोतल प्रहार गरेर कार्यक्रम बिथोलेको क्याम्पसका उपप्राध्यापक डा. विष्णु दाहालले बताए। उनका अनुसार क्याम्पसका शिक्षक डा. दीपेन्द्र सिजापतिले सञ्चालन गरेको कार्यक्रममा सहायक क्याम्पस प्रमुख अनन्त दाहालले स्वागत मन्तव्य दिइरहेका थिए।

मर्स्याङ्दीमा बस खस्दा चालक बेपत्ता

लमजुङ/ लमजुङको मर्स्याङ्दी गाउँपालिकामा नदीमा बस खस्दा चालक बेपत्ता भएका छन्। प्रहरीका अनुसार शनिबार मध्यरात्रि चितवनको भरतपुर महानगरपालिका- १३ घर भई हाल मर्स्याङ्दी गाउँपालिका- ७ डाँदी बस्दै आएका ४० वर्षीय खेमबहादुर भुजेल बेपत्ता भएका हुन्।

बैँसीसहरबाट शनिबार यात्रु लिएर गएको ध १ ख ३७२ नम्बरको बस मर्मत गरी डाँदीतर्फ जाने क्रममा शनिबार राति साढे १२ बजेतिर बस नदीमा खसेको हुन सक्ने जिल्ला प्रहरी कार्यालय लमजुङका प्रमुख डिएसपी प्रकाश श्रीमलले बताए। उनका अनुसार बस सडकबाट करिब १५-२० मिटर तल मर्स्याङ्दीमा खसेको थियो।

मर्स्याङ्दी गाउँपालिकाको डाँदीबाट लमजुङ सदरमुकाम बैँसीसहर चल्ने बस आइतबार दिउँसो नदीबाट निकालिएको छ। बस निकालेपछि भित्र कोही नभेटिएको र चालकलाई भने नदीले बगाएको हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको छ। दुर्घटनाबारे अनुसन्धान र चालकको खोजी भइरहेको प्रहरीले जनाएको छ। बस बनाएर करिब १० बजेतिर भुजेल डाँदी घरतर्फ हिँडेको स्थानीयले बताएका छन्। दुर्घटना भएको चार घन्टासम्म पनि चालकको मोबाइलमा फोन गइरहेको परिवारले बताएको स्थानीय सरोज गुरुङले जानकारी दिए।

चट्याङ लागेर ११ वर्षीया बालिकाको मृत्यु

बाजुरा/ बडिमालिका नगरपालिका-६ कार्धमा चट्याङ लागेर एक बालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय तुला रावलकी ११ वर्षीया छोरी परू रावल छिन्। शनिबार राति साढे १२ बजेतिर परेको चट्याङका कारण रावलकै तीन पशुचौपायासमेत मरेको वडा नम्बर ६ का कार्यबाहक अध्यक्ष परे बडुवाललले बताए। तुला रावल परिवार मागथला लेखमा खर्क हालेर बस्दै आएका थिए। उनको घरबाट लेख पुग्न करिब १ घन्टा लाग्छ। चट्याङका कारण बालिकासँगै अन्य दुईजना पनि बेहोस अवस्थामा आफन्तले भेटेको, तर अहिले भने उनीहरूको होस खुलेको बडुवाललले बताए। मृतक बालिका नेरा आधारभूत विद्यालयमा कक्षा २ मा अध्ययनरत थिइन्।

कपाली तमसुक बनाउने मिटरब्याजी साह कारागार चलान

सिराहा/ अनुचित लेनदेन (मिटरब्याज) कसुरमा सिराहाको मिर्चैया नगरपालिका-६ की ३५ वर्षीया सुजाताकुमारी साह पुर्पक्षका लागि कारागार चलान भएकी छिन्।

जिल्ला अदालत सिराहाका न्यायाधीश मनोज केसीको इजलासले साहलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएसँगै उनी कारागार चलान भएकी हुन्। कपाली तमसुक कागजात बनाउन लगाएको सबुत प्रमाणबाट पुष्टि भएकाले हाललाई थुनामा राखेर अनुसन्धान गरी कारबाही गर्नुपर्ने भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ अनुसार पुर्पक्षका लागि कारागार पठाउन आदेश गरिएको प्रेस्तेदार राजकुमार आचार्यले जानकारी दिए।

'प्रतिवादीले दिएको रकमभन्दा तीन गुणा बढीको कपाली तमसुक बनाई गाउँघरमा विभिन्न मानिसलाई मौखिक रूपमा वार्षिक ३६ प्रतिशत ब्याजदरमा र कपाली तमसुकमा वार्षिक १० प्रतिशत ब्याजदरमा ऋण लगानी गर्ने गर्छिन् भन्ने उल्लेख गरी गरिदिएको कागज, यी प्रतिवादीले जाहेरवालीकी आमासँग राजीनामा पारित गराई जग्गा लिएको, निज प्रतिवादीलाई हुनुपर्ने सजायसमेतका आधार प्रमाणबाट यी प्रतिवादी हालैको अवस्थामा निर्दोष रहेका छन् भन्न सकिने अवस्था नरहेको, पछि ठहरेबमोजिम हुने हुँदा हाललाई निज प्रतिवादी सुजाताकुमारी साहलाई मुद्दा पुर्पक्षका निमित्त मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ बमोजिमको मुद्दा पुर्पक्षको निमित्त थुनामा राख्नू,' आदेशमा भनिएको छ।

ऋण दिएको रकमको तीन गुणा बढीको कपाली तमसुक बनाएर चर्को ब्याजसमेत असुल गरेको भन्दै मिर्चैया नगरपालिका-६ की ममतादेवी रायको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय सिराहाले अनुचित लेनदेनसम्बन्धी मुद्दा दायर गरेको थियो। साहविरुद्ध प्रहरी र जिल्ला प्रशासन कार्यालय सिराहामा विभिन्न व्यक्तिले नौवटा जाहेरी दर्ता गराएका छन्।

सोही जाहेरीका आधारमा प्रहरीले अनुसन्धानको क्रममा साहलाई पक्राउ गरी मुद्दा अगाडि बढाएको थियो। मिर्चैया क्षेत्रमा उनी लामो समयदेखि चर्को मिटरब्याज धन्दा चलाउँदै आएकी जाहेरी दर्ता गराएकी रायले बताएकी छिन्।

नगद र गरगहना लुटेर हत्या गरेको आरोपमा दुईजना पक्राउ

दार्चुला/ दार्चुलामा हत्या आरोपमा दुईजना पक्राउ परेका छन्। मालिकार्जुन गाउँपालिका-७ का ८३ वर्षीया भागरथी चन्दको हत्या आरोपमा मालिकार्जुनका २१ वर्षीय दीपक चन्द र दुहुँ गाउँपालिका ३ का १८ वर्षीय आशिष बमलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ।

घरमा एक्लै रहेकी चन्दको ८ भदौमा हँसिया, कैंची, र चक्कुले प्रहार गरी हत्या आफूहरूले गरेको भनेर चन्द र बमले स्वीकार गरेको जिल्ला प्रहरी प्रमुख डिएसपी तर्कराज पाण्डेले बताए। हत्या गरेर फरार रहेका दुवैजनालाई कञ्चनपुरको भीमदत्त नगरपालिका-४ बसपार्कनजिकबाट पक्राउ गरेको हो।

हत्या गरी घरभन्दा तीन सय मिटर टाढा फालेर ढाकेको अवस्थामा उनको शव ११ भदौमा फेला परेको थियो। बृद्धको घरबाट सयका दरका पाँचवटा अमरेकी डलर नोट, एक हजारको एउटा कोरियन नोट र ४० हजार नेपाली रुपैयाँ लुटेको पाइएको छ। यस्तै, सुनको गहना ९० हजार रुपैयाँको बिक्री गरेर लगेको पाइएको डिएसपी पाण्डेले बताए। पक्राउ परेका दुवैविरुद्ध ज्यानसम्बन्धी कसुर तथा मुद्दा दर्ता गरेर अनुसन्धान थालिएको उनको भनाइ छ।

श्रमिकलाई राज्यले तोकेको सुविधा दिन चिया उत्पादक सहमत

झापामा **चिरञ्जीवी घिमिरे**

चिया उत्पादकले श्रमिकलाई राज्यले तोकेको सेवा सुविधा दिने सहमति गरेका छन्। नेपाल चिया उत्पादक संघ र चिया श्रमिकका नेताबीच आइतबार भएको सहमतिअनुसार राज्यले तोकेको सुविधा अर्थात् दैनिक ज्याला पाँच सय रुपैयाँ उपलब्ध गराउने सहमति भएको हो।

बगान सञ्चालकहरूले १ साउनदेखि नै बढेको ज्याला कात्तिक मसान्तभित्र दिइसक्ने सहमति भएको चिया श्रमिक नेतृ सीता सापकोटाले जानकारी दिइन्। यस्तै, बगानका स्थायी श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षामा सूचीकृत गर्ने सहमति भएको उनले बताइन्। यसअघि मजदुरले दैनिक ४३५ रुपैयाँ मात्र पाउँदै आएकामा ३२ साउनमा सरकारले राजपत्रमा प्रकाशित गर्दै मजदुरको ज्याला बढाएको थियो।

सहमतिसँगै श्रमिकले सोमबारबाट बगान ठप्प बनाएर गर्ने भनिएको आन्दोलन स्थगित गर्ने सहमति भएको सापकोटाको भनाइ छ। मजदुरहरूले सेवा सुविधा माग गर्दै ३१ असारदेखि आन्दोलन गर्दै आएका थिए। देशभर २७ हजार पाँच सय हेक्टर क्षेत्रफलमा चिया खेती हुने चिया तथा कफी विकास बोर्डले जनाएको छ। त्यसमध्ये झापामा १० हजार पाँच सय क्षेत्रफलमा चिया खेती हुने गरेको छ। देशभर बर्सेनि करिब दुई करोड ८० लाख केजीभन्दा बढी तयारी चिया उत्पादन हुने बोर्डले जनाएको छ।



नेपाल चिया उत्पादक र श्रमिक नेताबीच आइतबार भएको वार्ता। तस्बिर : नयाँ पत्रिका

त्यसमध्ये झापामा मात्र एक करोड ८२ लाख केजी तयारी चिया उत्पादन हुने गरेको छ। उत्पादितमध्ये करिब ५० प्रतिशत चिया आन्तरिक बजारमा खपत हुने गरेको बोर्डले जनाएको छ। मेची भन्सार कार्यालयका अनुसार आर्थिक वर्ष ०७९/८० मा मात्र तीन अर्ब ४२ करोड ६९ लाखको चिया भारत निर्यात भएको छ। यति नै मूल्यको चिया नेपालमा समेत खपत हुन्छ।

चिया क्षेत्रमा करिब ७० हजारले प्रत्यक्ष रोजगारी पाएका छन्। ८० प्रतिशत महिला श्रमिक छन्। चिया उत्पादनका लागि ३० वटा अर्थोडक्स र ३८ वटा सिटिसी गरी ६८ वटा ठूला चिया उद्योग छन्। एक सय ५० भन्दा बढी साना अर्थोडक्स प्रशोधन उद्योग सञ्चालनमा छन्। देशभर एक सय ६० भन्दा बढी चिया बगान रहेको बोर्डले जनाएको छ। १५ हजारभन्दा बढी साना किसानले चिया खेती गर्ने बोर्डले जनाएको छ।

एमाले लुम्बिनीको अधिवेशनमा पौडेल र पोखरेलको शक्ति परीक्षण

अध्यक्षका लागि राधाकृष्ण कँडेल र हरि रिजालको उम्मेदवारी दर्ता

विष्णु घिमिरे/नयाँ पत्रिका

पहिलो प्रदेश अधिवेशनमा सहमति प्रयास असफलपछि एमालेको लुम्बिनी प्रदेश अधिवेशनमा नेतृत्वका लागि निर्वाचन हुने निश्चित भएको छ। अध्यक्षका लागि राधाकृष्ण कँडेल र हरि रिजालले आइतबार नै उम्मेदवारी दर्ता गराइसकेका छन्। हाल प्रदेश अध्यक्ष कँडेल उपाध्यक्ष विष्णु पौडेल र केन्द्रीय सदस्य रिजाल महासचिव शंकर पोखरेलनिकट मानिन्छन्।

एमाले अध्यक्ष केपी ओलीले लुम्बिनी प्रदेशको नेतृत्व सहमतिबाट चयन गर्न विशेष जोड गर्दै निर्देशन दिए पनि दुई पक्षको अघोषित प्यानलबीच चुनावी प्रतिस्पर्धा हुँदै छ। त्यसैले लुम्बिनी प्रदेश अधिवेशनमा एमालेका दुई शीर्ष नेता पौडेल र पोखरेलको शक्ति परीक्षण हुँदै छ। लुम्बिनी दुवै नेताको गृहप्रदेश हो।

हुन त एमालेको केन्द्रीय सचिवालयले प्यानल प्रतिस्पर्धामा रोक लगाएको छ। तर, प्रतिस्पर्धामा रहेका कँडेल र रिजाल समूहले आन्तरिक रूपमा पदाधिकारीसहित टिम निर्माणको गृहकार्य गरिरहेका छन्। तर, कँडेल र रिजालले आफूहरू कुनै गुटबन्दीमा नरहेको दाबी गर्दै आएका छन्। सोमबार उम्मेदवारी टुंगिएपछि दुवै पक्षका नेताहरू खुल्नेछन्।

कार्यवाहक महासचिव प्रदीप ज्ञवाली र सचिव तथा प्रदेश इन्चार्ज पद्मा अर्याल अध्यक्षका प्रत्याशी कँडेल र रिजालबीच सहमति जुटाउने प्रयासमा छन्। आइतबार रातिसम्म प्रयास गर्ने र उम्मेदवार तयार नभए प्रतिस्पर्धाबाटै नेतृत्व चयन हुने पोलिटब्युरो सदस्य खिमलाल भट्टराईले बताए। 'अध्यक्षका दुवै उम्मेदवारलाई कार्यवाहक महासचिव र इन्चार्जले रातिसम्म सँगै राखेर सहमति गर्नुस् भनेर अन्तिम कोसिस




राधाकृष्ण कँडेल


हरिप्रसाद रिजाल

गर्नुहुन्छ। तर, उहाँहरू एकले अर्कोलाई छाडेर सहमति गर्न मान्नुभएन भने सोमबार चुनावी प्रक्रिया अगाडि बढ्छ,' उनले भने।

आइतबार नै एक उपाध्यक्षका लागि चारजनाको उम्मेदवारी परेको छ, जसमा दुईजना रुपन्देहीका छन्। त्यस्तै, सचिवमा दुई र उपसचिवमा भने पाँचजनाको उम्मेदवारी दर्ता भएको छ। उपसचिवमा बाँकेका तीनजनाको उम्मेदवारी छ।

उम्मेदवारी दर्ताको समय सोमबार बिहानसम्म छ। आइतबार स्थगित गरिएको निर्वाचनसम्बन्धी कार्यक्रम सोमबार बिहान ७ बजेबाट सुरु हुने एमाले लुम्बिनीका प्रचार विभाग प्रमुख डिआर घिमिरेले बताए। उनका अनुसार बिहान ७ बजेबाट १० बजेसम्म उम्मेदवारी दर्ताको समय छ। त्यसैले उम्मेदवारहरूको संख्या अझ बढ्न सक्ने देखिएको छ।

लुम्बिनीमा यसअघि पाँच सय ७६ सदस्यीय प्रदेश संगठन कमिटी रहेकोमा अधिवेशनले दुई सय पाँच सदस्यीय कमिटी बनाउनेछ। दुई सय पाँच सदस्यीय प्रदेश कमिटी चयनका लागि जिल्ला-जिल्लाबाट चयन हुने सदस्यमा केही जिल्लामा सहमति जुटेको र केहीमा सहमतिको प्रयास जारी रहेको प्रचार विभाग प्रमुख घिमिरेले बताए। अधिवेशनमा १२ वटै जिल्लाका ८२ हजार आठ सय ९५ पार्टी सदस्यबाट छानिएका प्रतिनिधि तथा विभिन्न २३ वटा जनसंगठनबाट छानिएका एक हजार चार प्रतिनिधि सहभागी छन्।

सबैभन्दा धेरै प्रतिनिधि रूपन्देहीबाट

रूपन्देही- १६४, कपिलवस्तु- ७२, दाङ- १३१, बाँके- ५४, बर्दिया- ७४, रुकुम पूर्व- १२, रोल्पा- २७, प्युठान- ५७, अर्घाखाँची- ८२, गुल्मी- १११, पाल्पा- ८३ र पश्चिम नवलपरासीबाट ५२ जना प्रतिनिधि रहेका छन। त्यस्तै, जनसंगठनबाट ८३ गरी जम्मा एक हजार चारजना रहेका छन्।

यस्तो छ एमाले लुम्बिनी प्रदेश कमिटीको विगत

- १४ कात्तिक ०७३ (साबिक प्रदेश ५) मा विष्णुप्रसाद पौडेलको संयोजकत्वमा ८३ सदस्यीय प्रदेश संगठन कमिटीको गठन।
- ३ जेठ ०७५ मा एमाले र माओवादीबीच एकता भई नेकपा गठनपछि साबिकका दुवै पार्टी कमिटी एक बनाउन गठित कार्यदलको निर्णय सिफारिस र केन्द्रको निर्णयपछि ओनसरी घर्तीको नेतृत्वमा दुई सय ६ सदस्य प्रदेश संगठन कमिटी गठन।
- २३ फागुन ०७७ मा सर्वोच्च अदालतले ०७५ जेठ २ कै अवस्थामा अर्थात् साबिकको आ-आफ्ना पार्टी स्थापित हुने गरी भएको फैसलापश्चात् एमाले लुम्बिनी प्रदेश संगठन कमिटी लीला गिरीको नेतृत्वमा पुनर्गठन।
- १०-१२ मंसिर ०७८ चितवनमा सम्पन्न १०औँ राष्ट्रिय महाधिवेशनपछि केन्द्रीय कमिटीको पहिलो बैठकबाट एमाले लुम्बिनी प्रदेश संगठन कमिटीको अध्यक्षमा राधाकृष्ण कँडेल, उपाध्यक्ष, सचिव र उपसचिवहरूमा क्रमशः भोजप्रसाद श्रेष्ठ, लक्ष्मण आचार्य, लीला राना र दुर्गाप्रसाद थारू रहेको पाँच सय ७६ सदस्यीय कमिटी गठन।

अन्तर्घातका उजुरीको छानबिन नीति अधिवेशनकेन्द्रित

केन्द्रीय अनुशासन समितिमा जिम्मेवारी सरेर आएका र नयाँ गरी करिब २३ सय उजुरी

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसले सुरुमा नीति अधिवेशनलाई केन्द्रमा राखेर अन्तर्घातका उजुरी छानबिन थालेको छ। सोहीअनुसार महासमिति सदस्य चयन हुन नसकेका जिल्लाकेन्द्रित उजुरी छानबिन सुरु गरेको हो।

केन्द्रीय अनुशासन समितिका सचिव प्रेम केसीका अनुसार १९ जिल्लाका २५ स्थानमा महासमिति सदस्य चयन हुन बाँकी छ। केन्द्रीय निर्वाचन समितिसँग सहकार्य गरी ती जिल्लाका उजुरी छानबिन भइरहेको उनले बताए। उनका अनुसार जिम्मेवारी सरेर आएका र नयाँ गरी समितिमा करिब २३ सय उजुरी छन्।

'नीति अधिवेशनमा सहभागी हुने महासमिति सदस्य निर्वाचनका लागि हामीले निर्णय दिनुपर्ने हुन्छ। त्यसैले सुरुमा निर्वाचन समितिसँगको सहकार्यमा महासमिति सदस्य निर्वाचन हुन नसकेका १९ जिल्ला प्राथमिकतामा राखेर छानबिन गरिरहेका छौं,' उनले भने। कांग्रेसले मंसिर १३ देखि १५ सम्म काठमाडौंमा महासमिति बैठक तय गरिसकेको छ। सोही बैठकबाटै नीति अधिवेशन गर्ने यसअघि नै कांग्रेसले निर्णय लिइसकेको छ। कांग्रेस विधानमा महाधिवेशनसँगै महासमिति सदस्यको निर्वाचन सम्पन्न गर्नुपर्ने व्यवस्था छ।

छानबिनमा कारबाहीको निर्णय गरेका पार्टी सदस्य महासमिति सदस्य बन्न पाउँदैनन्। छानबिनपछि अनुशासनको विषय टुंग्याएर महासमिति सदस्य निर्वाचन गर्ने बाटो खुला गर्ने कांग्रेसको योजना छ। कांग्रेसको १४औँ महाधिवेशनले सभापति शेरबहादुर देउवासहितको केन्द्रीय नेतृत्व चयन गरे पनि नीति भने थाती राखिएको थियो। पार्टीको सोही नीति तय गर्न अधिवेशन गर्न लागिएकाले यसलाई कांग्रेसभित्र महत्वपूर्ण मानिएको छ।

निर्वाचन समिति सदस्य अधिवक्ता जगन्नाथ श्रेष्ठले भदौ मसान्तभित्र महासमिति सदस्यको निर्वाचन सम्पन्न गराउने गरी समितिले तयारी गरिरहेको बताए। '७७ जिल्ला कार्यसमितिलाई महासमिति सदस्यको निर्वाचन हुन नसकेका र विभिन्न कारणले रिक्त रहेका स्थानबारे जानकारी गराउन साथै भदौ मसान्तभित्र महासमिति सदस्यको निर्वाचन सक्न परिपत्र गर्दै छौं। अनुशासन समितिले गरेको निर्णयका आधारमा हामीले निर्वाचन गर्नुपर्ने हुन्छ,' उनको भनाइ छ।

अनुशासन समितिले कार्यविधि नै बनाएर वर्षौंदेखि थन्किएका उजुरीमाथि 'फास्टट्र्याक' कारबाहीको नीति लिएको छ। अनुशासन समितिले कार्यविधि ११ भदौमा



● **जगन्नाथ श्रेष्ठ**, अधिवक्ता

७७ जिल्ला कार्यसमितिलाई महासमिति सदस्यको निर्वाचन हुन नसकेका र विभिन्न कारणले रिक्त रहेका स्थानबारे जानकारी गराउन साथै भदौ मसान्तभित्र महासमिति सदस्यको निर्वाचन सक्न परिपत्र गर्दै छौं। अनुशासन समितिले गरेको निर्णयका आधारमा हामीले निर्वाचन गर्नुपर्ने हुन्छ।

बनाएको थियो। कार्यविधिमा व्यक्तिगत रूपमा परेका उजुरी र पार्टीका निकायबाट कारबाही सिफारिस भएका उजुरी छानबिनको प्रक्रिया, निर्णयको मापदण्ड र पुनरावेदनको प्रक्रिया समान रहने व्यवस्था छ। समितिले १२ भदौबाट उजुरी खोलेको थियो। २९ साउन ०७९ मा आनन्द ढुंगानालाई अनुशासन समिति संयोजक बनाइएको थियो। तर, गत ५ भदौमा मात्र समिति सदस्यमा ईश्वरी न्यौपाने, ध्रुव वाग्ले, सञ्जयकुमार गौतम र राजीव कोइरालालाई मनोनयन गरिएको थियो। समितिले पूर्णता पाएसँगै छानबिन अगाडि बढेको कांग्रेसले जनाएको छ।

विधानमा महासमिति सदस्य चयनको व्यवस्था

कांग्रेस विधानमा केन्द्रीय सभापति र महामन्त्री केन्द्रीय महासमितिको सभापति र महामन्त्री रहने व्यवस्था छ। केन्द्रीय सभापति, उप-सभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्य पदेन सदस्य रहन्छन्। प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट दुई महिलासहित सातजना प्रत्यक्ष र महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेसी, थारू, मुस्लिम समुदायबाट चारजना प्रतिनिधिसभा क्षेत्रको जनसंख्याको बनोटअनुसार, समानुपातिक आधारमा निर्वाचित गर्नुपर्ने हुन्छ।

निवर्तमान केन्द्रीय सभापति, उप-सभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्य एक अवधिका लागि स्वतः महासमिति सदस्य रहने व्यवस्था छ। साथै, केन्द्रीय महाधिवेशनमा प्रतिनिधित्व गरेका भ्रातृ संघ एवं शुभेच्छुक संस्थाको केन्द्रीय अधिवेशनले निर्वाचित गरेका केन्द्रीय अध्यक्षसहित तीन/तीनजना महासमिति सदस्य रहने व्यवस्था गरेको छ।

विदेशस्थित जनसम्पर्क समितिले निर्वाचित महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचन गरी पठाएका अध्यक्षसहितका महासमिति सदस्य रहनेछन्।

दुई महिनापछि बागमती प्रदेश सभाको बैठक बस्दै

मकवानपुर/ बागमती प्रदेश सभाको बैठक दुई महिनापछि सोमबारबाट बस्दै। प्रदेश सरकारको चालू आर्थिक वर्ष ०८०/८१ को बजेट पारित भएसँगै २१ असारमा स्थगित गरिएको प्रदेश सभा सोमबार दिउँसो साढे १ बजे बस्न लागेको हो।

प्रदेश सभा बैठकअघि बिहान ११ बजे कार्यव्यवस्था परामर्श समितिको बैठक बसेर कार्यसूची तय गरिने प्रदेश सभा सचिवालयका सूचना अधिकारी सुन्दर बाँस्कोटाले बताए। सोमबारको बैठकमा संसदीय समितिका सभापति चयनको विषयले पनि प्रवेश पाउने सम्भावना छ।

बागमती सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले यसअघि प्रदेश सभा सचिवालयमा तीनवटा विधेयक दर्ता भइसकेको र अब सदन सुचारु भएपछि थप दुईवटा विधेयक दर्ता गर्ने तयारी भइरहेको जानकारी दिए।

बागमतीले प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेस गर्ने तयारी गरेको हो।

यसअघि विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक दर्ता भइसकेको छ।

समाजवादीले बोलायो बैठक

काठमाडौं/ सत्तारुढ एकीकृत समाजवादीले सचिवालयको बैठक बोलाएको छ। नेताहरूको कार्यविभाजन, संगठनात्मक अभियानलगायतका विषयमा छलफल गर्न सोमबार दिउँसो १ बजे पार्टी कार्यालय आलोकनगरमा बैठक बोलाइएको छ। गत केन्द्रीय कमिटीको छैठौं बैठकले कार्यविभाजनको जिम्मा सचिवालयलाई दिएको थियो। संघीय निर्वाचन क्षेत्रलाई आधार बनाएर केन्द्रीय कमिटी सदस्यको जिम्मेवारी तोक्ने तयारी एकीकृत समाजवादीको छ। केन्द्रीय सदस्यको कार्यक्षेत्र हेरफेरको निर्णयसमेत सचिवालयले गर्नेछ। केन्द्रीय सदस्य मनोनयनको कार्यसूचीसमेत रहेको छ। बैठकले आगामी असोजमा एक महिनासम्म सञ्चालन गर्ने राष्ट्रिय अभियानको योजना बनाउने भएको छ। महाधिवेशनको तयारीको विषयमा पनि बैठकमा छलफल हुने एकीकृत समाजवादीले जनाएको छ।

राप्तीमा निःशुल्क एम्बुलेन्स सेवा

दाङ/ दाङको राप्ती गाउँपालिकाले ज्येष्ठ नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा सुरु गरेको छ। गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टका अनुसार पालिकाको आर्थिक वर्ष ०८०/८१ को वार्षिक नीति तथा कार्यक्रमअनुसार ८० वर्षदेखि माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क एम्बुलेसन्स सेवा प्रदान गरिएको हो। 'ज्येष्ठ नागरिकलाई आवतजावतमा समस्या हुने गरेको छ, त्यसैले हामीले निःशुल्क एम्बुलेन्स सेवा सुरु गरेका हौं,' उनले भने। ज्येष्ठ नागरिकसँगै क र ख वर्गका अपांगता भएका व्यक्ति, प्रसूति सेवाका लागि गर्भवती तथा सुत्केरी महिला, सवारी दुर्घटनाका घाइते, सडक सहयोगापेक्षी मानवलाई पनि निःशुल्क उद्धार गर्न थालिएको हो।

■ बिपी प्रतिष्ठानको शिक्षा शाखामा तालाबन्दी

पठनपाठन र परीक्षा रोकियो

धरानमा **केदार बस्नेत**

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आन्दोलनरत शिक्षकहरूले परीक्षा शाखामा तालाबन्दी गरेका छन्। तालाबन्दीका कारण प्रतिष्ठानको पठनपाठन र नियमित परीक्षा रोकिएको छ। बिएससी एमएलटी तथा एमबिबिएसको सम्पूर्ण परीक्षा स्थगित भएको छ।

प्रतिष्ठानका डिन प्रा.डा. शिवेन्द्र झाले आइतबार सूचना जारी गर्दै 'परिस्थिति सहज भएपछि' परीक्षा सञ्चालन हुने जानकारी गराएका छन्। सात महिनाअघिदेखि सुरु भएको बहुवा प्रक्रिया रोकिएपछि प्रतिष्ठानका शिक्षकहरू एक सातादेखि आन्दोलित छन्। प्रतिष्ठानका तत्कालीन उपकुलपति डा. ज्ञानेन्द्र गिरीले बहुवा प्रक्रिया सुरु गरेका थिए। उनी निलम्बनमा परेपछि निमित्त उपकुलपतिको जिम्मेवारी पाएका प्रतिष्ठानका रेक्टर प्रा.डा. सञ्जीवकुमार शर्माले समेत बहुवा प्रक्रिया अघि बढाएका थिए। तर, कायममुकायम उपकुलपतिमा प्रा.डा. प्रल्हाद कार्की नियुक्त भएपछि उनले बहुवा प्रक्रिया रोकेका हुन्।

कार्कीले आन्तरिक बहुवाका लागि लोकसेवा आयोगसँग राय माग गरेपछि आयोगले शिक्षक सेवाका सर्त र सुविधासम्बन्धी नियमावली २०७९ को प्रस्तावित मस्यौदा स्वीकृत गरी आयोगबाट मात्र पदपूर्ति प्रक्रिया अगाडि बढाउन प्रतिष्ठानलाई



निर्देशन दिएको छ। शिक्षक कल्याण समाजका अध्यक्ष डा. सेराज अहमद खानले आन्तरिक रूपमा प्रतिष्ठान आफैंले आन्तरिक बहुवाका सबै काम गर्न सक्ने भए पनि बहुवा प्रक्रिया रोक्नकै लागि आयोगलाई सोधिएको बताए। केही प्राध्यापकले परीक्षा सञ्चालन गर्न लागेको सूचना पाएपछि आन्दोलनरत भिडले तालाबन्दी गरिदिएको प्रतिष्ठानस्थित शिक्षक कल्याण समाजका अध्यक्ष डा. खानले जानकारी दिए। 'तालाबन्दी गर्ने हाम्रो पूर्वनिर्धारित कार्यक्रम थिएन, आन्दोलनरत भिडले एग्रेसिभ भएर तालाबन्दी गरिदिएको छ,' उनले भने।

प्रतिष्ठानका उपकुलपतिसँग शनिबार बसेको शिक्षक-कर्मचारीको छलफल विनानिष्कर्ष टुंगिएको थियो। उपकुलपति कार्कीले 'मन्त्रीसँग छलफल गर्ने' बताएपछि आन्दोलनरत शिक्षकहरू अझ रुष्ट बनेका छन्। शिक्षक चिकित्सकले शिक्षण, परीक्षा र अतिरिक्त जिम्मेवारीका सबै कार्यक्रम बहिष्कार गर्दै धर्नालगायतका आन्दोलन गर्दै आएका छन्। समाजको आन्दोलनले विद्यार्थीहरूको परीक्षा तथा पठनपाठन रोकिएपछि प्रतिष्ठानका रजिस्ट्रार प्रा.डा. सूर्यप्रसाद संग्रौलाले 'आन्दोलनप्रति प्रतिष्ठान गम्भीर रहेको' भन्दै चाँडो निकास दिन आफूहरू लागेको बताए। प्रतिष्ठानमा बहुवा प्रक्रियामा १८ वर्षदेखि रोकिएका शिक्षक-कर्मचारी छन्। बहुवा रोकिएका शिक्षक चिकित्सक प्रतिष्ठान छाड्नेहरूको तथ्यांकसमेत धेरै छ। अनुभवी शिक्षक, चिकित्सकले प्रतिष्ठान छाड्न थालेपछि प्रतिष्ठानको विश्वसनीयता र आर्थिक अवस्था धराशायी हुँदै गएको जानकारहरू बताउँछन्।

दुग्ध विकास संस्थान
(नेपाल सरकारको पुर्ण स्वामित्व भएको)
धनगढी दुग्ध वितरण आयोजना, अत्तरिया

डिष्ट्रीव्युटर सेवा खरीदको बोलपत्र आह्वानको सूचना

बोलपत्र सूचना नं.: डिडिसि/धदुविआ/ढुवानी सेवा/एनसिबि/२०८०/०८१-०१
प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/१८

१. दुग्ध विकास संस्थान मातहतको यस धनगढी दुग्ध वितरण आयोजना, अत्तरियाबाट उत्पादित प्रशोधित दुध धनगढी, लम्की टिकापुर र महेन्द्रनगर क्षेत्रका विभिन्न बुथहरु, फ्रेन्चाईज पसलहरु तथा अन्य बिक्रेताहरुलाई दैनिक रुपमा बजार डिष्ट्रीव्युसन गरि सम्पुर्ण बिक्री रकम उठाई ल्याई दैनिक रुपमा तोकिएको बैंकमा दाखिला गर्ने, बिक्री पश्चात बजारबाट सम्पुर्ण क्रेट फिर्ता ल्याउने कार्य गर्न कामदार र गाडि सहित दुई बर्ष अवधिका लागि तीन वटा डिष्ट्रीव्युटर मार्फत ढुवानी गरी डिष्ट्रीव्युसन गर्न डिष्ट्रीव्युटर सेवा खरीद गर्नु परेकोले यो बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ।
२. बोलपत्रदाताले कुनै एक रुट वा एक भन्दा बढी रुटका लागि पनि बिड गर्न सक्ने छन। बोलपत्र फाराम दस्तुर वापत रु. ३,०००।०० (पछि फिर्ता नहुने गरी) ग्लोवल आइएमई बैंक लिमिटेड, अत्तरियामा रहेको यस आयोजनाको खाता च.हि.नं. ३२००१०१०००००९१ मा जम्मा गरेको सक्कल बैंक भौचर निवेदन साथ संलग्न राखी यस आयोजनाबाट मिति २०८०।०६।१७ गते सम्ममा (कार्यालय समय भित्र) बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
३. बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनुपर्नेछ। बोलपत्र जमानत वापत देहायका रुटको लागि देहाय बमोजिमको रकम उक्त दफा २ मा उल्लेखित बैंक खातामा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन मान्य अवधि भएको इजाजत प्राप्त बाणिज्य बैंक वा वित्तीय संस्थाबाट जारी भएको विडवण्ड (बैंक जमानत) पेश गर्नुपर्नेछ।
धनगढी क्षेत्रको लागि रु.१,११,२९५।००
लम्की टिकापुर क्षेत्रको लागि रु.१,२६,३२५।००
महेन्द्रनगर क्षेत्रको लागि रु. १,०५,१००।००
४. बोलपत्रदाताले यो सूचना प्रकाशित मितिले ३१ औं दिन अर्थात् मिति २०८०।०६।१८ गतेको दिन १२:०० बजेभित्रमा धनगढी दूग्ध वितरण आयोजनाको कार्यालय अत्तरियामा सिलबन्दी बोलपत्र दर्ता गराउनु पर्नेछ। तोकेको समयपछि प्राप्त बोलपत्र स्वीकार गरिने छैन।
५. तोकिएको म्याद भित्रमा दाखिला भएका सिलबन्दी बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिहरुको रोहवरमा धनगढी दुग्ध वितरण आयोजना, अत्तरियामा मिति २०८०।०६।१८ गते दिनको १:०० बजे खोलिनेछ। बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो बिदा पछि कार्यालय खुलेको पहिलो दिन सोही समयमा उक्त कार्य हुनेछ।
७. यस सूचना तथा बोलपत्र उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।
८. बोलपत्र स्वीकृत गर्ने वा रद्द गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस संस्थानमा निहित रहनेछ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७०५

गैर बैंकिङ्ग सम्पति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा ओप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) भित्र ओप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

तपसिल

१. यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा वडा नं. ०२ स्थित किता नं. १५५, ८७ र ८८ को क्षेत्रफल क्रमशः १६००, २६७३.७५ र ३१६५.७५ (व.मि) को जग्गा, सो मा बनेको ठहराहरु र सो मा रहेका सम्पूर्ण चल अचल सम्पतिहरु तथा सो ले चर्चेको लिज लगापात समेत।	

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको मोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।
७. सो जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिज लगापात बोलपत्रदाता स्वयंमले निरिक्षण गरी यकिन गरी बोलपत्र पेश गर्नुहुन। अन्यथा भएमा बोलपत्रदाता स्वयंम जिम्मेवार हुनेछ।

आनन्दराज खनालको 'तिमीले रोजेको मान्छे'

आनन्दराज खनालको शब्द रहेको नयाँ गीत 'तिमीले रोजेको मान्छे' सार्वजनिक भएको छ। सविन सुवेदी र अनु चौधरीको आवाज रहेको गीतमा दीपक शर्माको संगीत छ भने सुशान्त गजुरेलले संगीत संयोजन गरेका हुन्। केशवराज भट्टले निर्देशन गरेको गीतको भिडियो तार्जेन लिम्बूले खिचेका हुन्।





'जवान'को अग्रिम टिकट बुकिङ खुला

अभिनेता शाहरूख खान अभिनीत फिल्म 'जवान'को अग्रिम टिकट बुकिङ खुला गरिएको छ। भारतीय सञ्चारमाध्यमका अनुसार आइतबार फिल्मको दुई लाख ३३ हजार टिकट बुकिङ भइसकेको छ। त्यस्तै, विश्वव्यापी रूपमा चार लाख २५ हजार टिकट बुकिङ भइसकेको छ। फिल्म हिन्दी, तमिल, तेलुगू भाषामा ७ सेप्टेम्बरदेखि प्रदर्शन हुनेछ।

बच्चालाई किन हुन्छ अनिद्रा ?



डा. जगतजीवन घिमिरे
बाल छाती तथा एलर्जी रोग विशेषज्ञ
कान्ति बाल अस्पताल

बच्चाको बढ्दो उमेरमा पर्याप्त निद्रा पुग्नुपर्छ। उमेरअनुसार बच्चाहरू सुत्ने समय पनि फरक हुन्छ। भर्खर जन्मिएका बच्चा धेरै समय सुत्ने गर्छन्। उनीहरू २४ घन्टामा २० घन्टै सुत्ने गर्छन्। बिस्तारै उमेर बढ्दै गएपछि सुत्ने समय पनि घट्दै जान्छ। पाँच वर्षको उमेरमा आइपुग्दा बच्चाहरू १० घन्टा सुत्छन्। बालबालिका कम्तीमा आठ घन्टाचाहिँ सुत्नैपर्छ। तर, कतिपय बच्चा पर्याप्त सुत्न सक्दैनन्। दिउँसोको समय धेरै सुत्ने पनि हुन्छन्। रातको समयमा निदाउन सक्दैनन्। अर्को, रातको समय पटक-पटक उठ्ने पनि गर्छन्। सुत्ने-उठ्ने समय एउटै हुनुपर्छ। यो राम्रो संकेत होइन।

बच्चामा निद्राका विभिन्न चरण हुन्छन्। हामी सुत्दा दिमागका विभिन्न कुराको प्रोसेसिङ भइरहेको हुन्छ। त्यो प्रोसेसिङले बालबालिकामा स्मरणशक्ति बढाउने काम गर्छ। इन्टेलिजेन्स बढाउने पनि आफ्नो ठाउँमा छ। सुतेको वेला बालबालिकालाई 'स्ट्रेस' कम हुन्छ। विभिन्न कारणले बच्चालाई अनिद्रा हुन्छ। राति सुत्दा घुर्ने समस्या देखियो भने पनि राम्रो संकेत होइन। बच्चालाई निद्रा परेन भनेर बुझ्नुपर्छ। बच्चामा यस्ता समस्या देखियो भने चिकित्सकसँग सल्लाह लिन जरुरी हुन्छ।

अनिद्राका लक्षण

- सुत्ने वेला झगडा गर्ने, झिजो मान्ने, निद्रा पर्न गाह्रो हुने।
- कतिपय बच्चा बेडमा जान नमान्ने, टिभी हेरेर मात्रै बस्ने।
- राति सुत्दा मुखले सास फेर्ने, घुर्ने, घोप्टो परेर सुत्ने।
- दैनिक सुत्ने समय तालिका परिवर्तन भइरहनु। कहिले आठ घन्टा सुत्ने, कहिले चार घन्टा सुत्ने, कहिले ९ बजे सुत्ने, कहिले ११ बजे सुत्ने, समय पनि नमिल्ने हुन्छ।

अनिद्राले निम्त्याउन सक्छ

- कतिपय बालबालिका राम्ररी निदाउन नसक्ने हुन्छ। पर्याप्त निद्रा नपुग्दा बच्चामा स्वास्थ्य समस्या आउन सक्छ।
- निद्रा नपुग्दा बच्चामा झिजोपन आउने,
- झगडा गर्ने,
- खाना नखाने,
- स्कुल जान नमान्ने,
- पढ्न नसक्ने,
- स्मरणशक्ति कमजोर हुन्छ।
- साना बालबालिकाको हकमा पिसाब पटक-पटक आइरहने अदि समस्या देखिन्छ।

बच्चालाई राम्ररी सुताउन के गर्ने ?

- बुबाआमाले बच्चालाई पर्याप्त सुत्ने वातावरण निर्माण गर्नुपर्छ। बच्चाको दिनभर खेल्ने कोठा र सुत्ने कोठा एउटै हुनुहुँदैन। बेडरुममा निद्रा लागेपछि मात्रै लैजाने। कतिपय बच्चा आफैँ पनि बेडरुममा जाने गर्छन्।
- निश्चित समय तालिका बनाइदिने। कहिले ९ बजे, ११ बजे, १२ बजे सुत्छ भनेर अभिभावकले बेवास्ता गर्नुहुँदैन। एउटा समय तालिका बनाउने।
- दूध खुवाउने, तातो पानी खुवाउने अर्थात् अरू क्रियाकलाप गराउने गर्नुपर्छ।
- सुत्ने कोठा हल्लाखल्ला वा धेरै लाइट हुनुहुँदैन। यस्तो वातावरण सिर्जना गऱ्यो भने बच्चाको निद्रामा समस्या आउँदैन।
- बेडरुममा टिभी नराख्ने। सुत्ने रुममा उज्यालो लाइट राख्नुहुँदैन।
- ठूला बच्चाले कोल्ड ड्रिंक्स खाने गर्छन्। जसले गर्दा बच्चाहरू राम्ररी सुत्दैनन्। चकलेट पनि खान दिनुहुँदैन। साँझ खान दियो भने क्याफिन हुन्छ। जसले राति गाह्रो हुन सक्छ।
- दिनभरि सुत्ने बच्चा राति सुत्न मान्दैनन्। त्यसैले दिउँसो सुत्ने समय घटाउँदै जानुपर्छ।

मनसुनमा घरमै स्किन केयर रुटिन

हिजोआज वातावरणमा पानीको मात्रा पनि बढी हुन्छ। वातावरण प्रदूषणले गर्दा डन्डिफोर आउने, एक्जिमा हुने, सुक्खापन हुनेलगायत समस्या यस समयमा देखिन्छन्। छाला चिलाउने, एलर्जी आउने, खटिरा देखिने हुन सक्छ। पानीले भिज्ने भएकाले पनि शरीर गुम्सिने सम्भावना हुन्छ।



पसिना वा पानीले गुम्सिँदा छालामा **दाद**को समस्या बल्झिन सक्छ। काखी वा औंलाको बीच भागमा फंगस नामक कीटाणु फस्टाउन सक्छ। केही कुरामा ध्यान दिएर आफ्नो छालालाई स्वस्थ र सफा राख्न सकिन्छ। यद्यपि, कुनै समस्या देखिएमा चिकित्सकसँग परामर्श गर्नुपर्छ।

स्किन केयर रुटिन

- स्किन केयर रुटिन बनाएर त्यसलाई फलो गर्न आवश्यक हुन्छ। अनुहारमा दैनिक दुईपटक फेसवास गर्न जरुरी हुन्छ। फेसवास गरेपछि मोस्चराइजर लगाउनुपर्छ। धेरै आयल बेस मोस्चराइजर लगाउनुहुँदैन। वाटर बेस वा लोसन फर्मका मोस्चराइजर प्रयोग गर्दा राम्रो हुन्छ।
- अधिकांशलाई बादल लागेका दिन सनस्क्रिन लगाउनुपर्दैन भन्ने भ्रम हुन्छ। तर, अनिवार्य सनस्क्रिन क्रिम लगाउनुपर्छ। यसले सूर्यको विकिरणबाट छालालाई जोगाउँछ।
- यस समय धेरै हेभी मेकअप पनि गर्नुहुँदैन। हेभी मेकअपले डन्डिफोरलगायतको समस्या निम्त्याउन सक्छ। राति सुत्नुअघि मेकअप सफा गर्न बिर्सनुहुँदैन। पाउडर बेस फाउन्डेसनको दाँजोमा यस समय वाटर बेस फाउन्डेसन प्रयोग गर्नु राम्रो हुन्छ।
- सरसफाइमा विशेष ध्यान दिन जरुरी छ। ब्याक्टेरियल तथा फंगलको संक्रमण नहोस्।

बिहान यस्तो खाना राम्रो



शारीरिक तथा मानसिक रूपमा स्वस्थ रहन विशेषगरी बिहानको खानामा ध्यान पुऱ्याउन जरुरी छ। किनभने, दिनभर हामीले गर्ने कामका लागि बिहानको खानाले ऊर्जा प्रदान गर्नुपर्ने हुन्छ। तर, हामीले खाना अघाउनका लागि खाइरहेका हुन्छौं। बिहान ब्रेकफास्ट गर्दैनौं। अनि, खाना खानेवेलासम्म धेरै भोक लागेको हुन्छ। एकैपटक धेरै दाल-भात खान्छौं। त्यसैले बिहानको खाना कस्तो खाने भन्ने जान्न आवश्यक छ।

- १२ देखि १ बजेको समयमा बिहानको खाना खानु उपयुक्त हुन्छ। कोदो तथा फापरको ढिँडो, मकैको च्याँख्ला, गहुँको च्याँख्ला, ब्राउन राइस, ब्ल्याक राइस खानाको रूपमा खानुपर्छ। खानासँग तरकारी खाइन्छ। खानासँग मौसमअनुसारका सलाद पनि खान सकिन्छ ।
- खानासँगै खाने तरकारी उसिनेर पकाएको राम्रो हुन्छ। उसिनेको तरकारी सय डिग्री फरेनहाइट तापक्रममा पकाइने भएकाले ब्याक्टेरिया मर्छन्। उसिनेको तरकारी तथा परिकारमा ब्याक्टेरिया मर्छन्, तर पोषण तत्त्व भने नाश हुँदैन।



डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक हेल्थ

- फ्राई गरेको वा भुटेको तरकारी तथा परिकार सकभर नखाएकै राम्रो। तरकारी तथा परिकार तेलमा तार्दा वा फ्राई गर्दा परिकारको पोषणको रूप नै परिवर्तन हुन्छ। तरकारी तथा परिकार भुट्दा वा तार्दा परिकारको पोषक तत्त्व नष्ट हुने सम्भावना धेरै हुन्छ। तारेका तथा भुटेका परिकार खानु पोषणका हिसाबले गलत हो। चिल्लो, पिरो र मरमसला कम हालेर तरकारी बनाउनुपर्छ।
- खानासँग दाल पनि खान सकिन्छ। दाल खाँदा भने भातसँग मुछेर नखाँदा नै राम्रो। दाल छुट्टै पिउनु उपयुक्त हुन्छ। दाल-भात एकै ठाउँ मुछेर खाँदा खाना राम्रोसँग चपिँदैन। खाना राम्रोसँग नचपाई निल्दा पाचन प्रक्रियाले काम गर्न सक्दैन। दाँतको कामसमेत हुँदैन। पाचन प्रणालीमा प्रत्यक्ष रूपमा नकारात्मक असर गर्छ, जसले ग्यास्ट्रिकको जोखिम बढ्छ। खाना चपाउँदा पाचन ग्रन्थिबाट च्याल निस्किन्छ। तर, नचपाई खाँदा सो च्याल ननिस्किने भएकाले ग्यास्ट्रिकको जोखिम हुन्छ। त्यसैले चपाएर खाँदा पचाउन सजिलो हुन्छ।
- खानासँगै पानी पिउँदा पाचन ग्रन्थिबाट निस्किने इन्जाइम पानीले पखाल्ने भएकाले खाना पच्दैन। त्यसैले खानासँग पानी पिउनु त्यति उपयुक्त हुँदैन। खाना खाएको आधा घन्टापछि पानी पिउनु राम्रो हो। सामान्यतयाः दिउँसो शरीर सक्रिय हुने भएकाले अघाउन्जेल खाना खान सकिन्छ। खाना पच्छ पनि। खानासँगै दूध, दही, मही पनि खाएमा लाभदायी हुन्छ।

बेडरुममा रङको चयन



बेडरुम सुत्ने ठाउँ मात्रै नभएर मानसिक रूपमा विश्राम लिने स्थल पनि हो। जहाँ पुग्दा तपाईंको शरीरले आराम र शान्ति महसुस गरोस्। त्यसैले आरामदायी बेडरुम बनाउनुपर्छ। बेडरुमलाई कुल देखाउनका लागि हामीले आफूलाई मन पर्ने रङ छनोट गर्न आवश्यक हुन्छ। सामान्यतया हल्का रङ राम्रो मानिन्छ। रङले व्यक्तिको मनोविज्ञानमा प्रभाव पार्छ । सोचाइ, मनोविज्ञान, स्वास्थ्य अवस्था आदिलाई ध्यानमा राखेर कलर प्रयोग गर्दा राम्रो हुन्छ।

- बेडरुममा हरियो, सिल्भर ग्रे, क्रिम, गुलाबीलगायत विभिन्न रङ लगाउन सकिन्छ। प्रायः महिलालाई गुलाबी रङ मन पर्छ। गुलाबी रङलाई प्रेम, खुसी र राम्रो सम्बन्धको प्रतीक मानिन्छ।
- क्रिम कलर पनि बेडरुममा उपयुक्त हुन्छ। यसले शान्त महसुस गराउँछ। क्रिम कलरमा ग्रिन कलर पनि कम्बिनेसन गर्न सकिन्छ।
- हल्का पहेँलो रङ रोज्न सकिन्छ। यसले आशा र सकारात्मकता दिन्छ। पहेँलो रङलाई सन्तुष्टि र खुसीको प्रतीक पनि मानिन्छ।
- सेतो रङलाई स्वतन्त्रता र सकारात्मकताको प्रतीक मानिन्छ। यसले शान्ति र पवित्रतासँगै सरलताको पनि संकेत दिन्छ।
- गाढा रङको सेडमा हल्का रङको सेडजस्तै हरियोसँग सेतो, स्मोकी ग्रे, अफ ह्वाइट, बेजलगायतले पनि रंग्याउन सकिन्छ। हरियो रङले ताजा महसुस गराउँछ। यो रङलाई समृद्धि, सौभाग्यको प्रतीकका रूपमा लिइन्छ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction

Project Office of Urban Development and Building Construction, Dang

Invitation for Bids

Notice No. PUDBC/Dang/01/2080/081

First Date of Publication: 2080/05/18 (04th September 2023)

1. **PUDBC, Dang** invites electronic bids from eligible bidders for the following work. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

Contract No/ID	Description of Works	Total Estimated Amount (Without VAT & contingency)	Bid Security Amount (NRs)	Bid document Fee (NRs)
Single Stage Single Envelope System bidding procedure				
PUDBC/Dang/NCB/Works/01/2080/081	Upgradation of the road from Aspari Village- School- Makundanda Khaira Kothari at Ghorahi 09, Dang	NRs.42,82,950.51	NRs. 1,40,000.00	NRs 3,000.00
PUDBC/Dang/NCB/Works/02/2080/081	Upgradation of the road from Tallo Kharka school to lamaraha at Naubahini 06, Pyuthan	NRs.25,71,268.45	NRs. 85,000.00	NRs 3,000.00
PUDBC/Dang/NCB/Works/03/2080/081	Urban development from end of Aspari Village to Teghara Nayabasti-Mohan Baidhya's house- Chakrahawa, Banda to Ekalgharuja Khaliyan at Ghorahi Sub Metropolitan City 09, Dang	NRs. 34,27,508.91	NRs. 1,13,000.00	NRs 3,000.00
PUDBC/Dang/NCB/Works/04/2080/081	Upgradation of the road from Lwadawra Kulo to Makundanda Village-Makundanda chowk-Aspari kulo towards Ward Office at Ghorahi 09, Dang	NRs. 77,04,218.58	NRs. 2,50,000.00	NRs 3,000.00
PUDBC/Dang/NCB/Works/05/2080/081	Upgradation of the road from Tulsipur Surkhet Road to Jagaran Tole- Shiva Mandir at Tulsipur Sub Metropolitan City 08, Dang	NRs. 34,27,834.69	NRs. 1,13,000.00	NRs 3,000.00
PUDBC/Dang/NCB/Works/06/2080/081	Settlement development connecting Kachala Kachali to Tarigaun at Tulsipur Sub Metropolitian City 12, Dang	NRs. 85,60,169.91	NRs. 2,80,000.00	NRs 3,000.00
PUDBC/Dang/NCB/Works/07/2080/081	Upgradation of the road in premises of Rapti Babai Campus at Tulsipur Sub Metropolitan City 12, Dang	NRs. 30,00,469.30	NRs. 98,000.00	NRs 3,000.00
PUDBC/Dang/NCB/Works/09/2080/081	Road Upgradation Work From Health Post to Bhingri Buspark Through Police Post & Sworgadwari Acadamy	NRs 72,92,780.06	NRs. 2,40,000.00	NRs 3,000.00
PUDBC/Dang/NCB/Works/10/2080/081	Blacktop Work of Hapur Road Kamaldhari Gate to Jyamire Daha Road	NRs 42,83,031.29	NRs. 1,41,000.00	NRs 3,000.00
PUDBC/Dang/NCB/Works/11/2080/081	Causeway Construction Work at Bukakhola of Ghorahi-Rakchyachaur Road Sector, Ghorahi-11, Dang	NRs 26,16,087.84	NRs. 86,000.00	NRs 3,000.00
Single Stage Double Envelope System bidding procedure				
PUDBC/Dang/NCB/Works/08/2080/081	Upgradation of the road and drain from Khaira of Khaira Kothari Marg to Makundanda at Ghorahi Sub Metropolitan City-08, 09, Dang	NRs. 6,30,000.00	NRs 5,000.00	

2. All bidders must submit their bid electronically. Electronic bid must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon, on 2080/06/17 (4th October, 2023) (or as per the date adjusted by e-GP System). Further information can be obtained from www.bolpatra.gov.np/egp or from **Project office of Urban Development and Building Construction, Dang**, Tel 082-560027, E-mail: pudbcdang@gmail.com
3. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever before the contract.

Project Chief

जग हल्लिएको लोकतन्त्र

राजनीतिक दलहरूले लोकतन्त्रको उदार भनिने एउटा स्वेच्छाचारी र स्वच्छन्द परिभाषाको जपना गरिरहेका छन्, जसले लोकतन्त्रको पनि गला निमोठ्न सक्छ



● रोशन जनकपुरी

अग्रलेख

गत वर्ष इन्टरनेसनल फर डेमोक्रेसी एन्ड इलेक्टोरल असिस्टेन्स (इन्टरनेसनल आइडिया) नामक अन्तरसरकारी अन्तर्राष्ट्रिय संस्थाको एउटा अध्ययन रिपोर्टमा 'विगत दुई दशकमा लोकतान्त्रिक व्यवस्थाको आधार हल्लिएको र अस्थिरता र व्यग्रताबीच लोकतन्त्रले सन्तुलन कायम राख्न कठिन हुँदै गएको छ' भनेर चिन्ता व्यक्त गरिएको थियो । वर्तमान विश्वका १७४ देशमा अध्ययनपछि प्रकाशित यस रिपोर्टमा 'लोक रिझाउने गफ हाँक्नेहरू बलियो हुँदै गएको र लोकतान्त्रिक विकास कि रोकिएको छ कि त पछि पर्दै गएको छ भनिएको थियो । रोचक के छ भने यस संस्थाले लोकतन्त्रबारे लोकतान्त्रिक प्रतिनिधित्व, मूलभूत अधिकार, मानिसको सहभागिता, स्वतन्त्रताजस्ता चालू मानकलाई प्राथमिकतामा राखेर अध्ययन गर्ने गर्छ ।

इन्टरनेसनल आइडियाको रिपोर्टमा हाम्रो देश नेपालबारे खासै चर्चा नभए पनि रिपोर्टका आशयले भने हाम्रो लोकतन्त्रको वर्तमान स्थितिसँग साम्यता राख्छ । अझै भन्नुपर्दा हाम्रो लोकतन्त्रको स्थिति झन् संवेदनशील हुँदै गएको छ । लोकतन्त्रको चालू परिभाषाले लफ्फाजीमा जनताको गुणगान गरे पनि यो (लोकतन्त्र) चुनावी अनिवार्यतामा मात्र सीमित भएको छ । अर्थात् राजनीतिक दलले चुनावमा भाग लिइरहेका छन् भने व्यवस्था लोकतान्त्रिक छ । चुनाव जितेर सरकार गठन गर्ने पार्टी चरित्रमा जस्तोसुकै भए पनि उसले आफू र आफ्नो सरकार लोकतान्त्रिक भएको दाबी गर्छ । सरकारबाहिरका प्रतिपक्षी दल पनि हुन्छन्, जसले विरोधको नाममा सरकारले गरेको सबै कामको विरोध गर्छन्, अलोकतान्त्रिक भन्छन् र गलत या सही जसरी भए पनि सरकार ढाल्ने खेलमा लागिरहन्छन् । कदाचित् प्रतिपक्षी दल सरकार ढाल्न सफल भयो र ऊ सरकारमा गयो भने उसको गतिविधि पनि पुरानो सरकारभन्दा भिन्न हुँदैन । अब नयाँ सरकार र नयाँ प्रतिपक्षी पार्टीले आफूलाई लोकतान्त्रिक र अरूलाई अलोकतान्त्रिक देखाउन थाल्छन् । संसद्मा सरकार र प्रमुख प्रतिपक्षीका अतिरिक्त चुनाव जितेका केही साना दल तथा स्वतन्त्र व्यक्ति पनि हुन्छन् । उनीहरू पनि आफूलाई लोकतान्त्रिक र अरूलाई अलोकतान्त्रिक भनिरहेका हुन्छन् । यी साना दल कुनै वेला सरकार र कुनै वेला प्रतिपक्षी गठबन्धनमा हुन्छन् । यिनीहरू जुन गठबन्धनमा हुन्छन्, उनीहरू त्यसैलाई लोकतान्त्रिक भन्छन् । यसरी लोकतन्त्र जनहितभन्दा पनि जनतालाई भ्रममा पार्ने चुनाव लफ्फाजीबाहेक अरू केही रहँदैन ।

जनताका निम्ति चुनावी लोकतन्त्रको निरीह नियत के हो भने, यो परिदृश्य पटकपटक दोहोरिइरहन्छ । हरेक पाँच वर्षमा चुनाव हुन्छ । उही पार्टी र राजनीतिक पात्रले चुनावमा भाग लिन्छन्, जित्छन्, सरकार बनाउँछन् या प्रतिपक्षमा बसेर चुनावी लोकतन्त्रको दाबी पुष्टि गरिरहन्छन् । यद्यपि, जनसरोकारको परिणामका दृष्टिले जाँच्दा कसीमा अत्यन्त कमजोर साबित हुन्छन् यी लोकतान्त्रिक भनाउँदा पार्टीहरू । यी पार्टी कतिसम्म कमजोर छन् भने आफैंले निर्माण गरेको संघीय लोकतान्त्रिक गणतन्त्रका विरोधी र प्रतिगामी तत्त्वलाई रोक्न यिनले सकिरहेका छैनन् ।

चिन्ताको विषय के छ भने हजारौं जनताको त्याग, तपस्या, बलिदान र जनताको दशकौं पुरानो अथक राजनीतिक संघर्षको बलमा एकल धार्मिक सांस्कृतिक राजतन्त्रात्मक राज्यलाई ढालेर स्थापित गरेको धर्मनिरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध संसद्समेतमा ती गैरसंवैधानिक राजतन्त्रवादी सलबलाइरहेका छन्, गणतान्त्रिक संसद्भित्र बसेर राजतन्त्र फर्काउने संकल्प गरिरहेका छन् । तर, सत्तालोलुपताका कारण गणतन्त्रवादी र धर्मनिरपेक्षतावादी दलको चरित्र यति कमजोर भइसकेको छ, कि उनीहरू ती राजतन्त्रवादी संसदीय दललाई आफ्नो गठबन्धनमा सामेल गर्न तँछाडमछाड गरिरहेका छन् । संसदीय समितिमा राप्रपाले सभापतिको भाग पाउनु यस्तै सत्ता टिकाउने बाध्यताको परिणाम हो । वर्तमान संसदीय राजनीतिमा राजतन्त्रको एजेन्डा बोक्ने राजेन्द्र लिङ्देनको राप्रपाको बढ्दो कदको कारण नै राजतन्त्रको एजेन्डा त्यागेर गणतन्त्र स्विकारेका कमल थापाको राप्रपा नेपालले पुनः राजतन्त्रलाई आफ्नो एजेन्डामा सामेल गरेको छ ।

संविधानमा राज्यको नजरमा सबै धर्म समान भन्दै राज्यलाई धर्मनिरपेक्ष घोषणा गरे पनि संसद्भित्रै हिन्दुराष्ट्रको एजेन्डा उचाल्नु, संसद्बाहिर पनि यसको पक्षमा खुलेआम नाराजुलुस र कार्यक्रम हुनु तथा यस्ता कार्यक्रममा सरकार पक्षका सांसद र सरकारी उच्च अधिकारीसमेत उपस्थित भए पनि कसैले यसको प्रतिवाद गर्न नसक्नुले वर्तमान संवैधानिक व्यवस्थाको निरीहता व्यक्त गर्छ । यसले गणतान्त्रिक र धर्मनिरपेक्षतावादी भनिने राजनीतिक दलहरूभित्र सत्ता र अर्थलिप्साका कारण तीव्र रूपमा अवसरवादिता तथा वैचारिक स्खलन भइरहेको संकेत दिन्छ । यो लिप्सा र स्खलन कतिसम्म संवेदनशील छ भन्ने धीरेन्द्र शास्त्री नामक प्रतिगामी चेतका एकजना भारतीय धार्मिक प्रवचकको नेपाल आगमनबाट पनि बोध हुन्छ । आफ्ना प्रवचनमा उनले हाकाहाकी नेपालको संविधानमा लेखिएको धर्मनिरपेक्षताको विरोध गरे र नेपालमा हिन्दुराष्ट्रका निम्ति धार्मिक उत्तेजना फैलाएर गए । उनलाई ल्याउन सत्ताधारी गठबन्धनको एक प्रमुख घटक कांग्रेसका धनाढ्य सांसद (विनोद चौधरी)ले नै अगुआइ गरेका थिए भने उनलाई भेटेर आशिष थाप्न सरकार र विपक्षी दलका कैयौं लामबद्ध हुनपुगे । अन्धविश्वास, भूतप्रेत, जातीय भेदभाव र छुआछुत आदि पश्चगामी चेतना र व्यवहारका पक्षधर धीरेन्द्र शास्त्री भारतमा समेत हिन्दूराष्ट्रका नाममा धार्मिक उन्माद फैलाउने बदनाम व्यक्तित्व हुन् । नेपालको संविधानले अन्धविश्वास र जातीय भेदभावलाई सामाजिक र कानुनी अपराध भन्छ, तर शास्त्रीले नेपालमा पनि यी सबै खुलेआम गरे र उनलाई रोक्ने कोही भएन । बरु सरकारी प्रशासनले उनलाई भिआइपी सुरक्षा दियो । यो भोटब्यांक प्रभावित हुने भय नै थियो, कि औपचारिक रूपमा यसविरुद्ध सरकारको कुनै अंगले मुख खोलेनन् । (माओवादी केन्द्रलगायत केही दलका व्यक्ति र जनवर्गीय संगठनको विज्ञप्ति वा आलोचना पर्याप्त थिएन ।)



> वर्तमान गणतन्त्र, लोकतन्त्र, संघीयता र धर्मनिरपेक्षताको भविष्य नेपाली राजनीतिक दलहरूको वैचारिकता तथा जनतासँगको उत्तरदायी व्यवहार र अग्रगामी शक्तिहरूको सचेततामा भर पर्छ

धर्मनिरपेक्षताले राज्यको नजरमा सबै धार्मिकता र सांस्कृतिकतालाई समान बनाउँछ । यसले सबै धर्म र आस्थालाई आफूअनुकूल मान्ने र व्यवहार गर्ने छुट दिन्छ । यसले सामाजिक रूपमा सहिष्णुतामा बल दिन्छ । तर, जब एउटा धार्मिक वा सांस्कृतिक समुदाय आक्रामक हुन्छ, त्यतिवेला अर्को समुदायभित्र असुरक्षाको भाव उत्पन्न हुन्छ, र यसै मनोविज्ञानको लाभ उठाएर सामाजिक अतिवादी शक्तिले दुवैतिर खेल्ने प्रयत्न गर्छन् । केही साता पहिले देशका केही भागमा देखिएका धार्मिक र सांस्कृतिक तनाव र उत्तेजना यस्तै प्रवृत्तिका परिणाम हुन् । यसैकारण, राज्यले निष्पक्ष रूपमा धर्मनिरपेक्ष चरित्र अवलम्बन गर्नु जरुरी हुन्छ, होइन भने राज्यको यसै कमजोरीको फाइदा उठाएर पुरातन र असामाजिक शक्तिले समाजमा विखण्डन ल्याउने षड्यन्त्र गर्छन् । राप्रपालगायत राजतन्त्रवादी तथा संकीर्ण धार्मिक शक्तिको बढ्दो चलखेल तथा धीरेन्द्र शास्त्रीका गैरसंवैधानिक गतिविधि, वर्तमान गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको स्वास्थ्यका दृष्टिले अत्यन्त संवेदनशील सन्दर्भ हुन् । तर, नेपाली राजनीतिक दलहरूले लोकतन्त्रको उदार भनिने एउटा स्वेच्छाचारी र स्वच्छन्द परिभाषाको जपना गरिरहेका छन्, जसले लोकतन्त्रको पनि गला निमोठ्न सक्छ । वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रका सञ्चालक राजनीतिक शक्तिले वेलैमा चेतेनन् भने, उनीहरूको उदासीनता र मौनता भस्मासुरी हुने खतरा पनि त्यत्तिकै छ ।

नेपालमा संघीय गणतन्त्र र धर्मनिरपेक्षताको स्थापनाले देशलाई एकल धार्मिक, एकल जातीय र एकल वंशीय राजतन्त्रको जुवाबाट मुक्त गराएर सबै धार्मिक, सांस्कृतिक र सामाजिक समुदायमा यस देशप्रति अपनत्व र साझा स्वामित्वको भाव उत्पन्न गराएको छ । नेपाली लोकतन्त्रको यस नयाँ परिभाषाले सबैलाई समान अधिकार र जिम्मेवारी बोध गराउँछ । यो पुरानो राजा महाराजा, उनीहरूको धर्म र संस्कृतिको वर्चस्वबाट मुक्त नयाँ आधारमा नयाँ सामाजिक र अर्थराजनीतिक एकता पनि हो । यसलाई मन नपराउनेहरू तथा राजनीतिक तथा सामाजिक रूपमा सत्ताबाट च्यूत हुने राजनीतिक र सामाजिक पुराना शक्ति पुरानो हैकम फर्काउन उद्यत छन् । एकल धार्मिकता, संघीयता र गणतन्त्रको विरोध तथा यसविरुद्धका उन्मादी प्रचार यसैका परिणाम हुन् । यस उन्मादमा केही गणतान्त्रिक शक्तिका समर्थकसमेत बगेको देखिएको छ । यो राजनीतिक शक्तिको असफलता हो, जसले स्थानीयस्तरमा पार्टीपंक्ति र जनसमुदायमा गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताबारे बोध गराउन सकेका छैनन् ।

यसले नेपाली समाजको राजनीतिक संक्रमण अझै प्रारम्भिक चरणमै रहेको तथा राजनीतिक सत्ताको कमान गणतान्त्रिक शक्तिको हातमा भए पनि राजनीतिक, सामाजिक संरचनात्मक र मनोवैज्ञानिक धरातलमा अझै प्रतिगामी शक्तिको पकड बाँकी रहेको देखिन्छ । यसमा सत्ताधारी राजनीतिक दलको गैरजनवादी (गैरलोकतान्त्रिक) व्यवहार तथा वैचारिक स्खलनले थप बल पुऱ्याइरहेको छ ।

हुन त नेपालजस्तो कमजोर अर्थतन्त्र भएको देशमा नवसाम्राज्यवादी वर्चस्वले लोकतन्त्रलाई बहुसंख्यकवादी चेतना र व्यवहारभन्दा माथि उठ्न दिइरहेको हुँदैन । कुनै पनि देशले आफूलाई आर्थिक समृद्धिको दिशामा लैजान लोकतान्त्रिक (जनवादी, जनसमुदायको अधिकार) र सांस्कृतिक अन्तर्विरोधलाई समयमै हल गरेर अगाडि बढ्नु आवश्यक हुन्छ । नेपालले आर्थिक समृद्धिका निम्ति समाजवादलाई लक्ष्यका रूपमा जप्न थालेको छ । तर, देश अहिले पनि जनवादी र सांस्कृतिक झन्झटबाट मुक्त हुन सकेको छैन । जनवादी र सांस्कृतिक सवाललाई हल नगरी समाजवादतर्फको यात्रा एउटा सुन्दर विचार मात्र हुन सक्छ । किनभने, यी प्रश्न हल नभएसम्म यात्रा अगाडि बढ्नै सक्दैन । अझ भनौं, लोकतान्त्रिक र गणतान्त्रिक शक्ति कमजोर भएमा उल्टो यात्रा पनि सुरु हुन सक्छ । नेपाली लोकतन्त्रको यस संवेदनशील अवस्थामा देशमा चीन, भारत र अमेरिकालगायत शक्तिशाली वैदेशिक शक्तिको वित्तीय र सामरिक वर्चस्वका निम्ति कूटनीतिक प्रतिस्पर्धा तथा यसमा नेपालका राजनीतिक नेतृत्वको उपयोग थप चुनौती बनेको छ । तर, प्रधान आन्तरिक नै हुन्छ भनेजस्तै वर्तमान गणतन्त्र, लोकतन्त्र, संघीयता र धर्मनिरपेक्षताको भविष्य नेपाली राजनीतिक दलहरूको वैचारिकता तथा जनतासँगको उत्तरदायी व्यवहार र अग्रगामी शक्तिहरूको सचेततामा भर पर्छ ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **शंकर तिवारी**लाई



कांग्रेसका भ्रातृ संस्था, विभाग र समिति गठनमा नेतृत्वको भूमिका कस्तो देख्नुहुन्छ ?

महाधिवेशनको मतका आधारमा भ्रातृ संस्था, विभाग र समिति गठनमा अर्को पक्षलाई समेटेर लैजाने कांग्रेसको प्रचलन थियो । नेतृत्वले ४० प्रतिशत मत पाएर सभापतिमा पराजित समूहलाई त्यस आधारमा व्यवहार गरेको देखिँदैन । नेतृत्वले सो समूहलाई २० प्रतिशतभन्दा बढी भूमिका दिन चाहेको देखिँदैन । तर, निर्वाचित महत्त्वपूर्ण शुभेच्छुक संस्थामा चाहिँ इतर समूह बलियो रहेको देखिन्छ ।

भ्रातृ संस्थाको विवाद नसकिँदै भएका विभाग गठनलाई कसरी हेर्न सकिन्छ ?

भ्रातृ संस्थाका विवाद जहाँको त्यहीं छन् । विवाद सल्टेको छैन । तर, समय आएपछि त्यसलाई मिलाउने गरी विभाग गठन भएका छन् । १६ विभाग बन्दा तीन मात्र इतर समूहले पाएको छ । विभाग गठनमा महामन्त्रीहरूले विभाग बनेनन् भन्ने अवस्था नआओस् भनेर फेस सेभिङको बाटो लिएको देखिन्छ । नेतृत्वले कम्तीमा रोकिएका विभाग बन्न थाले, बाँकी क्रमशः बन्छन् भन्ने सन्देश दिन चाहेको देखिन्छ । यसलाई लिएर कांग्रेसमा विवाद छैन, सहमतिमै विभाग गठन भएका छन् भनेर देखाउन खोजिएजस्तो देखिन्छ ।

यसरी आफ्नालाई टिप्दा योग्य पछाडि परे भन्ने गुनासो पनि छ नि ?

यसमा त नेतृत्वले न्याय नगरेको प्रस्ट छ । यद्यपि, नमिलेका कुरा थाती राखेर मिल्ने कुरालाई मिलाएर लैजाने वैज्ञानिक तरिका अपनाएर अगाडि बढ्न चाहेको संकेत पनि यसले गरेको छ । कमसेकम कांग्रेसमा रोकिएका काम सुरु त भए नि भन्ने सकारात्मक सन्देश प्रवाह गर्ने कोसिस भएको देखिन्छ ।

प्रेरक प्रसंग

मनको सुन्दरता कि तनको ?

संस्कृत साहित्यका महाकवि कालिदास राजा विक्रमादित्यका प्रमुख सभापण्डित थिए । राजाले उनलाई अनेक प्रश्न सोधिरहन्थे भने कालिदास पनि आफूले जानेबुझेजति तर्कसंगत उत्तर दिएर राजालाई सन्तुष्ट बनाउने गर्थे । उनको उत्तर दिने शैली राजालाई असाध्यै मनपर्थ्यो भने बाँकी सभापण्डितचाहिँ उनको तार्किकता, विद्वत्ता र प्रत्युत्पन्न मतिको भित्रभित्रै ईर्ष्या गर्थे ।

एक दिन राजा विक्रमादित्यले कालिदाससित प्रश्न गरे- कविज्यू, तपाईं असाध्यै विद्वान् हुनुहुन्छ, तर तपाईंको शरीर भने बुद्धिजस्तो सुन्दर छैन । यसको कारण के हो ? के हामी थाहा पाउन सक्छौं ? राजाको प्रश्न सुनेपछि कालिदासले तत्काल कुनै प्रतिक्रिया या जवाफ दिएनन् । उनले यताउताका कुरा गरेर राजाको जिज्ञासालाई त्यत्तिकै अल्झाइदिए । एक दिन राजाले आफ्ना सेवकलाई पिउनेपानी ल्याउने आदेश दिए । राजाको आदेश पाउनासाथ पानी लिन गएको सेवकलाई कालिदासले इसारा गरेर एउटा चाँदीको र अर्को माटाको गिलासमा पानी ल्याउन लगाए । सेवकले कालिदासको इसाराअनुसार नै पानी ल्याए । त्यसरी पानी ल्याएको देखेर राजा छक्क परे । उनले केही बोल्नुअघि नै कालिदासले भने- महाराज हजुरका लागि मैले नै विशेष अनुरोध गरेर दुई अलगअलग गिलासमा पानी ल्याउन लगाएको हुँ । हजुर दुवै गिलासको पानी पिउनुहोस् महाराज ! राजाले पनि कालिदासको अनुरोधअनुसार दुवै गिलासको पानी पिए । केही समयपछि कालिदासले विनम्रतापूर्वक राजासित प्रश्न गरे- महाराज, यी दुईमध्ये कुनचाहिँ गिलासको पानी हजुरलाई बढी शीतल लाग्यो ? राजाले सरलतापूर्वक जवाफ दिए- पक्कै पनि माटाको गिलासको पानी बढ्ता शीतल र केही हदसम्म मीठो पनि थियो । राजाको जवाफ सुनेपछि कालिदासले हल्का मुस्कुराउँदै भने- महाराज, जसरी पानीको शीतलता गिलासको सुन्दरतामा निर्भर हुँदैन, त्यसैगरी मान्छेको बुद्धिको सुन्दरता पनि उसको शरीरको सुन्दरतामा निर्भर हुँदैन । राजाले आफूले केही दिनअघि गरेको प्रश्नको तार्किक जवाफ पाए ।



टिप्पणी

nayapatrikaofficial
@naya_patrika

औषधि र खोपको व्यवस्था गर

'भेरी अस्पतालमा छैन रेबिजविरुद्धको खोप' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । यो भेरी अस्पतालको मात्र होइन, सम्भवतः देशभरका सरकारी अस्पतालकै समस्या हुन सक्छ । कतै रेबिजविरुद्धको खोपको अभाव हुन सक्छ भने कतै सर्पदंशका बिरामीको उपचारमा प्रयोग हुने 'एन्टी स्नेक भेनम'को अभाव हुन सक्छ । सरकारले निःशुल्क भनी तोकेका औषधिको त जहिल्यै अभाव भइरहेकै हुन्छ । गरिब जनताले त्यस्तो निःशुल्क औषधिको मात्रा उपभोग गर्ने पाउँदैनन् । त्यसैले, सरकारले तत्काल देशभरका सरकारी अस्पताल तथा स्वास्थ्यचौकीमा आवश्यक औषधि र खोपको तत्काल व्यवस्था गरोस् । औषधि र खोपको अभावमा कसैले पनि ज्यान गुमाउन नपरोस् ।

● **सन्तोष सुब्बा**, ताहाचल, काठमाडौं

नेतृत्वको दादागिरी कहिलेसम्म ?

कांग्रेस नेतृत्व कहिल्यै नसुधिने र पार्टीलाई रसातलमा पुऱ्याएर मात्र विश्राम लिने ध्याउन्नमा देखिन्छ । विधानतः ६ महिनाभित्र गठन गरिसक्नुपर्ने विभागलाई नेतृत्वले अझै पूर्णता दिन चासो दिएको छैन । उसले जति विभागलाई पुनर्गठन गरेको छ, त्यसमा पनि आफ्नो समूहको दादागिरी देखाएको छ । पार्टीका भ्रातृ संगठनमा पनि टीके नेतृत्व र पदाधिकारी ल्याएको छ । महाधिवेशन भएका शुभेच्छुक संस्थामा भने कार्यकर्ताले नेतृत्वलाई उसको हैसियत देखाइदिएका छन् । टीके नेतृत्व चयन गरेर कहिलेसम्म दादागिरी देखाइरहने हो ?

● **बलदेव चौधरी**
बुटवल- ६, रुपन्देही

सकारात्मक प्रयास

काठमाडौं महानगरभित्रका सडकका खाल्डाखुल्डी टाल्न थालिएको समाचार पढ्दा खुसी लाग्यो । तर, साह्रखुड्देखि बालाजु बाइपाससम्मको सडकमा हजारौं सानाठूला खाल्डा छन् । तर, ती खाल्डा पुर्न कसैले ध्यान दिएको देखिन्न । के सो सडकखण्ड हुँदै काठमाडौं महानगर र अन्य सम्बन्धित निकायका अधिकारीहरूले यात्रा नगर्ने हुनाले त्यो सडक खण्डमा परेका खाल्डाखुल्डी टाल्न चासो नदिइएको हो ? होइन भने यस क्षेत्रका यात्रु र स्थानीयवासीले खाल्डाखुल्डीका कारण कहिलेसम्म सास्ती झेलिरहनुपर्ने हो ? सम्बन्धित निकायले यतातिर अविलम्ब ध्यान देओस् ।

● **सुमित्रा धौभडेल**
नयाँबजार, काठमाडौं

सुशासनमा ध्यान देऊ

यो मुलुकको प्रधानमन्त्री देश र जनताको हुनुपर्छ । विकास निर्माणमा साझा व्यक्तिका रूपमा उभिनुपर्छ । सरकार सञ्चालनका लागि जुनसुकै दलको सरकार भए पनि प्रधानमन्त्री र मन्त्रीले जनतासामु साझा व्यक्तिका रूपमा आफूलाई उभ्याउन सक्नुपर्छ ? नयाँ पत्रिका दैनिकमा प्रकाशित समाचारमा प्रधानमन्त्रीको अभिव्यक्ति सुन्दा अचम्म लाग्यो ।

प्रधानमन्त्री प्रचण्डले भनेका रहेछन्- अब २५ लाख मतदाता भेट्ने, आठ लाख सदस्य थप्ने र आगामी चुनावमा जनताको मन जित्ने । होइन, हाम्रा प्रधानमन्त्री यो देश र जनताका साझा व्यक्ति हुन् या केवल आफ्नो दलका ? मुलुकको कार्यकारी पदमा आसीन हुँदा पनि आफूलाई साझा व्यक्तिका रूपमा उभ्याउन नसक्नु दुःखको कुरो हो । कार्यकारी प्रमुखले नै जनभावना बुझेर अगाडि नबढ्ने हो भने मुलुकमा सुशासन कसरी कायम हुन सक्ला र ? जब मुलुकमा सुशासन दिन सकिँदैन, अपराधीलाई कानुनको दायरामा ल्याउन सकिँदैन, भ्रष्टाचारीलाई देख्दादेख्दै पनि तह लगाउन सकिँदैन भने जनताले कसरी सुशासनको अनुभूति गर्न सक्लान् ?

प्रधानमन्त्री प्रचण्डले तेस्रोपटक सुनौलो अवसर प्राप्त गरेका छन् । आफ्ना र आफन्त नभनी जनभावना कदर गर्दै न्याय र सुशान कायम गर्ने, भ्रष्टाचारीलाई तह लगाउने हो भने उनको सबैतिर जयजयकार हुनेछन् । उनले २५ लाख मतदाता मात्र नभई तीन करोड नेपाली जनताको भावनालाई जित्न सक्नुपर्छ । अन्यथा, सत्तास्वार्थमा मात्र रमाइरहने हो भने जनताले माफी गर्नेछैनन् ।

● **नारायणप्रसाद न्यौपाने**, बुढानीलकण्ठ- ४, काठमाडौं
neupanenp024@gmail.com

एकसाथ मौलाइरहेको अर्थतन्त्र र धार्मिक राष्ट्रवाद

नवउदारवादको घोडामा बत्तिँदै गरेको नयाँ मध्यम वर्गले लडाकु धार्मिक राष्ट्रवादमा आफ्नो आत्मसम्मान भेटेको छ



देश/विदेश

● सव्यसाची वासु रे चौधरी

भारत एक बृहत् राजनीतिक एवं सांस्कृतिक परिवर्तनबाट गुज्रिरहेको छ । नवउदारवादी आर्थिक अवधारणाका आडमा हिन्दुत्वका कारण भइरहेको यो परिवर्तनले मुलुकलाई रुपान्तरणकारी ढंगले बदलिरहेको छ । सार्वजनिक जीवनमा हिन्दुत्व अर्थात् हिन्दू राष्ट्रवादको वर्चस्व कायम रहँदा नवउदारवादमा आधारित बजार, व्यापार अविनियमन र निजीकरणले अर्थतन्त्रमा राज्यको भूमिकालाई खुम्च्याइरहेको छ । यी परिवर्तनले नयाँ सम्भ्रान्त र बढ्दो मध्यम वर्गलाई फाइदा पुऱ्याए पनि मजदुर वर्गलाई चोट पुऱ्याइरहेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतको विद्यमान परिवर्तनलाई बुझ्न 'गुजरात मोडेल'को विकास बुझ्न आवश्यक छ किनभने यो मोडेल अहिले भारतभर लागू भइरहेको छ । सन् २००१ देखि २०१४ सम्ममा मोदी नेतृत्वको गुजरात सरकार व्यापक आर्थिक वृद्धिको साक्षी बनेको थियो । यो मोडेल सरकार र कर्पोरेट क्षेत्रबीचको सहयोगको गुजराती परम्परामा आधारित छ । जहाँ नाफा बढाउन न्युन ज्याला कायम गरिन्छ, लगानी भित्र्याउन व्यापक कर छुट दिइन्छ र उद्योगलाई निजी जमिन अधिग्रहण गर्न अत्यधिक अनुदान दिइन्छ । यो सबै सामाजिक क्षेत्रमा गरिने लगानीको मूल्यमा हुन्छ, जसलाई नयाँ मध्यम वर्ग र वर्चस्वशाली माथिल्लो जातका मानिसको समर्थन रहन्छ । यी अन्तर्निहित 'मान्यता' नै भारतलाई जादुई रूपमा बलियो राष्ट्र- राज्य बनाउने सूत्र हुन् । भारतले आफूलाई संविधानतः धर्मनिरपेक्ष राष्ट्र बनाउँदै एक उदार लोकतन्त्र बनाउने उद्देश्यका साथ उत्तर-औपनिवेशिक यात्रा थालेको थियो । केही छिटपुट अवरोधका बाबजुद उदार लोकतन्त्रका लागि आवश्यक संस्था भारतमा स्थापना भएकै हुन् । यद्यपि, २१औं शताब्दीमा अन्य शक्तिशाली राष्ट्रले झैं भारत पनि दक्षिणपन्थतर्फ गइरहेको प्रतीत हुन्छ । भारतको दक्षिणपन्थी स्थानान्तरणका पछाडि अन्योन्याश्रित रूपमा जोडिएका दुई रूपान्तरण जिम्मेवार छन्, अर्थात भारतीय लोकतन्त्रको अनुदार घुम्ती र नवउदारवादी अर्थतन्त्रतर्फको द्रुत यात्रा जिम्मेवार छन् । नवउदारवाद विश्वको वर्चस्वशाली सार्वजनिक संकथन बनेको छ र भारत नवउदारवादी अर्थतन्त्रमा ९० को दशकको सुरुवातमा प्रवेश गरेको थियो । भारतीय समाजमा यसका दुई मुख्य परिणाम मौजुद छन् । पहिलो नवउदारवादको प्रादुर्भावसँगै अर्थतन्त्रसँग सम्बन्धित गतिविधि बजारको विषय बन्यो, जहाँ सबै हिसाब मुद्रामै हुन थाल्यो । अस्थायी र बजार आधारित सम्झौताले आर्थिक, व्यावसायिक, सांस्कृतिक र राजनीतिक वृत्तका स्थायी व्यवस्थालाई विस्थापित गरिदियो ।

दोस्रो नवउदारवादी अर्थतन्त्र संगठित मजदुर वर्गका लागि कहर बन्न पुग्यो । औद्योगिक क्षेत्र बन्द भएसँगै वा रोजगारीलाई करार बनाउने प्रक्रियामार्फत मजदुरलाई भाडामा लिनेदेखि बर्खास्त गर्ने अधिकारका कारण पूर्ण वा आंशिक रूपमा संगठित (युनियनीकृत) मजदुर छिन्नभिन्न भएका छन् । सन् १९९० को दशकअघि सुसंगत नभए पनि स्पष्ट रूपमा भारतलाई लोककल्याणकारी राज्य बनाउने प्रयास नभएका होइनन् । त्यतिवेला रेल्वे, बैंकिङ, बिमालगायत क्षेत्रमा विशेषतः राष्ट्रियकरणपछि शक्तिशाली मजदुर युनियन थिए, तर बहुसंख्यक मजदुर निर्माण उद्योगजस्ता असंगठित क्षेत्रमा काम गर्थे । यी असंगठित क्षेत्रका मजदुरसँग न युनियनको प्रतिनिधित्व हुन्थ्यो, न कानुनी संरक्षण । नतिजा रोजगारदातासँग मजदुरले प्रभावकारी ढंगले सौदा गर्न सक्दैनथे । हाल नियमन गरिएका संगठित क्षेत्रका मजदुर पनि रोजगारी गुमाउने डरका कारण युनियनका रूपमा संगठित हुन सकिरहेका छैनन् ।



चित्र : परिप्लव चक्रवर्ती

त्यसमाथि अहिले बढ्दो 'गिग' अर्थतन्त्रमा युनियन निर्माणको सम्भावना शून्यबराबर छ किनभने अधिकांश सीमित अवधिका भाडाका मजदुर छन् । त्यसैगरी, ९० को दशकको उदारीकारणपछि गुणस्तरीय शिक्षा र सेवा क्षेत्रमा आकर्षक तलब भएका रोजगारी सहजै उपलब्ध हुने भएका सहरी क्षेत्रमा मध्यमवर्गको विस्तार भएको छ । हो यही नवउदारवादको घोडामा बत्तिँदै गरेको नयाँ मध्यमवर्गले लडाकु धार्मिक राष्ट्रवादमा आफ्नो आत्मसम्मान भेटेको छ ।

नवउदारवादी अर्थतन्त्रले प्रभावकारी ढंगले हिन्दुत्वको राजनीतिको थप स्थान निर्माण गरेको छ । मोदीको भारतीय जनता पार्टी (भाजपा) बढ्दो मध्यमवर्गका माध्यमबाट हिन्दुत्वको यो वैचारिकी जनमानसमा फैलाउन सफल भएको छ । यो मध्यमवर्गले निजी सम्पत्ति, मध्यमवर्गबाहिरका मानिस नबस्ने रेसिडेन्सियल बस्ती र व्यक्तिवादको प्रशंसा गर्छन् र यसमा रमाउँछन् । यो नयाँ मध्यमवर्ग र राजनीतिक शक्तिनिकट मानिस सरकार र व्यापारिक क्षेत्रका अगुवा 'क्याप्टेन'सँग नजिक हुन चाहन्छन् । सरकार प्रायः यिनै क्याप्टेनबाट राय लिन्छ र निजीकरणका लागि राज्यको सम्पत्तिको अवमूल्यन गरेर यिनीहरूमाथि उपकार गर्छ । पुँजीपतिलाई राज्यबाट हुने अत्यधिक छुट एवं अनुदान र यसलाई मध्यमवर्गले सहजै स्विकार्नु अहिले सामान्य बनेको छ । यी घटनाक्रमलाई प्रशासनको न्यायीकरणले थप सघाएको छ । अर्थात् लोकतान्त्रिक, सहभागितामूलक, विमर्शयुक्त एवं संसदीय निर्णय प्रक्रियाका तुलनामा सरकारी आदेश वा न्यायालयका फैसला बढी स्वीकार्य बनेका छन् । केही वर्षअगाडि गम्भीर नीति मुद्दा राष्ट्रिय एवं राज्यस्तरका संसद्मा छलफल र बहसका विषय हुने गर्थे । सरकार अहिले संसदीय बहस छक्याएर र विपक्षी छायामा पार्न उद्यत छ ।

राज्यका हर्ताकर्तासँग व्यापारीको घनिष्ट सम्बन्ध छ र यी व्यापारीले कानुन निर्माणमा समेत आफ्नो बलियो प्रभाव जमाएका छन् । यो साँठगाँठमा कुनै आलोचना मौजुद नहुँदा नियमनकारी निकायले ठुल्ठूला कर्पोरेसनलाई नै सहयोग पुगिरहेको छ । केही कम्पनीलाई फाइदा हुने गरी र डिजिटल निगरानी एवं पहरेदारीलाई प्रोत्साहन हुने गरी कानुन बनिरहेका छन् । यसले भारतको परम्परागत अभ्यास र संस्थालाई अवमूल्यन गर्दै मुलुकमा हिन्दुत्वलाई वर्चस्वशाली बनाइरहेको छ । यसका लागि मुलुकका धार्मिक एवं जातीय अल्पसंख्यकले मूल्य चुकाइरहेका छन् ।

(चौधरी रवीन्द्र भारती विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक हुन्)
द वायरबाट

विस्तारित ब्रिक्स होइन, उदीयमान राष्ट्रको स्वतन्त्र संगठनको खाँचो

साउदी अरेबिया, इथियोपिया, इजिप्ट, इरान र युएईको सहभागिताले ब्रिक्स थप धेरै 'लोकतन्त्रविरोधी' क्लबमा परिणत हुनेछ



• डारोन एसेमोग्लु

एमआइटीका अर्थशास्त्रका प्राध्यापक डारोन एसेमोग्लु 'ह्वाई नेसन्स फेल : द ओरिजिन अफ पावर, प्रोस्परिटी एन्ड पोभर्टी (प्रोफाइल, २०१९)' का सहलेखक (जेम्स ए रोबिन्सनसँग) हुन् ।



अगस्ट २२ देखि २४ सम्म दक्षिण अफ्रिकामा आयोजित १५औँ ब्रिक्स सम्मेलनका सहभागी

ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सम्मिलित ब्रिक्सको विस्तार झट्ट सुन्दा राम्रो सुनिन सक्छ । समूहको दक्षिण अफ्रिकामा सम्पन्न पछिल्लो सम्मेलनबाट साउदी अरेबिया, इरान, संयुक्त अरब इमिरेट्स, इथियोपिया, इजिप्ट र अर्जेन्टिना नयाँ सदस्यका रूपमा थपिए । ११ सदस्यीय ब्रिक्स प्लस विश्वको उदीयमान अर्थतन्त्रको थप समावेशी समूह बनेको छ र यो अमेरिकी आधिपत्यविरुद्ध सन्तुलन प्रदान उपयोगी हुने प्रक्षेपण गर्न सकिन्छ । तर, पछिल्लो विस्तारमा ब्रिक्सले खासमा ठूलो अवसर गुमाएको छ ।

संसारलाई अहिले चीन र रुसको खेमामा पंक्तिबद्ध हुन तयार थप देश वा अमेरिकाविरुद्ध खडा हुन तयार देशहरूको आवश्यक छैन; बरु विश्वलाई अहिले चीन-रुसको खेमा र अमेरिकी शक्ति दुवैविरुद्ध उभिनसक्ने वास्तविक रूपमा स्वतन्त्र तेस्रो समूह चाहिएको छ । ब्रिक्सको पछिल्लो विस्तारमा चीनसँग पहिलेदेखि नै मित्रवत् सम्बन्ध भएका देशहरू मात्र समावेश भएका छन् । यस अर्थमा ब्रिक्स प्लस चिनियाँ कूटनीतिको नयाँ औजारमा बदलिन सक्छ । यसले उदीयमान अर्थतन्त्रको हितको प्रतिनिधित्व गर्नुको सट्टा ती मुलुकमा थप चिनियाँ हस्तक्षेपको बाटो खुलाउन सक्छ । सबैभन्दा बढी हानि ती मुलुकका श्रमिक र जनतालाई भोग्न सक्छन् । किनभने चिनियाँ विदेशी लगानीकर्ताले भ्रष्टाचार, न्यून पारदर्शिता र सहजै पुनर्संरचना गर्न नसकिने ऋणद्वारा वित्तपोषण गरिएका ठूला परियोजनालाई प्रोत्साहन दिने गर्छन् ।

साउदी अरेबिया, इथियोपिया, इजिप्ट, इरान र युएईको सहभागिताले ब्रिक्स थप धेरै 'लोकतन्त्रविरोधी' क्लबमा परिणत हुनेछ । जब कि उदीयमान अर्थतन्त्रलाई तिनको भविष्यको आर्थिक र सामाजिक सफलता सुनिश्चित गर्न चाहिने संस्थाहरूको सूचीमा लोकतन्त्रले शीर्ष स्थान ओगटेको पाइएको छ । सुरेश नायडू, पास्कुअल रेस्ट्रेपो र जेम्स रोबिन्सनसँग मिलेर मैले गरेको अध्ययनले ऐतिहासिक रूपमा लोकतान्त्रीकरणले देशलाई ५-१० वर्षभित्रै तीव्र आर्थिक वृद्धिका लागि तयार गर्ने देखाएको छ । (शिक्षा, स्वास्थ्य र अन्य सार्वजनिक सेवामा लगानी वृद्धिमार्फत ।)

उता चीनसँगको संलग्नताले लोकतान्त्रीकरणतर्फको यात्रामा बाधा पुग्ने र अधिनायकवाद प्रेरित हुने गरेको पाइएको छ । पछिल्लो समय बढ्दो रूपमा उदीयमान अर्थतन्त्रमा लोकतान्त्रिक संस्थाको क्षयीकरण भइरहँदा नयाँ ब्रिक्स प्लसले आगोमा घिउको काम गर्नेछ । अहिले चीन-अमेरिकी प्रतिद्वन्द्वी तीव्र हुँदै गइरहेको छ र यसले विस्तारै विश्व व्यवस्थालाई नयाँ आकार दिँदै छ । यस्तोमा उदीयमान अर्थतन्त्रलाई स्वतन्त्र आवाजको आवश्यकता पर्छ । अमेरिका-चीन सम्बन्ध बिग्रेर उनीहबीचको द्विपक्षीय व्यापार तथा वित्तीय प्रवाहमा घट्दा उदीयमान राष्ट्रको हित सम्भावना छैन ।

> संसारलाई अहिले चीन र रुसको खेमामा पंक्तिबद्ध हुन तयार थप देश वा अमेरिकाविरुद्ध खडा हुन तयार राष्ट्रहरूको आवश्यक छैन, बरु चीन-रुसको खेमा र अमेरिकी शक्ति दुवैविरुद्ध उभिनसक्ने वास्तविक रूपमा स्वतन्त्र तेस्रो समूह चाहिएको छ

त्यसैगरी, उदीयमान अर्थतन्त्रहरूले कृत्रिम बौद्धिकता(एआई) र अन्य द्रुत रूपमा विकसित भइरहेको डिजिटल प्रविधिको भविष्यलाई प्रभाव पार्ने दक्षता विकास गर्न आवश्यक छ । च्याटजिपिटीजस्तो समयसँगै सबल हुने एआई उपकरणलाई लिएर हाल देखिएको उत्साह वास्तविकताभन्दा हल्ला बढी भए पनि निकट भविष्यमै एआई र अन्य सञ्चार प्रविधिमा द्रत प्रगति हुने सम्भावना छ । र, यसले श्रमको विश्वव्यापी विभाजनलाई पुनर्निर्माण गर्नेछ, जसबाट सबै देश प्रभावित हुनेछन् । यी प्रविधिले कामदारमाथि ठूलो नकारात्मक प्रभाव पार्न सक्छ, विशेषतः उदीयमान विश्वमा । जस्तो, भारतले ह्वाइट कलर (उच्च आयुक्त) कामदारले बनाउने सफ्टवेयरले निर्यात गर्दै आएको छ । अब उदीयमान अर्थतन्त्रका बौद्धिक र शारीरिक श्रमिकले धनी देशमा महँगा उच्च शिक्षित श्रमिकसँग नभएर एआई-सञ्चालित उन्नत सफ्टवेयर र रोबोटिक्ससँग प्रतिस्पर्धा गर्ने दिन आउँदै छ ।

एआई प्रविधिले धेरै देशको राजनीतिको समेत पुनर्संरचना गर्ने सम्भावना छ । भविष्यमा एआई-सञ्चालित सामाजिक सञ्जाल र गलत सूचनाले भिडियो र अन्य हेरफेर प्रविधिसहितलाई बढ्दो रूपमा जनमत र चुनावी राजनीतिलाई प्रभावित गर्नेछ । अधिकांश विकासशील र उदीयमान अर्थतन्त्रसँग यो प्रविधिलाई नियमन गर्न आवश्यक सहयोगी संस्था छैनन् । यसबाहेक, नयाँ प्रविधिको आगमनपछि सरकारको हातमा आफ्नो जनताको निगरानी गर्ने र विरोधीहरूलाई दबाउने शक्तिशाली औजार आएको छ ।

विश्वले प्रविधि क्षेत्रमा आमूल परिवर्तन भोगिरहँदा प्रविधिको भविष्यलाई आकार दिने शक्ति भने चिनियाँ अधिकारी, अमेरिकी प्रविधि मालिक (न्यून नियामक छानबिनको कारण) र बढ्दो रूपमा युरोपियन संघमै सीमित देखिएको छ । यीमध्ये कुनै पनि मुलुकले उदीयमान विश्वको चासोलाई प्रतिबिम्बित गर्दैनन् । त्यसरी नै नवगठित ब्रिक्सले पनि त्यस्तो चासो प्रतिनिधित्व गर्ने सम्भावना छैन, किनकि यसले अरूभन्दा पनि चीनकै कूटनीतिक क्षमता मात्रै वृद्धि गर्नेछ । सौभाग्यवश, नयाँ सदस्य चयनमा चीनको संकीर्णताले ब्रिक्स प्लसको विकल्पको मार्गप्रशस्त गरेको छ ।

ब्रिक्समा नबोलाइएका अन्य प्रमुख उदीयमान राष्ट्र इन्डोनेसिया, टर्की, मेक्सिको, कोलम्बिया, मलेसिया, नाइजेरिया, बंगलादेश र केन्याजस्ता अर्थतन्त्रहरूले वास्तविक स्वतन्त्र ब्लक (समूह) निर्माण गर्न सक्छन् । त्यसमा पछि गएर ब्रिक्स छाडेर अर्जेन्टिना, ब्राजिल, भारत र दक्षिण अफ्रिका पनि सामेल हुन आउन सक्छन् । यी प्रत्येक देशले लोकतान्त्रिक प्रक्रियामा आ-आफ्नै समस्या भोगिरहेको भए पनि लोकतन्त्रसँगको तिनको लामो अनुभवले तिनलाई एक साझा आधार प्रदान गर्दछ । अझ महत्त्वपूर्ण कुरा, ती मुलुकबीच बन्ने समूहले औपचारिक रूपमा चीन र अमेरिका दुवैको गुटमा नरहेको घोषणा गर्नुपर्छ । उदीयमान अर्थतन्त्रबीच गठन हुने स्वतन्त्र समूहले मात्र भूमण्डलीकरण र प्रविधिको भविष्यसम्बन्धी बहसमा अतिआवश्यक तेस्रो आवाज प्रदान गराउँछ । यो आजको भूराजनीतिक प्रतिद्वन्द्वितामा बेवास्ता गर्न नसकिने विकल्प हो ।

- प्रोजेक्ट सिन्डिकेटबाट

विश्व संक्षेप

मध्य-आकाशमा इजिप्टको विमानमा इन्धन हालियो

नयाँदिल्ली/ भारतीय वायुसेनाको विमानले मध्य-आकाशमा इजिप्टको जेट विमानमा इन्धन हालिदिएको छ । ब्राइट स्टार सैन्य अभ्यासअन्तर्गत भारतीय वायुसेनाको आइएल-७८ विमानले इजिप्टको वायुसेनाको विमानमा आइतबार इन्धन भरेको हो । 'इजिप्टको आकाशमा भारत-इजिप्ट मैत्रीलाई ब्राइट स्टार-२३ को माध्यमबाट अझ सुदृढ बनाउने प्रयास भएको छ,' भारतीय वायुसेनाले आफ्ना केही सैन्य अधिकारी आगामी तीन साता इजिप्टमा रहने जनाउँदै सामाजिक सञ्जालमा भनेको छ । यसैबीच, भारतको रक्षा मन्त्रालयले पारस्परिक प्रतिरक्षा सहयोग सुदृढ तुल्याउने उद्देश्यले उक्त बहुपक्षीय अभ्यासमा वासुसेनाका एक सय ५० जना कर्मचारी ब्राइट स्टार-२३ मा सहभागी हुन इजिप्ट पुगेका जनाएको छ । ब्राइट स्टार संयुक्त सैन्य अभ्यासमा अमेरिका, साउदी अरब ग्रिस र कतारका वायुसेनाका अधिकारीले पनि भाग लिएका रक्षा मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

आठ महिनामा दुई लाख ८० हजारलाई भर्ती

मस्को/ रुसका पूर्वराष्ट्रपति तथा सुरक्षा परिषद्का अध्यक्ष दिमित्री मेदभदेवले बितेका आठ महिनामा रुसी सेनामा दुई लाख ८० हजार मानिसलाई भर्ती गरिएको बताएका छन् । सुदूरपूर्वी टापु सखालिनको भ्रमणमा रहेका पूर्वराष्ट्रपतिले आइतबार उक्त जानकारी दिएका हुन् । युक्रेनसँगको आक्रामक कारबाही १९औँ महिनामा चलिरहेका बेला धेरैभन्दा धेरै पुरुषलाई सेनामा आकर्षित गर्ने प्रयास भएको बताउँदै उनले केही स्वयंसेवक र जगेडामा रहेका सैनिकलाई रणमैदानमा परिचालन गरिएको बताए । रुसी सेनाले अनलाइन र रुसी सडकमा व्यापक विज्ञापन निकालेर स्वयंसेवक भर्ती गर्न ठूलो प्रचार अभियान पनि सञ्चालन गरेको छ । सन् २००८ देखि २०१२ सम्म रुसको नेतृत्व गरेका मेदभदेवले युक्रेन आक्रमणको समर्थन गर्दै आएका छन् ।

सबै देशबाट राजदूत फिर्ता बोलाउन निर्देशन

अबुजा/ पश्चिम अफ्रिकी देश नाइजेरियाले विदेशमा रहेका आफ्ना सबै राजदूतहरूलाई फिर्ता बोलाएको छ । राष्ट्रपति बोला टिनुबुले कूटनीतिक सेवा र गैरकूटनीतिक सेवाबाट विश्वका विभिन्न मुलुकमा देशमा नियुक्त सबै राजदूतलाई फिर्ता बोलाउन निर्देशन दिएका हुन् । विदेशमा रहेका नाइजेरियाली वाणिज्य दूतावास कार्यालय र दूतावासको अवस्थाको अनुसन्धानपछि राष्ट्रपतिको यो आदेश आएको हो । नाइजेरियका कूटनीतिक नियोगहरूबाट विश्वस्तरीय दक्षता र गुणस्तर सुनिश्चित गर्ने उद्देश्यले राष्ट्रपति टिनुबुले राजदूत फिर्ता बोलाउन निर्देशन दिएका उनका प्रवक्ता अजुरी एनगेलेले स्पष्ट गरेका छन् । तर, न्युयोर्क र जेनेभास्थित संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय निकायमा स्थायी प्रतिनिधिका रूपमा खटिएकाहरूलाई भने तत्काल फिर्ता नबोलाउन राष्ट्रपतिले निर्देशन दिएका प्रवक्ता एनगेलेले बताए । संयुक्त राष्ट्रसंघको आसन्न ७८औँ महासभालाई दृष्टिगत गरी जेनेभा र न्युयोर्कमा रहेका स्थायी प्रतिनिधिलाई फिर्ता नबोलाइएको प्राप्त विवरणमा जनाइएको छ ।

इतिहासमा आज

सेप्टेम्बर ४



सन् १८७० : फ्रान्समा नेपोलियन तृतीयलाई सम्राटको पदबाट हटाइयो । फ्रान्सको पहिलो निर्वाचित राष्ट्रपति नेपोलियनले सन् १८५२ मा सम्राटको उपाधि ग्रहण गरेका थिए । फ्रान्स र उत्तर जर्मनबीचको युद्धको समयमा नेपोलियनको आत्मसमर्पणको प्रतिक्रियामा उनलाई पदमुक्त गरिएको थियो । सत्ताबाट हटाइएपछि उनी बेलायतमा निर्वासित भए, जहाँ उनको सन् १८७३ को जनवरी ९ मा मृत्यु भयो ।

सन् १९०८ : चर्चित उपन्यासकार तथा छोटो कथाका लेखक रिचार्ड राइटको जन्मदिन । राइट अश्वेतप्रति गोराहरूको व्यवहारको विरोध गर्ने अफ्रिकीमूलका अमेरिकी लेखकहरूमध्ये एक थिए ।

सन् १९७५ : इजिप्ट र इजरायलबीच सिनाई द्वितीय सम्झौतामा हस्ताक्षर । सम्झौताअन्तर्गत दुई देशबीचको द्वन्द्व सैन्य बलको सट्टा शान्तिपूर्ण माध्यमद्वारा समाधान गर्ने उल्लेख छ ।

सन् १९८९ : अमेरिकी अन्तरिक्ष निकाय नासा र अमेरिकी हवाई फौजद्वारा अन्तिम टिटान तृतीय रकेट प्रक्षेपण ।

सन् १९९८ : विश्व प्रसिद्ध सर्च इन्जिन गुगलको स्थापना । वर्ल्डवाइड वेबमा तत्काल सूचनाको पर्यायवाची गुगललाई त्यारी पेज र सर्गेई ब्रिनले सिर्जना गरेका थिए । पेज र ब्रिन स्ट्यानफोर्ड युनिभर्सिटीमा डक्टरले विद्यार्थी हुँदा यो अनुसन्धान परियोजनाको रूपमा सुरु भयो ।

सन् २०१६ : अडर अफ दी मिसनरिज अफ च्यारिटी तथा सन् १९७९ मा नोबल शान्ति पुरस्कार विजेता मदर टेरेसालाई क्रिस्चियन धर्मगुरु फ्रान्सिस प्रथमद्वारा सन्त घोषित ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०५/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

कोहलपुर शाखा, बाँके

ऋणीको विवरण

१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, नेपालगंजमा प्रा.फ.र.नं. ६७६५०/०५६/०५७ अन्तर्गत मिति २०५६/०८/२६ मा दर्ता कायम भएको **हरिमाया किराना स्टोर्स**
फर्म दर्ता ठेगाना : मोतीपुर - ६ (हाल : बाँसगढी न.पा.- ०५, बाँसगढी बजार), बर्दिया
स्थायी लेखा नं. ३००७३७७०१, मिति २०५८/०९/२५
प्रोप्राईटर : शिव प्रसाद तिमिल्सीना
कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा अल्पकालिन कर्जा

२. प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गुलरिया, बर्दियामा प्राइभेट फर्म दर्ता नं. ०११३-१२-२०७८/७९ अन्तर्गत मिति २०७८/०४/३२ मा दर्ता कायम भएको **सरु स्टोर**
फर्म दर्ता ठेगाना : बाँसगढी न.पा.- ०५, बाँसगढी बजार, बर्दिया
स्थायी लेखा नं. ६१६१२२८४, मिति २०७८/०४/१०
प्रोप्राईटर : सरस्वती तिमिल्सीना
कर्जा शिर्षक : आवधिक कर्जा

३. शिवप्रसाद तिमिल्सीना
कर्जा शिर्षक : आवधिक कर्जा

प्रोप्राईटर/व्यक्तिगत जमानत दिनेको विवरण

सरस्वती तिमिल्सीना	शिवप्रसाद तिमिल्सीना
ना.प्र.नं. २१०७५ जारी मिति २०६०/०७/२१ जि.प्र.का. बर्दिया	ना.प्र.नं. ५१५८८जारी मिति २०५३/११/१६, जि.प्र.का. कास्की
बाबुको नाम : कृष्ण लाल देवकोटा	बाबुको नाम : बाबुराम तिमिल्सीना
पतिको नाम : शिवप्रसाद तिमिल्सीना	बाजेको नाम : बालाराम तिमिल्सीना
ससुराको नाम : बाबुराम तिमिल्सीना	स्थायी ठेगाना : पोखरा - १०, कास्की
स्थायी ठेगाना : बाँसगढी न.पा.- ०४, बाँसगढी बजार, बर्दिया	हालको ठेगाना : बाँसगढी न.पा.- ०५, बाँसगढी बजार, बर्दिया

धितोको विवरण

घर/जग्गाको विवरण

१. बालाराम तिमिल्सीनाको नाती, बाबुराम तिमिल्सीनाको छोरा, शिव प्रसाद तिमिल्सीनाको नाममा मालपोत कार्यालय, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, मोतीपुर गा.वि.स/न.पा. वडा नं. ६ स्थित कित्ता नं. २६२६, २६१९, २६२१ र २६२४ को क्षेत्रफल क्रमशः ०-०-३.५०-०, ०-५-०-०, ०-५-०-० र ०-०-१२-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. कृष्ण लाल देवकोटाको छोरी, बाबुराम तिमिल्सीनाको बुहारी, शिव प्रसाद तिमिल्सीनाको पत्नी, सरस्वती तिमिल्सीनाको नाममा मालपोत कार्यालय, गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको
क) बर्दिया जिल्ला, मोतीपुर गा.वि.स/न.पा. वडा नं. ८ स्थित कित्ता नं. ५५२९ र ५८७८ को क्षेत्रफल क्रमशः ०-०-३.४३-० र ०-०-९-० विगाहाको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
ख) बर्दिया जिल्ला, मोतीपुर गा.वि.स/न.पा. वडा नं. ८ स्थित कित्ता नं. २९४१, ३१६९, ७०६०, ७०५८, ५२८८, ७०६१ र ७०५९ को क्षेत्रफल क्रमशः ०-०-१०-०, ०-०-८-०, ०-०-९-०, ०-०-११-०, ०-३-१७.५०-०, ०-२-०-० र ०-३-२.५०-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

राजविराज शाखा, सप्तरी

ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. २, नेपाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, राजविराज, सप्तरीमा प्र.फ.र.नं. ८८४२/०७६/०७७ अन्तर्गत मिति २०७६/०६/१२ मा दर्ता कायम भएको **कोशी ईट्टा उद्योग**
फर्म दर्ता ठेगाना : विष्णुपुर गा.पा. -१, सप्तरी
स्थायी लेखा नं. ६१२१५०६४५, मिति २०७६/०६/१४
प्रोप्राइटर : मन्जु देवी यादव
ना.प्र.नं. ४१९६ जारी मिति २०५६/०६/०६, जि.प्र.का. सप्तरी
बाबुको नाम : जलेश्वर यादव
पतिको नाम : कृष्ण देव यादव
ससुराको नाम : हरिनारायण यादव
स्थायी ठेगाना : मलेकपुर -५, सप्तरी
हालको ठेगाना : विष्णुपुर गा.पा. -१, सप्तरी
कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड, सवारी साधन तथा अल्पकालिन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

कृष्ण देव यादव	हरि नारायण यादव
ना.प्र.नं. १६१०९२/३६५ जारी मिति २०६८/०८/२५ जि.प्र.का. सप्तरी	ना.प्र.नं. ५९२४०५१६ जारी मिति २०४१/०६/११ जि.प्र.का. सप्तरी
बाबुको नाम : हरिनारायण यादव	बाबुको नाम : बलदेव यादव
बाजेको नाम : बलदेव यादव	बाजेको नाम : गोविन्द यादव
स्थायी ठेगाना : मलेकपुर -५, सप्तरी	स्थायी ठेगाना : मलेकपुर -५, सप्तरी
हालको ठेगाना : विष्णुपुर गा.पा. -१, सप्तरी	हालको ठेगाना : विष्णुपुर गा.पा. -१, सप्तरी

धितोको विवरण

घर/जग्गाको विवरण

१. गोविन्द यादवको नाति, बलदेव यादवको छोरा, हरि नारायण यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला मलेकपुर गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं. १५७६ को क्षेत्रफल ०-४-६.२५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बलदेव यादवको नाति, हरिनारायण यादवको छोरा, कृष्ण देव यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला मलेकपुर गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं. १४९४ र १४९९ को क्षेत्रफल क्रमशः ०-३-०-० र ०-१-६-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. बलदेव यादवको नाति, हरिनारायण यादवको छोरा, कृष्ण देव यादवको नाममा मालपोत कार्यालय कंचनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला रुपनगर गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं. ८११, ८०९ र ८०७ को क्षेत्रफल क्रमशः ०-०-१२.५-०, ०-१-१८.७५-० र ०-३-७.७५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	च्यासिस नं.	इन्जिन नं.
JCB New 3 DX Super Backhoe Loder	Pradesh 2-02 001 ka 0450	2020	HAR3DXSUL02857465	H00261939

नोट : यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधन हाल बैंकको कब्जामा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कायालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्ने छ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र बापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिने

कृषि मन्त्रालयअन्तर्गतका निकाय तत्काल खारेज नहुने

काठमाडौं/ चालू आवको बजेटमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतका सम्बन्धित निकायलाई आगामी मंसिरसम्म पुनर्संरचना गरेर लैजाने गरी बजेट खुला गरिएको छ। मंसिरसम्म पुनर्संरचना गरिने भएपछि अर्थ मन्त्रालयबाट बजेट खुला गरिएको हो।

आइतबार कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा भएको पत्रकार सम्मेलनमा बजेटमा खारेज गर्ने भनिएको दुग्ध विकास बोर्ड खारेज नगर्ने र शून्य बजेट भएका कार्यालयलाई बजेट खुला गरिएको कृषि तथा पशुपन्छी विकासमन्त्री डा. वेदुराम भुसाललेे बताए। यस्तै, कपास विकास समिति खारेज गर्ने वा नगर्नेबारेमा छलफल भइरहेको मन्त्रालयको भनाइ छ।

लम्पी स्किनपीडित किसानलाई क्षतिपूर्ति दिइने

लम्पी स्किनबाट पशुमा क्षति भएका किसानलाई राहत उपलब्ध गराइने भएको छ। मन्त्रालयले अहिलेसम्म भएका पशुक्षतिको पूर्ण आकलन गरी क्षतिपूर्ति वितरणका सम्बन्धमा 'लम्पी स्किन राहत वितरण मापदण्ड २०८०' तयार पारी सहमतिका लागि गृह र अर्थ मन्त्रालय पठाइएको मन्त्रालयले जनाएको छ। अहिले लम्पी स्किन रोग केही घट्दै गएको मन्त्रालयले जनाएको छ। संक्रमण भएका १५ लाख १९ हजार सात सय ७९ पशुमध्ये १३ लाख ९३ हजार पाँच सय ९५ निको भएका छन्। हालसम्म ५२ हजार ५ सय ४८ पशुको मृत्यु भएको मन्त्रालयको भनाइ छ।

त्यस्तै, सरकारले भारतको सहयोगमा लम्पी स्किनविरुद्धको खोप उत्पादन गर्ने भएको छ। भारतबाट कच्चा पदार्थ ल्याएर उसैको प्राविधिक सहयोगमा नेपालले खोप उत्पादन गर्ने मन्त्री भुसालले बताए। यद्यपि, कहिलेबाट र के-कति खोप उत्पादन गर्ने भन्नेबारे उनले खुलाएनन्।

चैते धान उत्पादन अभियान चलाइने

यस वर्ष लामो समयसम्म खडेरी पर्दा धान उत्पादनमा कमी आउन सक्ने कृषि मन्त्रालयले आकलन गरेको छ। मन्त्रायले यस वर्ष गत वर्षभन्दा रोपाइँ पनि कम भएको र लामो समयसम्म खडेरी पर्दा धान उत्पादनमा कमी आउन सक्ने भन्दै चैते धान उत्पादन बढाउने अभियान चलाउन लागिएको मन्त्रालयले जनाएको छ। यस वर्ष चैते धान लगाइएको एक लाख १८ हजार हेक्टरलाई दोब्बर गरेर दुई लाख ४० हजार पुऱ्याउने लक्ष्य रहेको छ। मन्त्रालयले ऊर्जा जलस्रोत र सिँचाइ मन्त्रालय मिलेर चैते धान उत्पादनलाई बढाउने मन्त्रालयको रणनीति रहेको छ। मन्त्रालयले संक्रामक पशुरोग नियन्त्रण ऐन २०८० र पशु कल्याण ऐन २०८० मस्यौदा भई छलफलका क्रममा रहेको जानकारी दिएको छ।

एमालेनिकट व्यवसायीले दिए आन्दोलनको चेतावनी

काठमाडौं/ नेपाल उद्योग तथा व्यवसायी महासंघले उद्योग व्यवसाय तथा अर्थतन्त्र सुधारका लागि तत्काल ठोस कदम नचाले चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएको छ। एमालेनिकट महासंघले वर्तमान समस्या समाधान गर्दै अर्थतन्त्रलाई चलायमान बनाउने सुझावसहितको १० बुँदे माग राखेको छ। महासंघले आफ्ना माग पूरा नभए चरणबद्ध आन्दोलन गर्ने घोषणासमेत गरेको छ।

महासंघले आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै नीतिगत व्यवस्था एवं अवरोधपूर्ण कार्यमा सुधार ल्याई देशको अर्थतन्त्र चलायमान बनाएर मुलुकलाई अहिलेको जटिल परिस्थितिबाट निकास दिन सरकारसँग माग गरेको हो। 'अहिलेको व्यवसायीमैत्री नीति नियम बनाएर अर्थतन्त्र चलायमान बनाउनुपर्ने अवस्थामा अझै झन्झटिलो र अव्यावहारिक कर नीतिहरू अवलम्बन गर्दा अनौपचारिक अर्थतन्त्र मौलाउन पुगेको छ,' महासंघले भनेको छ, 'उद्योग व्यवसाय र अर्थतन्त्र सुधारका लागि अविलम्ब ठोस कदम नचाले हामी चरणबद्ध रूपमा कडा विरोधका कार्यक्रमहरूसहित आन्दोलन गर्नेछौं।'

■ यस्ता छन् महासंघका माग

महासंघले देशमा रोजगारी सिर्जना गर्ने तथा कर तिर्ने व्यवसायीहरूलाई नीतिमा सहजीकरण गर्दै संरक्षण गर्नुपर्ने, अनुसन्धानका नाममा हिरासतमा लिनेजस्ता कार्य रोक्नुपर्ने र अहिले देखिएको उच्च ब्याज घटाउनुपर्ने माग राखेको छ। त्यस्तै, आफूखुसी र एकलौटी ब्याज बढाउने बैंकको प्रवृत्तिमा राष्ट्र बैंकले नियन्त्रण गर्नुपर्ने, चालू पुँजी कर्जा संशोधन गरी वाणिज्य क्षेत्रलाई पनि राहत दिनुपर्ने र सेयर बजारमा लगाउँदै आएको १२ करोडको कर्जा सीमाको नीति खारेज र यस्तो कर्जाको जोखिम भार १०० नै कायम गर्नुपर्ने माग पनि महासंघले राखेको छ। त्यस्तै, सहकारी क्षेत्रले परिचालन गरेको करिब ८ खर्ब ध्वस्त भएको भन्दै यस क्षेत्रलाई उद्धार गर्न आवश्यक रहेकाले संरक्षणको कार्ययोजनासहित ठोस कदम चाल्नुपर्ने, सरकार र राष्ट्र बैंकले लघुवित्तीय संस्थालाई अझै व्यवस्थित रूपमा सञ्चालन गर्न दीर्घकालीन नीति तय गर्नुपर्ने, निर्माण व्यवसायीलाई निर्माण सम्पन्न गरेको कामको भुक्तानी समयमै दिनुपर्ने र कृषि, गलैंचा, पर्यटन र हवाई टिकटमा समेत भ्याट लगाउने नीतिबाट फिर्ता हुनुपर्ने महासंघले माग राखेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५०७९६/०७७/०७८ अन्तर्गत मिति: २०७७/०९/०८ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. २, नयांपाटी स्थित **सौभाग्य इम्पोर्ट एक्सपोर्ट ट्रेडर्स प्रा.लि.** **संचालक तथा जमानीकर्ता: उमा उप्रेती** स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर न.पा. वडा नं.१० हालको ठेगाना : काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं.२ बाबु : राम प्रसाद वोखले ससुरा : डिल्ली प्रसाद उप्रेती पति : डम्वर राज उप्रेती

जमानीकर्ताहरुको विवरण

१) डम्बर राज उप्रेती स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. १२ हालको ठेगाना : काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. २ बाबु : डिल्ली प्रसाद उप्रेती बाजे : पशुपती उप्रेती	**२) ममता थापा उप्रेती** स्थायी ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९ हालको ठेगाना : काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. २ बाबु : सीताराम थापा ससुरा : डम्वर राज उप्रेती पति : सुभाष उप्रेती	**३) सुभाष उप्रेती** स्थायी ठेगाना : चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं.१ हालको ठेगाना : काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. २ बाबु : डम्वर राज उप्रेती बाजे : डिल्ली प्रसाद उप्रेती

ऋणीको विवरण

२) ममता थापा उप्रेती
स्थायी ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९
हालको ठेगाना : काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. २
बाबु : सीताराम थापा
ससुरा : डम्वर राज उप्रेती
पति : सुभाष उप्रेती

जमानीकर्ताहरुको विवरण

१) सुभाष उप्रेती स्थायी ठेगाना : चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं. १ हालको ठेगाना : काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. २ बाबु : डम्वर राज उप्रेती बाजे : डिल्ली प्रसाद उप्रेती	**२) डम्बर राज उप्रेती** स्थायी ठेगाना : चितवन जिलला, भरतपुर न.पा. वडा नं.१२ हालको ठेगाना : काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. २ बाबु : डिल्ली प्रसाद उप्रेती बाजे : पशुपती उप्रेती	**३) उमा उप्रेती** स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. १० हालको ठेगाना : काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. २ बाबु : राम प्रसाद वोखले ससुरा : डिल्ली प्रसाद उप्रेती पति : डम्वर राज उप्रेती

धितोको विवरण

१) राम प्रसाद वोखलेकी छोरी, डिल्ली प्रसाद उप्रेतीकी बुहारी, डम्वर राज उप्रेतीकी पत्नि, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं.१० स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं.२ बस्ने उमा उप्रेतीको नाममा मालपोत कार्यालय साँखु काठमाण्डौ को लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, नयाँपाटी गा.वि.स. वडा नं. ७ (हाल गोकर्णेश्वर न.पा. वडा नं.२) स्थित कित्ता नं. ४७६ र १३२६ को क्षेत्रफल क्रमश : ०-६-२-० र ०-३-०-२(रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) सौभाग्य इम्पोर्ट एक्सपोर्ट ट्रेडर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

२)	१) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, फर्म रजिष्ट्रेशन शाखामा प्रा.फ.र.नं. १०७६७३/०६९/७०, भारत आयात अन्तर्गत मिति २०६९/०७/२० मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४ स्थित **ए. शुभलक्ष्मी सप्लायर्स** **प्रोप्राइटर तथा जमानीकर्ता: लक्ष्मी बहादुर शाही** ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १७ बाबु : भीम बहादुर साही बाजे : जगत बहादुर साही	**२) लक्ष्मी बहादुर शाही** ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १७ बाबु : भीम बहादुर साही बाजे : जगत बहादुर साही

धितोको विवरण	जमानीकर्ताको विवरण
१) धन लाल साहीकी छोरी, जगत बहादुर साहीकी बुहारी, भीम बहादुर साहीकी पत्नी, काठमाण्डौं जिल्ला, का.न.पा. वडा नं. १७ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १७ बस्ने कृष्ण माया साहीको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता कायम रहेको, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १७ स्थित कित्ता नं. ८८५ को क्षेत्रफल ०-१-०-३ (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) ए. शुभलक्ष्मी सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	**कृष्ण माया साही** स्थायी ठेगाना : काठमाण्डौं जिल्ला, काठमाण्डौं न.प. वडा नं. १७ हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १७ बाबु : धन लाल साही ससुरा : जगत बहादुर साही पति : भीम बहादुर साही

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

Government of Sudur Pashchim Province
Ministry of Social Development
Province Health Logistic Management Center
Dhangadhi, Kailali, Nepal

Invitation for Electronic Bids

Date of publication: 2080/05/18 (September 04, 2023)

1. The **Province Health Logistic Management Center Dhangadhi-05, Kailali** invites electronic bids from eligible bidders for the following goods under National competitive bidding - **Single Stage Two Envelope procedures** specified in public procurement Act & Regulations. As below:

S. N.	Description of Goods	IFB No.	Bid Security	Bid Security Validity
1	The Procurement, Supply and Delivery Urology Instrument Set (Package-1)	(PHLMCSP/G/ NCB-1.1/2080-081)	1,80,000.00	2080/10/18 (Feb 01, 2024)
2	The Procurement, Supply and Delivery C-Arm Machine (Package-2)	(PHLMCSP/G/ NCB-1.2/2080-081)	1,35,000.00	2080/10/18 (Feb 01, 2024)

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Province Health Logistic Management Center Dhangadhi, Kailali,** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com

Acting Director

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय रंगेली, मोरङ्ग तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/५/१८ गते सोमवारको नयाँ पत्रिका राष्ट्रिय दैनीक)

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि) का तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तरगत लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ता ले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएको गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **रंगेली मोरङ्ग**मा दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति मिति २०८०/०६/२९ गते सोमवारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय रंगेली, मोरङ्गमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

१.	**ऋणी :** नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०४/२३ मा दर्ता भई दर्ता नं. ८५३५१/०६८/०६९ कायम भई मोरङ्ग जिल्ला, रंगेली न.पा वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहेको **सिद्धार्थ हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा.लि.** ।	
	संचालक/जमानतकर्ता: विक्रम प्रसाद मंडल (ना.प्र.न. ३१२४/३०/०५३ जारी मितीः २०५३/१०/२४ जि.प्र.का.मोरङ्ग) । ठेगाना : हाल मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : नन्द किशोर मण्डल । बाजेः कदमलाल मण्डल	**जमानतकर्ता:. शुष्मा कुमारी मंडल** (ना.प्र.न. ६७७८/१५३५ जारी मितिः २०५५/११/०३ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : ददु मंडल पति : विक्रम प्रसाद मंडल/ससुराः नन्द किशोर मण्डल
	जमानतकर्ता : नन्द किशोर मण्डल (ना.प्र.न. १३४५/१४१० जारी मितिः २०३३/०३/११ जि.प्र.का.मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : कदमलाल मण्डल । बाजेः वस्तीलाल मण्डल	**जमानतकर्ता:. मानकी देवी मण्डल** (ना.प्र.न. २१७ जारी मितिः २०४३/०९/०९ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : माहाविर मण्डल । पति : नन्द किशोर मण्डल/ससुराः कदमलाल मण्डल
	जमानतकर्ता : पंकज कुमार मंडल (ना.प्र.न. ६२३५/१५८८ जारी मितीः २०५५/०८/१५ जि.प्र.का.मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : नन्द किशोर मण्डल बाजेः कदमलाल मण्डल	**जमानतकर्ता:. सोनिका कुमारी मण्डल** (ना.प्र.न. ७६० जारी मितिः २०७१/०६/०८ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरंग जिल्ला रंगेली गा.वि.स./न.पा. वडा नं. २ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : अशोक कुमार मण्डल । पति : पंकज कुमार मंडल/ससुराः नन्द किशोर मण्डल
२	**ऋणी/जमानतकर्ता : विक्रम प्रसाद मंडल** (ना.प्र.न. ३१२४/३०/०५३ जारी मितीः २०५३/१०/२४ जि.प्र.का.मोरङ्ग) । ठेगाना : हाल मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : नन्द किशोर मण्डल । बाजेः कदमलाल मण्डल	
	जमानतकर्ता : नन्द किशोर मण्डल (ना.प्र.न. १३४५/१४१० जारी मितीः २०३३/०३/११ जि.प्र.का.मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : कदमलाल मण्डल । बाजेः वस्तीलाल मण्डल	**जमानतकर्ता:. मानकी देवी मण्डल** (ना.प्र.न. २१७ जारी मितिः २०४३/०९/०९ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : माहाविर मण्डल । पति : नन्द किशोर मण्डल/ससुराः कदमलाल मण्डल
	जमानतकर्ता : पंकज कुमार मंडल (ना.प्र.न. ६२३५/१५८८ जारी मितीः २०५५/०८/१५ जि.प्र.का.मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : नन्द किशोर मण्डल बाजेः कदमलाल मण्डल	**जमानतकर्ता:. सोनिका कुमारी मण्डल** (ना.प्र.न. ७६० जारी मितिः २०७१/०६/०८ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरंग जिल्ला रंगेली गा.वि.स./न.पा. वडा नं. २ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : अशोक कुमार मण्डल । पति : पंकज कुमार मंडल/ससुराः नन्द किशोर मण्डल
	जमानतकर्ता : अभिषेक मंडल (ना.प्र.न. ०५-०६-७८-०२०३९ जारी मितीः २०७८/०६/१० जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरंग जिल्ला रंगेली न.पा. वडा नं. ६ । बाबु : विक्रम प्रसाद मंडल । बाजेः नन्द किशोर मण्डल	**जमानतकर्ता:. शुष्मा कुमारी मंडल** (ना.प्र.न. ६७७८/१५३५ जारी मितिः २०५५/११/०३ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६ । बाबु : ददु मंडल पती : विक्रम प्रसाद मंडल/ससुराः नन्द किशोर मण्डल

धितो बिवरण:

१. नन्द किशोर मण्डलको नाममा मालपोत कार्यालय रंगेली मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला रंगेली नगरपालिका/गा.बि.स. वडा नं. ६ नक्सा सिट नं. ६/१७८०७२२ स्थित कि.नं.१७ को क्षेत्रफल ६७२०।०० वर्ग.मि. घर/जग्गा तथा सो घर/जग्गा जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात
२. नन्द किशोर मण्डलको नाममा मालपोत कार्यालय रंगेली मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला रंगेली नगरपालिका/गा.बि.स. वडा नं. ६ नक्सा सिट नं. ६/१७८०७२१ स्थित कि.नं. ७१५ को क्षेत्रफल ६७७।२६ वर्ग.मि. घर/जग्गा तथा सो घर/जग्गा जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात
३. ऋणी **सिद्धार्थ हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा.लि.**को प्लान्ट/मेशिनरीको हाइपोथिकेशन ।

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय रंगेली मोरङ्ग** बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा न

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १८ भदौ ०८०

संविधानविपरीत ऐनविनै कर उठाउँदै कोशी सरकार

सरकार बजेटविहीन छ, तैपनि राजस्व संकलन निरन्तर, प्रमुख प्रतिपक्षीको मौन समर्थन

राज्यलाई नै अपांग बनाउन त मिलेन

● **बाबुराम गौतम**, आर्थिक मामिला तथा योजनामन्त्री



सरकार चलाउन जसरी भए पनि राजस्व संकलन गर्नुपर्ने बाध्यता छ। अहिले नै खुट्टा छाड्न त मिलेन। खर्च गर्ने उपाय हामीसँग छैन। राजस्व संकलन गरिरहेका छौं। जनताको काम रोक्न मिलेन। कानुनी अडचन खोल्ने गरी संकलन गरिरहेका छौं। जुन सरकार आए पनि पछि मिल्छ। राज्यलाई नै अपांग त बनाउन मिलेन।

कानुनबमोजिम कर उठाउन हाम्रो आपत्ति छैन

● **रेवतीरमण भण्डारी**, प्रमुख सचेतक, एमाले



ऐनले तोकेको कर दस्तुर उठाउन ऐनले बाधा गरेन। आर्थिक ऐनले घटाउने-बढाउने हो। अहिले घटाउन-बढाउन पाइएन। कानुनबमोजिम कर उठाउन हाम्रो आपत्ति छैन। मुख्यतः प्रदेशको यातायात कार्यालय हो। यातायातसम्बन्धी प्रदेश ऐनमा कर दस्तुर तोकिएको छ। फर्म दर्ता रजिस्ट्रेसनसम्बन्धी काम गर्न ऐनले कर दस्तुरको कुरा गरेको छ।

उठाएको पैसाको जवाफदेहिता कसले लिन्छ ?

● **सुरेश प्रधान**, पूर्वअर्थसचिव



संसद्बाट आर्थिक ऐन पारित नगरी राजस्व संकलन गर्न पाइँदैन। केन्द्रमा सामूहिक कर असुल ऐन छ। प्रदेशमा पनि यो छ भने पाइन्छ। तर, छैन भने पाइँदैन। कर लगाउन संसद्ले पास गर्नुपर्छ। त्यो छैन भने सरकारले कर लगाउन पाउँदैन। सरकारको जवाफदेहिता त भएन नि ! उठाएको पैसाको जवाफदेहिता कसले लिन्छ ?

झापामा **चिरञ्जीवी घिमिरे**

सत्ता राजनीतिको दाउपेचले कोशी प्रदेश सरकार शून्यताको अवस्थामा छ। ११ भदौबाट कोशी प्रदेशमा बजेट 'होलिडे' छ। संविधानतः यस्तो अवस्थामा सरकारले न त राजस्व संकलन गर्न नै पाउँछ, न त खर्च गर्न नै। तर, कोशी सरकारले पुनः संविधान मिच्दै राजस्व संकलन गरिरहेको छ।

बजेट शून्यताको अवस्थामा पनि प्रदेश सरकारले निरन्तर यातायात, मालपोतलगायतका अन्य राजस्व संकलन गरिरहेको छ। कोष तथा लेखा नियन्त्रकको कार्यालय कोशीका अनुसार अहिले पनि सरकारले राजस्व संकलन गरिरहेको छ।

विधानको धारा २०३ बमोजिम कानुनअनुसार बाहेक प्रदेशमा कुनै कर लगाउन र उठाउन पाइँदैन। त्यस्तै, धारा २०५ अनुसार विनियोजित ऐनबमोजिम मात्रै खर्च गर्न पाइन्छ। यद्यपि, कोशी सरकारले आर्थिक ऐन र विनियोजन विधेयकविना नै राजस्व संकलन गरिरहेको हो। यसअघि एमालेका हिक्मत कार्की नेतृत्वको सरकारले ३१ जेठमा आर्थिक वर्ष ०८०/८१ का लागि अध्यादेशमार्फत ल्याएको बजेटकै आधारमा कर संकलन भइरहेको प्रदेश सरकारले जनाएको छ। कार्की नेतृत्वले अध्यादेशमार्फत ल्याएको बजेट १० भदौ मध्यरातबाट निष्क्रिय भएपछि कोशीमा बजेट 'होलिडे' सुरु भएको थियो। अध्यादेश जारी भएको ६० दिनभित्र प्रतिस्थापन विधेयक प्रदेश सभाबाट पारित भई प्रमाणीकरण हुनुपर्ने संवैधानिक व्यवस्था छ। प्रदेश सभाबाट पारित नभए अध्यादेश स्वतः निष्क्रिय हुन्छ।

प्रदेशमा राजनीतिक दाउपेचका कारण राजनीति अस्थिरता छ। सरकारको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ। मुख्यमन्त्री उद्धव थापाले सभाध्यक्षकै मत लिएर विश्वास प्राप्त गरेको घोषणापछि यो मुद्दा सर्वोच्चमा पुगेको हो। मुख्यमन्त्री थापाले लिएको विश्वासको मतविरुद्ध ६ भदौमा दायर रिटमा सर्वोच्च अदालतले ७ भदौमा सरकारलाई दीर्घकालीन र नीतिगत निर्णय नगर्न भनेपछि बजेटको तयारीमा रहेको थापा नेतृत्वको सरकार बजेटविहीन भएको थियो।

यद्यपि, संविधान मिच्दै सरकारले राजस्व संकलन भने गरिरहेको छ। सरकार चलाउन जसरी भए पनि राजस्व संकलन गर्नुपर्ने बाध्यता रहेको आर्थिक मामिला तथा योजनामन्त्री बाबुराम गौतमले बताए। 'जसरी भए पनि सरकार त चल्दै छ। अहिले नै खुट्टा छाड्न त मिलेन।

'बजेट होलिडे'मा संघले कर उठाए पनि खर्च गरेको थिएन

आर्थिक वर्ष ०७८/७९ मा केपी ओली नेतृत्वको पूर्ववर्ती सरकारले ल्याएको बजेट अध्यादेश पारित नभई निष्क्रिय भएको र प्रतिस्थापन विधेयक विचाराधीन रहेको अवस्थामा शेरबहादुर देउवा नेतृत्वको सरकार करिब एक साता बेखर्ची (बजेटविहीन) भएको थियो। उक्त अवधिभर सरकारले भन्सार कर उठाए पनि खर्च भने गरेको थिएन। महालेखा नियन्त्रक कार्यालयले परिपत्र गरेरै खर्च नगर्न भनेको थियो। प्रतिस्थापन विधेयक संसद्बाट पास भई प्रमाणीकरण भएपछि मात्रै संघीय सरकारले कर संकलन तथा खर्च परिचालन गरेको थियो।

खर्च गर्ने उपाय हामीसँग छैन। राजस्व संकलन हामीले गरिरहेका छौं। जनताको काम रोक्न मिलेन,' मन्त्री गौतमले भने, 'कानुनी अडचनलाई खोल्ने गरी संकलन गरिरहेका छौं। पछि पनि हामीबीचको गतिविधिलाई मिलाउने गरी जान्छौं। जुन सरकार आए पनि पछि मिल्छ। राज्यलाई नै अपाङ्ग त बनाउन मिलेन नि त ! हामीले कर संकलन रोकेनौं, निरन्तर गर्‍यौं।'

उनले यसअघिको अध्यादेश र गत वर्षको ऐनअन्तर्गत राजस्व संकलन भइरहेको बताए। 'प्रश्नहरू त उठ्छन्। तर, प्रश्न उठे भन्दैमा राज्यलाई नै निकम्मा बनाउन त मिल्दैन,' उनले भने, 'अहिलेको प्रतिपक्षले पनि राज्यलाई दिशाविहीन बनाउने त सोच्न मिल्दैन नि। कर नै संकलन गर्न नहुने बनाउन त मिल्दैन नि ! कर संकलन रोक्दा जनताको काम नै रोकिन्छ। जुन सरकार आए पनि स्रोत त चाहिन्छ।'

बजेटविहीन अवस्था आएपछि प्रदेश सरकार पूरक निवेदनसहित सर्वोच्च जाने तयारीमा थियो।

यद्यपि, आवश्यक नभएको निष्कर्षसहित अदालत नगएको उनले बताए। सर्वोच्चले प्रदेश सरकारको मुद्दामा फैसला नगर्दा समस्या भएको बताए। यसमा अदालतले बुझ्नुपर्ने बताए।

सरकारको संविधानविपरीत कर संकलन गर्ने निर्णयमा प्रमुख प्रतिपक्षी दल एमालेले पनि मौन समर्थन गरेको छ। 'मुख्यतः प्रदेशको यातायात कार्यालय हो। यातायातसम्बन्धी प्रदेश ऐनमा कर दस्तुर तोकिएको छ। फर्म दर्ता रजिस्ट्रेसनसम्बन्धी काम गर्न ऐनले कर दस्तुरको कुरा गरेको छ। ऐनले तोकेको कर दस्तुर उठाउन ऐनले बाधा गरेन। आर्थिक ऐनले घटाउने-बढाउने हो। अहिले घटाउन-बढाउन पाइएन। कानुनबमोजिम कर उठाउन हाम्रो आपत्ति छैन,' एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले भने।

पूर्वअर्थसचिव सुरेश प्रधानले संसद्बाट आर्थिक ऐन पारित नगरी राजस्व संकलन गर्न नपाइने बताए। उनले यसरी कर संकलन गर्नु सरकारको जवाफदेहितामाथिको प्रश्न भएको बताए। 'कानुन नभई कर संकलन गर्न पाइँदैन। केन्द्रमा सामूहिक कर असुल ऐन छ। प्रदेशमा पनि यो छ भने पाइन्छ। तर, छैन भने पाइँदैन,' उनले भने, 'कर लगाउन संसद्ले पास गर्नुपर्छ। त्यो छैन भने सरकारले कर लगाउन पाउँदैन। सरकारको जवाफदेहिता त भएन नि ! उठाएको पैसाको जवाफदेहिता कसले लिन्छ ?' प्रदेशले कर उठाएको विषयमा भने कर्मचारी जवाफ दिनबाट पन्छिएका छन्। उनीहरूले राजनीतिक विषय भन्दै जवाफ दिन अस्वीकार गर्दै आएका छन्।

पालिकाको पैसा निक्षेपमा चलाउने भए ब्याजदर घटाऊ : अर्थमन्त्री

नयाँ पत्रिका

स्थानीय तहको सञ्चित कोषको रकम निक्षेपमा गणना गर्न पाउनुपर्ने वाणिज्य बैंकहरूको प्रस्तावमा अर्थ मन्त्रालयले सर्त अघि सारेको छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले बैंकरहरूसमक्ष बजारमा ब्याजदर घटाउने सर्तमा मात्रै निक्षेप गणना गर्न दिने बताएका छन्।

अर्थमन्त्री डा. महतले आइतबार नेपाल बैंकर्स संघका पदाधिकारीसँगको भेटमा यस्तो सर्त राखेका हुन्। अर्थमन्त्री महतले नयाँ पत्रिकासँग भने, 'बैंकरहरूले तरलता पर्याप्त नभएको कारण देखाउँदै स्थानीय सरकारको पैसा निक्षेपमा गणना गर्न माग गरिरहनुभएको छ। तर, बलियो आधार पेस नभएसम्म यस्तो निर्णय गरिहाल्दैनौं। मैले उहाँहरूलाई आधार लिएर आउनुहोस् भनेको छु।'

गत असारसम्म स्थानीय तहको ८० प्रतिशत रकम निक्षेपमा गणना गर्न पाइन्थ्यो। त्यसले तरलता व्यवस्थापनमा बैंकहरूलाई सहज भएको थियो। तर, यसबारे थप निर्णय नहुँदा स्थानीय तहको झन्डै ९० अर्ब बैंकिङ निक्षेपबाट फिर्ता भएको थियो। एकैपटक ठूलो रकम बाहिरिएको भन्दै स्थानीय तहको सञ्चित कोषको रकम पुनः निक्षेपमा गणना गर्न पाउने व्यवस्थालाई निरन्तरता दिन बैंकरहरूले लबिङ गर्दै आएका छन्। यो निर्णय कार्यान्वयन भएमा ५४ अर्ब प्रणालीमा फर्किने दाबी छ। ०७९ साउन २ गते तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले वित्तीय प्रणालीमा लगानीयोग्य रकमको अभाव भएपछि स्थानीय तहको ५० प्रतिशत रकमलाई निक्षेपमा गणना गर्ने सुविधालाई ८० प्रतिशत पुऱ्याएका थिए। उक्त सुविधा पुस मसान्तसम्म दिइएको थियो। शर्माले फेरि पुस ८ गते मन्त्रीस्तरीय निर्णय गर्दै असार मसान्तसम्म स्थानीय तहको ८० प्रतिशत रकमलाई निक्षेपमा गणना गर्न मिल्ने सुविधा दिएका थिए। सोहीअनुसार गत असार मसान्तसम्म बैंकहरूको निक्षेपमा स्थानीय तहको पैसासमेत जोडिएको थियो। स्थानीय तहको पैसाले बैंकहरूको तरलता व्यवस्थापनमा सहज भएको थियो। तर, यसबारे थप निर्णय नभएपछि असार सकिएलगत्तै स्थानीय तहको पैसा निक्षेपबाट फिर्ता लगिएको थियो। त्यसवेला झन्डै ९० अर्ब रुपैयाँ निक्षेपबाट बाहिरिएको थियो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

स्थानीय तहको पैसा निक्षेपबाट बाहिरिएपछि निक्षेप बढाउन १२ बैंकहरूले ब्याजदर बढाएका थिए। साउनमा २० वाणिज्य बैंकले व्यक्तिगत निक्षेपमा औसत ९.८३ प्रतिशत ब्याज दिएका थिए। तर, भदौमा त्यो बढेर १०.३२ प्रतिशत पुगेको छ। भदौमा चार बैंकले आफ्नो ब्याजदर स्थिर राखेका छन् भने चारवटाले घटाएका छन्।

केही समयअघि क्यानडा भ्रमणमा जानुअघि अर्थमन्त्री डा. महतले बैंकरहरूसँग स्थानीय तहको पैसा निक्षेपमा गणना गर्न दिन सकारात्मक देखिएका थिए। तर, अर्थ मन्त्रालयका कर्मचारीहरूले यसमा अडान लिएपछि पछिल्लो समय अर्थमन्त्री आफैंले तत्काल निर्णय नलिने संकेत दिएका छन्। राष्ट्र बैंकका अनुसार गत बिहीबारसम्म वाणिज्य बैंकहरूसँग ४९ खर्ब ५३ अर्ब रुपैयाँ निक्षेप कायम थियो। त्यस्तै, कुल कर्जा प्रवाह ४३ खर्ब १९ अर्ब पुगेको थियो।

१५ दिनभित्र डेडिकेटेड र ट्रंक लाइनको बक्यौता नतिरे उद्योगको लाइन काट्ने प्राधिकरणको चेतावनी

महालेखाको पछिल्लो प्रतिवेदनअनुसार डेडिकेटेड र ट्रंक लाइनको १९ अर्ब ९५ करोड बक्यौता

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले उद्योगहरूले १५ दिनभित्र डेडिकेटेड र ट्रंक लाइनको बक्यौता नतिरे लाइन काटिदिने चेतावनी दिएको छ। लामो समयदेखि द्विविधा र विवाद भएको यो विषयमा सरकार, विद्युत् नियमन आयोग र स्वयं उद्योगले समेत निकासा दिन नसकेको अवस्थामा प्राधिकरणले बक्यौता उठाउन लागेको हो। महालेखाको पछिल्लो प्रतिवेदनअनुसार यसबापत १९ अर्ब ९५ करोड बक्यौता छ। ६२ उद्योगबाट यसबापतको बक्यौता उठाउन बाँकी रहेको प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए।

गत १२ भदौमा जसपाका सांसद प्रदीप यादवले संसद्मा उद्योगीहरूको लाइन काटेर भए पनि यसबापतको विद्युत् महसुल उठाउनपर्ने बताएका थिए। 'सर्वसाधारणले एक महिना तिरेन भने जरिवाना गर्छ, त्यसपछि पनि तिरेन भने लाइन काट्छ,' उनले भनेका थिए, 'तर, अर्बौं रुपैयाँ बक्यौता राख्ने व्यापारीलाई किन लाइन काट्दैन प्राधिकरणले ?' त्यस्तै, नेमकिपाका सांसद प्रेम सुवालले पनि बक्यौता उठाउन नसके प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले राजीनामा दिनुपर्ने बताएका थिए। त्यसपछि प्राधिकरणले यस्तो सूचना जारी गरेको बुझिएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नियमन आयोगले समयमा निर्णय नगर्दा ढिलाइ भएको बताए। 'साउन ०७२ देखि पुससम्म र लोडसेडिङ अन्त्य भएपछिको अवधिको महसुल के गर्ने भनेर सरकारले नै विद्युत् नियमन आयोगलाई निर्णय गर्न भनेको थियो। तर, आयोगले यसबारे अझै निर्णय गरेको छैन। साथै, यो विवादलाई कसरी टुंग्याउने भनेर उद्योग, आयोगलागयतका सरोकारवालालाई वास्ता पनि छैन। प्राधिकरणले बक्यौता उठाएन भनेर संघीय संसद्देखि लेखा समितिमै कुरा उठ्यो। तर, कसैलाई वास्ता छैन,' उनले भने, 'अब हामी चुप लागेर बस्दैनौं। हामी लाइन काटेर भए पनि बक्यौता उठाउँछौं। पहिला पनि यसमा धेरै टाइम दिएको हो, अब सकिन्न।'

■ के हो विवाद ?

लोडसेडिङको समयमा प्राधिकरणले प्रचलितभन्दा ६५ प्रतिशत महँगो महसुल दरमा उद्योगलगायतका अत्यावश्यक क्षेत्रमा दैनिक न्यूनतम २० घन्टादेखि २४ घन्टासम्मनै विद्युत् उपलब्ध गराएको थियो। विशेष गरी ०७२ साउनदेखि ३१ वैशाख ०७५ सम्म डेडिकेटेड फिडर र ट्रंक लाइनमार्फत बिजुली दिइएको थियो। सो समयमा महँगोमा बिजुली किनेको भन्दै सिमेन्टजस्ता उद्योगले मूल्यसमेत बढाएका थिए। ३१ वैशाख ०७५ यता भने लोडसेडिङ अन्त्य भएको थियो।



के भन्छन् उद्योगी ?

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारका पनि यसमा प्राधिकरणले न्यायोचित निर्णय गर्नुपर्ने बताउँछन्। 'यससम्बन्धी मुद्दा विभिन्न अदालतमा विचराधीन पनि छन्। त्यो अवस्थामा प्राधिकरणले केही समय प्रतीक्षा गर्नुपर्ने हो,' उनले भने, 'तर, हाम्रो सुरुदेखि भनाइ के हो भने, कतिपय उद्योगले लोडसेडिङमा समेत यसअन्तर्गत विद्युत् प्रयोग गरेका छैनन्। तर, त्यसमा पनि प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनकै बिल पठाएको छ। त्यो पैसा हामीले कसरी तिर्ने ? यदि, प्राधिकरणले त्यसरी विद्युत् प्रयोग गरेको प्रमाणित गर्छ भने हामी पैसा दिन तयार छौं। तर, लोडसेडिङ अन्त्य भएपछिको अवधिमा भने यसअनुसार पैसा दिन हामी तयार छैनौं।'

तर, कानुनअनुसार प्राधिकरणलाई विद्युत् महसुल दर तोक्ने अधिकार छैन। त्यसैले प्राधिकरणले असार ०७२ मा निर्धारण गरेको डेडिकेटेड फिडर र ट्रंक लाइन महसुल दर अनुमोदन गर्न तत्कालीन विद्युत् महसुल निर्धारण आयोगमा पठायो। आयोगले २९ पुस ०७२ मा मात्रै त्यो अनुमोदन गरेको थियो। तर, त्यो कहिलेदेखि लागू गर्ने भनेर मिति तोकिएन। त्यो अवस्थामा उद्योगहरूले आयोगबाट अनुमोदन भएको मितिदेखि मात्रै सो निर्णय लागू गर्नुपर्ने भनेर पहिलाको महसुल तिरेका छैनन्। यही विषयमा शिवम् सिमेन्टले पनि सर्वोच्चमा रिट हालेको थियो। सर्वोच्चले शिवमूलाई २९ पुस ०७२ यता मात्रै डेडिकेटड फिडर र ट्रंक लाइनबापतको महसुल लिन भनेको थियो। तर, अन्य उद्योगको हकमा के हुने भनेर सर्वोच्चको फैसलाले खुलाएन। त्यसले गर्दा यो विषय विवादमा छ।

२९ पुसदेखि वैशाख ०७५ सम्म (लोडसेडिङ अवधि)को महसुल पनि विवादमा छ। किनकि, त्यसबीचमा कतिपय उद्योगहरूले यस्तो बिजुली प्रयोग नगरे पनि डेडिकेटेड फिडर र ट्रंक लाइनअनुसार बिल आएको बताएका छन्। लोडसेडिङ अन्त्य भएपछिको अवस्थामा भने यो प्राविधिक रूपमा द्विविधामा छ। लोडसेडिङ सकिएपछि उद्योगहरूले सामान्य रूपमा नै बिजुली पाएका छन्। तर, प्राधिकरणले भने डेडिकेटेड फिडर र ट्रंक लाइनअनुसार नै बिल पठाएको छ। तर, उद्योगहरूले लोडसेडिङ अन्त्य भएपछि यसअनुसारको बिल भुक्तानी नगर्ने अडान राखेका छन्।

■ ५१ रिट, ४९ खारेज

यस विषयमा विभिन्न ५१ उद्योगले विभिन्न अदालतमा रिट हालेका थिए। त्यसमा अदालतले ४९ वटा रिट खारेज गरेको छ। बाँकी दुईवटामा भने अन्तरिम आदेश आएको छ। त्यसमा शिवम् र मारुती सिमेन्ट छन्। उनीहरूको पक्षमा आएको फैसलामा लाइन नकाट्नु भनिएको छ। तर, पूर्ण पाठ भने आइसकेको छैन। साथै, महान्याधिवक्ताको कार्यालयले पनि शिवमूको हकमा जारी भएको फैसला अन्यमा लागू नहुने भनेको छ। त्यसमाथि ५१ रिटमा ४९ वटा खारेज हुँदा प्राधिकरणलाई यस्तो बक्यौता उठाउन प्रोत्साहन मिलेको छ।

'आर्थिक कूटनीतिमा निजी क्षेत्रसँग सहकार्य अपरिहार्य'

काठमाडौं/ देशको अर्थतन्त्र समस्यामा रहेका बेला उत्पादन र उत्पादकत्व बढाउन वैदेशिक लगानी र निर्यात प्रवर्द्धनमा नेपाली नियोग र निजी क्षेत्रबीच सहकार्य गर्नुपर्ने विज्ञहरूले बताएका छन्। नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको एक कार्यक्रममा परराष्ट्रमन्त्री एनपी साउदले निर्यात एवं पर्यटन प्रवर्द्धन र विदेशी लगानी आकर्षित गर्न निजी क्षेत्रको सक्रिय भूमिका आवश्यक रहेको बताए। विभिन्न देशका लागि नेपालको तर्फबाट नियुक्त राजदूतहरूले पनि निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने उनले बताए। सरकारका सुरक्षा परिषद् सल्लाहकार शंकरदास वैरागीले नेपाली नियोगहरूले आफ्नो दायरा विस्तार गरी निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने बताए।

मुख्यसचिव वैकुण्ठ अर्यालले आर्थिक कूटनीतिक विस्तारका लागि बहुपक्षीय निकायसँगको सहकार्य आवश्यक रहेको औंल्याए। यस्तै, निजी क्षेत्रले पनि वस्तु र बजार विविधिकरणमा ध्यान दिनुपर्ने बताए। श्रमसचिव केवल भण्डारीले आर्थिक कूटनीतिलाई श्रम कूटनीति भन्नुपर्ने सुझाव दिए।

अर्थसचिव अर्जुन पोखरेलले आर्थिक कूटनीति विस्तारका लागि आवश्यक बजेट व्यवस्था गरिने आश्वासन दिए। वाणिज्य सचिव मधु मरासिनीले विश्व व्यापार संगठनमा समेत हाम्रो भूमिका बढाउन आवश्यक रहेको बताए। यस्तै, अतिकम विकसित देशबाट स्तरोन्नति हुँदा पर्ने प्रभाव पनि विश्लेषण गर्नुपर्ने उनको धारणा थियो।

प्रधानमन्त्री कार्यालयका सचिव गणेश पाण्डेले अतिकम विकसित देशबाट स्तरोन्नति हुँदा पर्ने प्रभाव न्यूनीकरणमा पनि नियोगहरूको भूमिका महत्वपूर्ण रहने बताए। पर्यटन सचिव भरतमणि सुवेदीले नयाँ खुलेका पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा नियोगहरूको भूमिका महत्त्वपूर्ण रहने बताए।

कार्यक्रममा महासंघका अध्यक्ष चन्द्र ढकालले नियोगहरूले सकारात्मक मात्र भए पनि निकै सहज हुने बताए। 'नियोगहरूले काम गर्न नै खोज्ने हो भने धेरै सुधार हुन्छ,' उनले भने, 'धेरै उदीयमान र विकसित अर्थतन्त्रहरूमा व्यापार विस्तार, लगानी एवं पर्यटन प्रवर्द्धनका आधारमा राजदूतहरूको मूल्यांकन हुने गरेको छ, यसका लागि महासंघ निरन्तर सहकार्य गर्न तयार छ।'

नवनियुक्त राजदूतहरूको तर्फबाट बोल्दै थाइल्यान्डका लागि नियुक्त राजदूत धनबहादुर वलीले निजी क्षेत्रका सुझाव सुन्न तयार रहेको बताए। महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छाले अहिलेको अवस्थामा व्यवसाय विस्तारका सबै अवसर सिर्जना गर्नुपर्ने बताए।

महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले महासंघ र नियोगहरूको निरन्तर सहकार्य रहनेमा आश्वस्त पारे। सरकारले हालै फ्रान्सका लागि सुधीर भट्टराई, थाइल्यान्डमा धनबहादुर वली, युएईमा तेजबहादुर क्षेत्री, ओमानमा घनश्याम लम्साल, स्विट् जरल्यान्डमा रामप्रसाद सुवेदी र न्युयोर्कस्थित राष्ट्रसंघ नियोगका लागि लोकबहादुर थापालाई राजदूत नियुक्त गरेको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०५/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरतकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असोज ०२ गते मंगलबार**का दिन शाखा कार्यालय हेटौंडा, मकवानपुरमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातवरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा मकवानपुरमा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम मिति २०६६/१२/१३ प्रा.फ.द.न. ७०१०/१८०/२०६६/२०६७ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९३७४५७३ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ७ स्थित रजिस्टर्ड कार्यालय रहेको **अनु फर्निचर उद्योग** (प्रोप्राईटर मान वहादुर गोलेको नाति, राम वहादुर गोलेको छोरा, सर्मिला रिजालको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०७ (साविक मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०७) वस्ने **प्रकाश गोले**, ना.प्र.नं. १०२३/६८२७५, जारी मिति २०६६/१०/२४, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. मान वहादुर गोलेको वुहारी, ज्ञान वहादुर स्याङ्तानको छोरी, राम वहादुर गोलेको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०७ (साविक मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०७) वस्ने **सनु गोले** (ना.प्र.नं. २२/३२०, जारी मिति २०५८/०६/२४, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. राम वहादुर गोलेको वुहारी, गजेन्द्र वहादुर रिजालको छोरी, प्रकाश गोलेको पत्नी, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०७ वस्ने **सर्मिला रिजाल** (ना.प्र.नं. ३१/०१/६९/०३५४५, जारी मिति २०६९/०४/०३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **सनु गोले**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०७ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ०७) स्थित कित्ता नं. १२६९, १२३१, २०८५ र २०८४ को क्षेत्रफल क्रमश: ०-१-०, ०-०-४, ०-०-२ र ०-०-८ (वि.क.धु) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **सर्मिला रिजाल**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, मक्वान्चुली गा.वि.स. वडा नं. ०७ (हाल मकवानपुरगढि गा.पा. वडा नं. ०४) स्थित कित्ता नं. ५६६ को क्षेत्रफल २-९-३-२ (रोपनी) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असोज ०१ गते** भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असोज ०२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. स्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्ती

बढ्न थाले चिनियाँ पर्यटक

नयाँ पत्रिका

कोभिड महामारीले घटेका चिनियाँ पर्यटक बढ्न थालेका छन्। चीन सरकारले १५ मार्च २०२३ देखि आफ्ना नागरिकका लागि निर्बाध घुम्न पाउने गन्तव्य राष्ट्रमा सूचीकृत गरेसँगै चिनियाँ बढ्न थालेका हुन्।

सन् २०२३ को जुलाई र अगस्ट महिनामा सबैभन्दा धेरै पर्यटक आउनेमा भारतीयपछि चिनियाँ दोस्रो नम्बरमा रहेका छन्। जुलाईमा पाँच हजार ६ सय ९३ र अगस्टमा पाँच हजार २७ चिनियाँ पर्यटक नेपाल भ्रमणमा आएको पर्यटन बोर्डको तथ्यांक छ। कोभिडअघि पनि भारतीयपछि सबैभन्दा धेरै पर्यटक आउनेमा चिनियाँ नै थिए।

सन् २०१९ मा ११ लाख ९७ हजार पर्यटक भित्रिँदा चिनियाँको संख्या एक लाख ६९ हजार थियो। सो वर्ष भारतबाट दुई लाख ५४ हजार पर्यटक नेपाल भ्रमणमा आएको तथ्यांक छ। कोभिडपछि चीनले आफ्ना नागरिकलाई भ्रमणमा कडाइ गरेपछि चिनियाँ पर्यटकको संख्या करिब 'शून्य'मा झरेको थियो। महामारी कम हुँदै गएसँगै चीन सरकारले 'आउटबाउन्ड' खुला गरेसँगै चिनियाँ पर्यटक बढ्दै गइरहेको तथ्यांकले देखाउँछ।



यस वर्षको जनवरीदेखि अगस्टसम्म आठ महिनामा ३० हजार आठ सय ३७ चिनियाँ पर्यटक नेपाल आएका छन्। यस अवधिमा सबैभन्दा धेरै दुई लाख १५ हजार ६ सय २७ पर्यटक भारतबाट भित्रिएका छन्। पर्यटन बोर्डका अनुसार आठ महिनामा विभिन्न देशबाट कुल ६ लाख एक हजार पर्यटक भित्रिएका थिए। जसमा एकतिहाइभन्दा बढी हिस्सा भारतीय पर्यटकको छ।

जनवरीदेखि जुन महिनासम्म नेपालमा आउने पर्यटकमा सबैभन्दा धेरै भारतीय, दोस्रोमा अमेरिकी, तेस्रोमा ब्रिटिस, चौथोमा चिनियाँ र पाँचौंमा अस्ट्रेलियन रहेका थिए। तर, पछिल्लो दुई महिना जुलाई र अगस्टमा चिनियाँ पर्यटक बढेपछि चीन दोस्रो स्थानमै फर्किएको छ।

पर्यटन बोर्डका अनुसार जनवरीमा एक हजार चार सय ३६, फेब्रुअरीमा दुई हजार दुई सय ६६, मार्चमा दुई हजार दुई सय ६६, अप्रिलमा चार हजार सात सय ७०, मेमा चार हजार ६ सय ६७, जुनमा चार हजार तीन सय ४३, जुलाईमा पाँच हजार ६ सय ९३ र अगस्टमा पाँच हजार २७ पर्यटक नेपाल भ्रमणमा आएको तथ्यांक छ।

चीन र भारत विश्वकै धेरै जनसंख्या बसोवास गर्ने देश हुन्। यी देशबाट ठूलो संख्यामा मान्छेहरू विदेश घुम्न निस्कन थालेका छन्। नेपाल भ्रमणमा आउने चिनियाँ खर्चालु पर्यटकमा गनिन्छन्। नेपालबाट नजिकैको दूरीमा रहेको र सीधा उडानको व्यवस्था पनि भएकाले चिनियाँहरू अफसिजनमा पनि नेपाल भ्रमणमा आउने गर्छन्। साथै, चिनियाँहरूले प्याराग्लाइडिङ, पदयात्रा, बन्जी, जिपलाइनलगायत विभिन्न गतिविधिमा मोटो रकम खर्चिने गरेको पर्यटन व्यवसायी बताउँछन्।

चिनियाँ पर्यटक बढ्न थालेसँगै पर्यटन व्यवसायीहरूमा पनि उत्साह थपिन थालेको व्यवसायीको भनाइ छ। पछिल्लो समय देशमा ठूलो संख्यामा होटेलसहित बन्जी, जिपलाइनलगायतका पर्यटकीय पूर्वाधार थपिएका छन्। तर, पर्यटक नआउँदा लगानी संकटमा परेको थियो। विश्वकै बुद्धिस्ट धर्मावलम्बीहरूको आस्थाको केन्द्र लुम्बिनीमा पर्यटक नआउँदा अर्बौं लगानीमा खुलेका तारे होटेलहरू बैंकले लिलामी गर्ने अवस्थामा पुगेका छन्। यसैबीच बढ्दै गइरहेका चिनियाँ पर्यटकले पुनः आशाको किरण छर्ने काम गरेका छन्।

मुक्तिनाथ कृषि कम्पनीले खोल्यो पाँच कृषि संरचना



काठमाडौं/ मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले पाँचवटा कृषि संरचना सुरु गरेको छ। कृषि तथा पशुपक्षी विकासमन्त्री डा. बेदुराम भुसाल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ र कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्मालगायत सरकारी निकाय, कूटनीतिक नियोग, निजी क्षेत्र, सहकारी क्षेत्रका प्रमुखको उपस्थितिमा उद्घाटन गरेको हो।

कम्पनीले तयार गरेको पाँचवर्षे रणनीतिक योजना 'भिजन २०८५' अनुसार कृषक, उपभोक्ता, व्यावसायिक साझेदार, सेवाग्राहीलाई देशव्यापी रूपमा उच्चस्तरीय र दिगो सेवा प्रदान गर्ने अभिप्रायले पाँचवटा कृषि संरचनाको उद्घाटन डिजिटल रूपमा गरिएको छ। कम्पनीले इटहरी, बर्दिवास, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीमा अवस्थित प्रादेशिक कार्यालयहरू, स्याङ्जा र चितवनमा अवस्थित फार्म उत्कृष्टता केन्द्र, कृषिमा लगानी प्रवर्द्धनका लागि कृषि व्यवसाय परामर्श केन्द्र, कृषकलाई दैनिक सेवाका लागि कृषकसँग मुक्तिनाथ कल सेन्टर र आर्टिफिसियल इन्टेलिजेन्समा आधारित मुक्तिनाथ एप उद्घाटन गरेको हो।

उद्घाटनपछि कृषि तथा पशुपक्षी विकासमन्त्री डा. भुसालले कृषि क्षेत्रको समग्र विकासमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहने उल्लेख गर्दै कृषकको उत्पादन र उत्पादकत्व वृद्धिका लागि सरकारले सिँचाइलगायत कृषि संरचनाहरूको विकासमा जोड दिने र खरिद सुनिश्चितता गर्ने संरचनाको निर्माणमा सबै मिलेर लाग्नुपर्ने बताए। कम्पनीका अध्यक्ष भरतराज ढकालले मुक्तिनाथ कृषिजस्ता पब्लिक कम्पनीहरूको लगानीलाई आकर्षण, प्रवर्द्धन, विकास र नियमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयमातहत एकीकृत कृषि विकास प्राधिकरणको स्थापना गर्दै सार्वजनिक निजी सहकारीको साझेदारीमा कृषि चक्रको निर्माण गर्नुपर्ने बताए।

सयुंक्त राष्ट्रसंघ, विश्व खाद्य संगठनका नेपाल प्रमुख केन सिमिजुले कम्पनीसँग कोदोजन्य बाली वर्ष २०२३ लाई प्रवर्द्धन गर्न सहकार्यको सुरुवात गरेको र आगामी दिनमा कूटनीतिक नियोग, सरहकार र निजी क्षेत्रको साझेदारीमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे। त्यस्तै, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिवले मुक्तिनाथ कृषि कम्पनीले समग्र मूल्य शृंखला व्यवस्थापनमा गरिरहेका कार्य र कम्पनीका स्पष्ट भावी योजनाका लागि धन्यवाद व्यक्त गर्दै सार्वजनिक-निजी साझेदारीमार्फत कृषि क्षेत्रको विकासमा सहकार्य गर्दै अगाडि बढ्ने बताए।

यो कम्पनीको मुख्य प्रवर्द्धक मुक्तिनाथ विकास बैंक रहेको छ भने साथमा विभिन्न व्यावसायिक क्षेत्रमा संलग्न व्यक्तिहरूको समेत लगानी रहेको छ। कम्पनीले विगत पाँच वर्षदेखि कृषिको समग्र मूल्य शृंखला व्यवस्थापनका लागि व्यवस्थापकीय भूमिका निर्वाह गर्नका लागि मुख्यतः कृषि स्रोत केन्द्र, कृषि प्रशोधन केन्द्र, कृषि बजार केन्द्र र कृषि व्यवसाय परामर्श केन्द्रको अवधारणा कार्यान्वयनका लागि संस्थागत संरचनाको विकासको सुरुवात गरेको छ।

नबिलको 'विशेष तिज अफर' सुरु

काठमाडौं/ नजिकिँदै गरेको चाड तिजलाई लक्षित गर्दै नबिल बैंकले आफ्ना महिला ग्राहकका लागि विशेष तिज अफर सुरु गरेको छ।

योजनाअन्तर्गत बैंकको 'नबिल प्रिमियम नारी बचत खाता' खोलेबापत महिला ग्राहकले पहिलो वर्ष डेबिट कार्ड, क्रेडिट कार्ड र मोबाइल बैंकिङ निःशुल्क प्रयोग गर्न सक्ने जनाइएको छ। यसका साथै पहिलो वर्षको वार्षिक लकर शुल्क पनि निःशुल्क गरिएको बैंकले जनाएको छ। सीमित अवधिलाई ल्याइएको यस अफरअन्तर्गत नारी ग्राहकले १५ असोजसम्ममा यो खाता खोली योजनाअनुसारको सुविधा लिन सक्ने जनाइएको छ।

बैंकले हाल देशभरमा दुई सय ६५ शाखा र दुई सय ९८ एटिएम मेसिनमार्फत सेवा दिँदै आएको जनाएको छ।

रिलायबल लाइफको विभिन्न सामाजिक कार्य



काठमाडौं/ रिलायबल लाइफ इन्स्योरेन्सले जीवन बिमा कारोबार सुरु गरेको ६ वर्ष पूरा गरी सातौँ वर्षमा प्रवेश गरेको अवसर पारेर विभिन्न कार्यक्रम गरेको छ। कम्पनीले रक्तदान, आर्थिक सहयोग, सरसफाइलगायतका कार्यक्रम गरेर स्थापना दिवस मनाएको हो।

सातौँ स्थापना दिवसको अवसरमा कम्पनीले केन्द्रीय कार्यलय, बुटवल र दमक शाखाहरूमा रक्तदान, समता गुठीलाई नगद सहयोग, सरसफाइ, विभिन्न वृद्धाश्रममा खाद्य सामग्री वितरण, विद्यालयमा स्टेसनरी सामान वितरण तथा वृक्षरोपण गरी सातै प्रदेशमा संस्थागत सामाजिक उत्तरदायित्व पूरा गरेको जनाएको छ। यस कार्यमा कर्मचारी एवं बिमा अभिकर्ताको सक्रिय सहभागिता रहेको कम्पनीले उल्लेख गरेको छ।

हालसम्म ७० लाख बिमितको संख्या पुगिसकेको कम्पनीले दाबी गरेको छ। यस अवसरमा कम्पनीको पहुँचलाई दूर-दराजसम्म पुऱ्याउन सहयोग गर्ने रिलायबल एडभाइजर ग्रुप, नियमनकारी निकायहरू, लगानीकर्ता, कर्मचारीलागायतप्रति कम्पनीले आभार व्यक्त गरेको छ।

उद्योगमन्त्रीले गरे भैरहवाको सेज र आइसिपीको निरीक्षण



काठमाडौं/ उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाललेभैरहवाको एकीकृत भन्सार जाँच केन्द्र (आइसिपी) र विशेष आर्थिक क्षेत्र (सेज)को सेवा र पूर्वाधार अवस्थाको निरीक्षण गरेका छन्।

अनुगमन तथा निरीक्षणमा मन्त्री रिजाललेदुवै संस्थामा आवश्यक सुधार तथा चुस्त व्यवस्थापनमा जोड दिन निर्देशन दिएका थिए। उनले निजी क्षेत्रको विश्वास जितेर देशको आर्थिक गतिविधिलाई अघि बढाउन आइसिपी र सेजको महत्त्वपूर्ण भूमिका हुने भन्दै उद्योगी-व्यवसायीमैत्री भएर काम गर्नुपर्ने बताए। अनुगमनका क्रममा मन्त्री रिजाललेसेजमा उद्योग स्थापना गर्दा उद्योगीलाई परिरहेको समस्या तत्काल हल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। उद्योगीले उद्योग स्थापना गर्न अहिले लिजका लागि सरकारले तोकेको ६० रुपैयाँ प्रतिस्वाक्यर मिटर जग्गा मूल्यलाई घटाएर प्रतिस्वाक्यर मिटर आठदेखि १० रुपैयाँसम्म बनाउन पहल गर्ने आश्वासनसमेत दिएका छन्।

आइसिपी र सेजको अनुगमनपश्चात् मन्त्री रिजाललेभैरहवाका उद्योगी-व्यवसायीसँग पनि भेटघाट गरेका थिए। उद्योग वाणिज्य संघले आयोजना गरेको भेटघाट कार्यक्रममा मन्त्री रिजाललेउद्योगी-व्यवसायीले झेल्नुपरेको समस्या समाधानका लागि ऐन-कानुन परिमार्जन गर्नुपर्ने भए सरकार गम्भीरतापूर्वक लाग्ने बताएका थिए। उनले उद्योग-व्यवसाय सबल नभई देश आर्थिक समृद्धितर्फ जान नसक्ने बताए।

अनुगमनमा मन्त्री रिजालसँगै सचिव मुकुन्द निरौला, इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेललगायतको सहभागिता रहेको थियो।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०५/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन सी.सी बैंक लि.) शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

१. **ऋणीको विवरण :**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा मिति २०७५/१२/१४ मा प्रा.फ.र.नं. ७५५५/०७५/७६ कायम भई दर्ता रहेको बारा जिल्ला, महागढिमाई न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहेको **बुधन ट्रेडर्स** (प्रोप्राईटर जटाई दास तत्माको नाति, चुल्हाई दास तत्माको छोरा, बारा जिल्ला, पिप्रावर्ति गा.वि.स.वडा नं.५, स्थायी ठेगाना भई, हाल बारा जिल्ला महागढिमाई न.पा. वडा नं. ९ बस्ने **बुधन दास**, ना.प्र.नं. ५८५/१३९८, जारी मिति २०४४/११/११, जिल्ला प्रशासन कार्यालय बारा)

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. जटाई दास तत्माको नाति, चुल्हाइ दास तत्माको छोरा, बारा जिल्ला, पिप्रावर्ति गा.वि.स. वडा नं. ५ ,स्थायी ठेगाना भई, हाल बारा जिल्ला महागढिमाई न.पा. वडा नं. ९, बस्ने **बुधन दास** (ना.प्र.नं. ५८५/१३९८, जारी मिति २०४४/११/११, जिल्ला प्रशासन कार्यालय बारा)।
२. चुलाई दास तत्माकी बुहारी, बुधन दासकी पत्नी, बारा जिल्ला, पिप्रावर्ति गा.वि.स. वडा नं. ५ ,स्थायी ठेगाना भई, हाल बारा जिल्ला महागढिमाई न.पा. वडा नं. ९ बस्ने **फुलचुन देवी** (ना.प्र.नं.३३३०४३/१९९, जारी मिति २०६३/१०/०४, जिल्ला प्रशासन कार्यालय बारा)।

धितो सुरक्षणको विवरण :

१. **बुधन दास**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला पिप्रावर्ति गा.वि.स./न.पा वडा नं. ५ स्थित कित्ता नं. ३९८ र ३९२ को क्षेत्रफल क्रमश ०-०-७-१३ र ०-२-१३-५.८ (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. ऋणी **बुधन ट्रेडर्स**को सम्पूर्ण चल अचल सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी गरिदिने धितोसुरक्षण लिखत वा हाईपोथिकेशन।

२. **ऋणीको विवरण :**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा मिति २०७६/०५/२४ मा प्रा.फ.र.नं. ८२५४/०७६/७७ कायम भई दर्ता रहेको बारा जिल्ला, महागढिमाई न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहेको **दास जेनरल स्टोर** (प्रोप्राईटर रामबर्ण दासको नातिनी, कैलाश दास तत्माको छोरी, ढोंडा दासको बुहारी, शंकर दासको पत्नी बारा जिल्ला, पिप्रावर्ति गा.वि.स.वडा नं.५, स्थायी ठेगाना भई, हाल बारा जिल्ला महागढिमाई न.पा. वडा नं. ९ बस्ने **रमुनी देवी दाश**, ना.प्र.नं. १४०४/६७७, जारी मिति २०५७/०८/१९, जिल्ला प्रशासन कार्यालय बारा)

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. चौधुर दासको नाति, ढोंडा दासको छोरा, बारा जिल्ला, पिप्रावर्ति गा.वि.स.वडा नं. ५, स्थायी ठेगाना भई, हाल बारा जिल्ला, महागढिमाई न.पा. वडा नं. ९, बस्ने **शंकर दास** (ना.प्र.नं. १३३७, जारी मिति २०४४/११/१३, जिल्ला प्रशासन कार्यालय बारा)
२. ढोंडा दासको बुहारी, शंकर दासको पत्नी, बारा जिल्ला, पिप्रावर्ति गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई, हाल बारा जिल्ला, महागढिमाई न.पा. वडा नं. ९ बस्ने **रमुनी देवी दाश** (ना.प्र.नं.१४०४/६७७, जारी मिति २०५७/०८/१९, जिल्ला प्रशासन कार्यालय बारा)।
३. चौधुर दासको नाति, ढोंडा दासको छोरा, बारा जिल्ला, पिप्रावर्ति गा.वि.स.वडा नं. ५, स्थायी ठेगाना भई, हाल बारा जिल्ला, महागढिमाई न.पा. वडा नं. ९, बस्ने **सुरेन्दर दास** (ना.प्र.नं. १३३८, जारी मिति २०४४/११/१३, जिल्ला प्रशासन कार्यालय बारा)

धितो सुरक्षणको विवरण :

१. **शंकर दास**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला पिप्रावर्ति गा.वि.स./न.पा वडा नं. ५ स्थित कित्ता नं. १८४, २३३ र २९० को क्षेत्रफल क्रमश ०-३-०, ०-२-१७ र ०-७-० (वि.क.धु) को जग्गा र ऐ.ऐ. वडा न. ६ कित्ता नं. ३५ को क्षेत्रफल ०-०-१० (वि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. ऋणी **दास जेनरल स्टोर**को सम्पूर्ण चल अचलसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी गरिदिने धितोसुरक्षण लिखत वा हाईपोथिकेशन।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय कलैया, बारा फोन नं. ०५३-५५११९५

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०।०५।१८ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैकबाट ऋणीहरूलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८०।०५।२५ मा (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुरमा रू. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः सम्युक्ता कन्स्ट्रक्सन एण्ड डेभलपमेन्ट कम्पनी प्रा.लि.** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं. २२१७५०/०७६/०७७ दर्ता मितीः २०७६।०५।०२ स्थायी लेखा नं. ६०९६०११९२ ठेगानाः तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ८, गणेशटोल । **संचालक तथा व्यक्तिगत जमानतकर्ताः** **तेजेन्द्र महत** ना.प्र.प.नं (जारी मिति/स्थान): ९८२ (२०४५।०१।१४/तनहुँ) बाजेको नामः डिल बहादुर महत बाबुको नामः कृष्ण बहादुर महत ठेगानाः तनहुँ जिल्ला, शुक्ला गण्डकी न.पा वडा नं. ८ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. सरस्वती कार्की महत** ना.प्र.प.नं (जारी मिति/स्थान): ०४२०४७/१०० (२०६४।०७।२९/तनहुँ) बाबुको नामः मदन बहादुर कार्की ससुराको नामः कृष्ण बहादुर महत पतिको नामः तेजेन्द्र महत ठेगानाः तनहुँ जिल्ला, शुक्ला गण्डकी न.पा वडा नं. ८ । **२. टेकेन्द्र महत** ना.प्र.प.नं (जारी मिति/स्थान): ३१६० (२०४७।०७।२६/तनहुँ) बाजेको नामः डिल बहादुर महत बाबुको नामः कृष्ण बहादुर महत ठेगानाः तनहुँ जिल्ला, शुक्ला गण्डकी न.पा वडा नं. ८ । **३. साधना महत** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३३०३९/३०७ (२०६३।१०।१४/तनहुँ) बाबुको नामः एक बहादुर क्षेत्री ससुराको नामः कृष्ण बहादुर महत पतिको नामः टेकेन्द्र महत ठेगानाः तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स वडा नं. ३ । **४. शान्ति महत** ना.प्र.प.नं (जारी मिति/स्थान): ५१३ (२०३७।१०।२१/तनहुँ) ससुराको नामः डिल बहादुर महत पतिको नामः कृष्ण बहादुर महत ठेगानाः तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स वडा नं. ३ ।	डिल बहादुर महतको बुहारी, कृष्ण बहादुर महतको पत्नी, तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स वडा नं. ३ बस्ने **शान्ति महत** को नाममा मालपोत कार्यालय दमौली, तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स वडा नं. ३/ख स्थित कि.न. ३५ को क्षेत्रफल ०-६-०-१ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	१.ओभरड्राफ्ट कर्जा २.आवधिक कर्जा	**ऋणीको नामः बजरंगवली ट्रेडर्स एण्ड सप्लायर्स** (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंज, पर्सा मा दर्ता रहेको) दर्ता नं.: ३८४३७/०७५/७६ दर्ता मिति : २०७६-०३-०६ स्थायी लेखा नं.: ६१०८१२९५६ ठेगानाः पर्सा जिल्ला, वीरगंज म.न.पा., वडा नं.१४,पिपरा। **प्रोप्राईटरः** **पुजा कुमारी पटेल** ना.प्र.प.नं (जारी मिति/स्थान): ३४-०१-७०-११८२९(२०७०/१०/२२/पर्सा) बाबुको नामः राम बहादुर प्रसाद ससुराको नामः बदरी राउत कुर्मी पतिको नामः जितेन्द्र कुमार कुर्मी ठेगानाः पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं.१ । **व्यक्तिगत जमानतकर्ताः** **जितेन्द्र कुमार कुर्मी** ना.प्र.प.नं (जारी मिति/स्थान): १६०३३३६९४(२०६२/०३/१५/पर्सा) बाजेको नामः वलि राउत बाबुको नामः बदरी राउत कुर्मी ठेगानाः पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १ ।	राम बहादुर प्रसादको छोरी, बदरी राउत कुर्मी को बुहारी, जितेन्द्र कुमार कुर्मीको पत्नि, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं.१ बस्ने **पुजा कुमारी पटेल**को नाममा मालपोत कार्यालय पर्सा को लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, मजडिहा पिप्रा गा.वि.स. वडा नं. ३ स्थित कि.न. ८४२ को क्षेत्रफल ०-०-१० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५३४६१६०,
Ext. १०७, १०४

Upper Tamakoshi Hydropower Limited
अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

UTKHPL

अन्नपूर्ण मार्ग, ज्ञानेश्वर, काठमाण्डौं,
फोन नं. ४५२०२५५, ४५२१६५४
URL: www.utkhpl.org.np, email: office@utkhpl.org.np

को

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

श्री अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको मिति २०८०/०४/२५ गतेसम्म तत्काल कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/- अंकित दरको १०,५९,००,००० कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला **आज मिति २०८० भदौ १८ गतेका दिन देखि मिति २०८०/०६/०७ गतेसम्म (बैंकिङ्ग समयसम्म)** गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

स्थानिय शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु

१.	श्री माथिल्लो तामाकोशी जलविद्युत केन्द्र वडा नं. १, गोंगर	९.	कृषि विकास बैंक लि., चरिकोट
२.	श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं	१०.	नेपाल बैंक लि., चरिकोट र सिंगटी
३.	श्री सनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं।	११.	महालक्ष्मी विकास बैंक लि, चरिकोट
४.	श्री आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।	१२.	कुमारी बैंक लि, चरिकोट
५.	**श्री लक्ष्मी सनराईज बैंक लिमिटेडको शाखा कार्यालयहरु :** १) चरिकोट, २) सुनखानी, ३) जफे (तामाकोशी गा.पा) ४) शिवालय (रामेछाप), ५) मन्थली	१३.	सिद्धार्थ बैंक लि., चरिकोट
		१४.	हिमालयन बैंक लि, चरिकोट र गौरी शंकर
		१५.	प्राइम कमर्सियल बैंक लि., जिरी र मैनापोखरी (वैतेश्वर गा.पा)
६.	प्रभु बैंक लि., चरिकोट, जिरी र सिंगटी	१६.	सानिमा बैंक लि., मेलुङ्ग
७.	सिटिजन्स् बैंक इन्टरनेशलन लि., चरिकोट	१७.	एनआइएमबि बैंक लिमिटेड, चरिकोट, मैना पोखरी, मेगा देउराली र सिंगटी
८.	सिन्धु विकास बैंक लि., चरिकोट र

डोल्पामा...

पृष्ठ १ बाट क्रमशः

तिलिचोभन्दा दुई सय ७१ मिटर अग्लो स्थानमा रहेको उनीहरूको दाबी छ। तिलिचो ताल चार हजार नौ सय १९ मिटरको उचाइमा छ।

वडा नम्बर ६ का अध्यक्ष गुरुङले भने, 'कुन्ख्येन फालक ताल पाँच हजार एक सय ९० मिटरको उचाइमा रहेको देखियो। तिलिचोभन्दा यो ताल दुई सय ७१ मिटर अग्लो स्थानमा छ।' स्थानीयले जानकारी दिएपछि जनप्रतिनिधिसहितको टोली पहिलोपटक तालको प्रवर्द्धनका लागि पुगेको उनले बताए।

गुगलबाट म्यापिङ गर्दा उक्त तालको लम्बाइ पाँच सय ११ मिटर र चौडाइ तीन सय १३ मिटर देखाएको पनि वडाध्यक्ष गुरुङले बताए। 'पाका-पुरानाले त्यहाँ ठूलो ताल छ भनेका थिए, त्यसकारण पनि हामी यसपटक उचाइ नाप्ने तयारीसहित गएका थियौं, यो तालको रङ आकासे निलो छ, प्राकृतिक हिसाबमा पनि अत्यन्तै मनमोहक र सुन्दर छ,' उनले भने।

डोल्पोबुद्ध गाउँपालिकाको केन्द्रबाट तालसम्म पुग्न मोटरसाइकल र पैदलसहित ६ घन्टा लाग्ने वडाध्यक्ष गुरुङले बताए। वडा नम्बर ६ मा पर्ने फाल गाउँबाट मात्रै दुई घन्टा मोटरसाइकल र एक घन्टा पैदल गरेर तीन घन्टा लाग्ने स्थानीयले बताएका छन्। ताल रहेको स्थान चीन र नेपालको सीमानाजिकै पर्ने भएकाले त्यहाँबाट १५ नम्बर सीमास्तम्भमा पुग्न दुई घन्टा मात्र लाग्ने गुरुङले बताए। यो तालनजिकै अर्को सानो ताल पनि रहेको उनको भनाइ छ।

गाउँपालिकाका उपाध्यक्ष पेम्मा धोर्चे गुरुङले कुन्ख्येन फालक नेपालकै अग्लो स्थानमा रहेको ताल भएको दाबी गर्दै यथाशीघ्र प्रमाणीकरण गर्न सरकारसँग आग्रह गरेका छन्। 'हामीले जिपिएस मेसिनबाट नापेर निश्चित गरेका हौं। अब प्रमाणीकरणका लागि प्रक्रियामा पनि अघि बढ्छौं। तालबारे हेर्ने निकाय ताल विकास समिति हो भन्ने सुनेपछि यस विषयमा त्यहाँ पनि जानकारी गराएका छौं। सरकारसँग पनि प्रमाणीकरणका लागि आग्रह छ।'

तालको अध्ययन, अनुसन्धान र संरक्षण गर्ने निकाय वन तथा वातावरण मन्त्रालय हो। मन्त्रालयअन्तर्गत राष्ट्रिय ताल विकास समिति छ। त्यस्तै, संरक्षित क्षेत्रभित्रका तालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले पनि संरक्षण गर्छ। तर, विस्तृत अध्ययन नापी विभागसँगको समन्वय र सहकार्यमा हुन्छ।

राष्ट्रिय ताल विकास समितिकी कार्यकारी निर्देशक सीता शाहीले तिलिचोभन्दा अग्लो स्थानमा डोल्पोबुद्ध गाउँपालिका-६ स्थित फालगाउँमा ताल भेटिएको प्रारम्भिक जानकारी आएको बताइन्। सरकारको निर्णयका आधारमा समितिले त्यसबारे अध्ययन गर्ने उनको भनाइ छ।

'डोल्पोबुद्ध गाउँपालिकाबाट तिलिचो तालभन्दा अग्लो स्थानमा ताल भेटिएको प्रारम्भिक जानकारी आएको छ। ताल कति अग्लो स्थानमा छ, तालले ओगटेको क्षेत्रफल र गहिराइसँगै तालभित्र के-के छ भनेर विस्तृत अध्ययन गर्नुपर्छ। अध्ययन गाउँपालिका आफैंले पनि गर्न सक्छ,' कार्यकारी निर्देशक शाहीले भनिन्, 'तर, नापी विभागसँग सहकार्य गरेर विस्तृत अध्ययन गर्नुपर्ने भएकाले खर्चिलो पनि हुन्छ। त्यसैले सरकारबाटै निर्णय हुनुपर्छ। सरकारको निर्णयका आधारमा समितिले अध्ययन गर्न सक्छ। अध्ययनपश्चात् सरोकारवाला सबैलाई बोलाएर नापीबाट प्रमाणित गरेर सार्वजनिक गर्नुपर्छ।'

जातीय विभेदका...

पृष्ठ १ बाट क्रमशः

भतिजा २५ वर्षीय रूपेश महरामाथि कुटपिट गरेको थियो। प्रहरीमा जानकारी गराएपछि केही दिन सुरक्षा दिए पनि आक्रमणकारीमाथि कारबाही भएन। कुटाइबाट घाइते भएकाहरू विराटनगरस्थित न्युरो र काठमाडौंको मेडिसिटीमा उपचार गराएर घर फर्किएका छन्। कमलेश र नेहा भने सम्पर्कमा छैनन्।

● धनुषाको सबैला नगरपालिका- १२ का २२ वर्षीय शम्भु सदाको शव इलाका प्रहरी कार्यालय सबैलाको प्रहरी हिरासत कक्षभित्र रहेको शौचालयमा पासो लगाएर झुन्डिएको अवस्थामा २८ जेठ ०७७ मा फेला पऱ्यो। ट्र्याक्टर दुर्घटना हुँदा सबैला- १३ की समुद्रीदेवी साहको मृत्यु भएपछि चालक रहेका सदा सुरक्षित रहेर कानुनी उपचारका लागि आफैं प्रहरी शरणमा पुगे। तर, प्रहरी हिरासतमा रहेका वेला सदाको शंकास्पद मृत्यु भयो। शम्भुकी आमा सियादेवी 'प्रहरीले कुटपिट गरेर छोराको हत्या गरेको' दाबी गर्दै उजुरी दिन गए पनि मुद्दा चलेन। पीडित परिवारले प्रहरी इन्स्पेक्टर चन्द्रभूषण यादवको निर्देशन र संलग्नतामा सदाको हत्या भएको आरोपमा जिल्ला प्रहरीमा किटानी जाहेरी पनि दिएका थिए। तर, उजुरी दर्ता भएन। १ असार ०७७ मा जिल्ला सरकारी वकिलको कार्यालयमा उजुरी दर्ता भए पनि २७ चैत ०७७ मा 'मुद्दा नचलाउने' निर्णय गरियो। जिल्ला सरकारी वकिल कार्यालयको उक्त निर्णयलाई उच्च सरकारी वकिलको कार्यालय जनकपुरबाट २९ चैत ०७७ र महान्यायाधिवक्ताको कार्यालयले १९ वैशाख ०७८ मा सदर गरिदिएपछि शम्भुको आमाका लागि न्यायको बाटो बन्द भयो। पीडित परिवारले ३ असार ०७७ को निर्णयअनुसार मधेशका मुख्यमन्त्रीसहितको टोली घरमै गएर १ साउनमा मृतकका परवारलाई ५ लाखको चेक थमाउनेबाहेक न्यायको कुनै प्रक्रिया अघि बढेन।

● ११ भदौ ०७७ मा प्रहरीले हिरासतभित्र दिएको यातनाका कारण रौतहटको गरुडा नगरपालिका- ८ का १९ वर्षीय विजय महराको नेशनल मेडिकल कलेज बीरगंजमा उपचारकै क्रममा मृत्यु भयो। प्रहरीले गिरफ्तार गर्नुअघि सामान्य स्वास्थ्य रहेका उनलाई इलाका प्रहरी कार्यालय गरुडाको हिरासतमा राखेपछि बिरामी परेको र नेशनल मेडिकल कलेज पुऱ्याउँदा दुवै मिर्गौलाले काम गर्न छाडेको पुष्टि भएको थियो। आफूलाई हिरासतमा प्रहरीले यातना दिएको भन्ने विजयको भिडियो त्यतिबेलै सामाजिक संजालमा सार्वजनिक भएको थियो। प्रहरीको यातनाबाट छोराको ज्यान गएको भन्दै विजयका बुबा पनिलालले २४ भदौमा जिल्ला प्रहरी कार्यालय रौतहटका तत्कालीन एसपी रविराज खड्का, इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख तथा डिएसपी ज्ञानकुमार महतो, इन्स्पेक्टर नवीन सिंह, सई वीरेन्द्र यादव, हबल्दार हिरोज मियाँ धुनिया र मन्नुकुमार सिंहविरुद्ध किटानी जाहेरी दिए। तर, जिल्ला प्रहरी कार्यालय, रौतहटले उनको उजुरी नै लिएन। पछि २१ भदौमा सरकारी वकिल कार्यालयमार्फत् उजुरी दर्ता गराएका थिए। त्यसअघि नै ११ भदौमा गृहमन्त्रालयले घटना छानविन गर्न रौतहटकै इलाका प्रशासन कार्यालय चन्द्रपुरका कार्यालय प्रमुख उपसचिव डोरेन्द्र निरौलाको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गरेको थियो। समितिले १ असोजमा गृह मन्त्रालयमा प्रतिवेदन बुझाएको थियो। तर, समितिको छानविन नसकिँदै घटनामा संलग्न रहेको भन्दै इन्स्पेक्टर नविन सिंह, प्रहरी हवल्दार हिरोजमियाँ धुनीया र मन्नुकुमार सिंहलाई १५ भदौमा प्रहरीले निलम्बन गऱ्यो। त्यस्तै, एसपी रविराज खड्कालाई प्रहरी प्रधान कार्यालय काठमाडौं, डिएसपी ज्ञानकुमार महतो र सई विरेन्द्र यादवलाई प्रदेश प्रहरी कार्यालय, जनकपुरधाममा झिकायो। तर अहिलेसम्म अनुसन्धान सकिएको छैन। जिल्ला प्रहरी कार्यालयका डीएसपी उमा शंकर यादवका अनुसार फौजदारी मुद्दासमेत दर्ता भएर अनुसन्धान चलिरहेको छ, अभियोग प्रमाणित भए उनीहरूको जागिर जान्छ।

● केटाका परिवारले प्रेमविवाह अस्वीकार गरेपछि सप्तरीको सुरुंगा नगरपालिका- ७ पोखरियाकी २० वर्षीया ज्योति पासवानले ६ असार ०७८ मा आत्महत्याको बाटो रोजिन्। गाउँकै कृष्ण मिश्राले ९ फागुन ०७७ मा घरबाटै भगाएर मन्दिरमा विवाह गरे पनि परिवारको दबाबमा केटाले समेत बेवास्ता गर्न थालेपछि ज्योतिले आत्महत्या गरेको पीडित परिवारको आरोप छ। ज्योतिका बुबा प्रमोद पासवानका अनुसार ६ असार ०७८ मा ज्योतिलाई लहानस्थित पुष्पाञ्जली गेस्टहाउसमा छाडेर 'कोठा खोज्न जान्छु' भन्दै कृष्ण फरार भएका थिए। धेरै दिनसम्म कृष्ण नफर्किएपछि ज्योतिले घरमा सम्पर्क गरेकी थिइन्। अभिभावकले प्रहरी र महिला अधिकारकर्मीको सहयोगमा ज्योतिलाई गेस्टहाउसबाट उद्धार गरेका थिए। तनावमा रहेकी उनले अन्ततः आत्महत्या गरेकी थिइन्। अत्महत्यासँगै घटना सेलाएको छ।

०००

जातीय छुवाछुतलाई कानुनले दण्डनीय भनेको छ। तर, अन्तरजातीय विवाह गरेकै कारण कथित उपल्लो जातका व्यक्तिबाट भौतिक आक्रमण हुँदासमेत पीडित पक्षले न्याय पाउन सकेका छैनन्। मधेशका जिल्लामा यस्तो अन्याय उच्चदरमा छ। मधेशमा जातीय विभेद तथा छुवाछुतसम्बन्धी अधिकांश घटना मुद्दा बन्नै नपाई दबाइन्छन् भने मुद्दा बनेर अदालतसमम्म पुगेकामध्ये पनि अधिकांशमा पीडकले सफाइ पाउँछन्।

आर्थिक वर्ष ०६७-६८ देखि ०७८-७९ सम्म ११ वर्षको महान्यायाधीवक्ता कार्यालयको तथ्यांकअनुसार जिल्ला अदालतहरूमा २७५ लगतमध्ये २५१ फर्स्योट हुँदा ११६ (४६%)मा सजाय दिइएको छ भने १३५ घटना (५४%)मा आरोपीले सफाइ पाएका छन्। यो अवधिमा ३७ घटना उच्च अदालतमा पुगेपनि ७ वटा (२७%) मुद्दामा कसुर कायम भएको छ भने बाँकी ३० मुद्दा (७३%)मा आरोपीले सफाइ पाएका छन्। त्यस्तै, महान्यायधिवक्तामार्फत सर्वोच्च अदालत पुगेका जातीय विभेदका २० घटनामा ९ वटाको सुनुवाइ सकिँदा ६ वटा मुद्दामा दोषीमाथि कारबाही भएको छ भने तीन मुद्दामा सफाई पाएको उल्लेख छ।

मधेश प्रदेश सरकारका पूर्वमुख्यन्यायाधिवक्तासमेत रहेका अधिवक्ता दीपेन्द्र झाले लामो समयदेखिको संरचनात्मक समस्याका रूपमा दलितमाथि विभेद भइरहेको बताए। 'यसमा प्रहरी-प्रशासनले सकारात्मक भूमिका खेल्नुपर्छ। समाजमा पनि चेतना बढाउनुपर्छ,' उनले भने, 'मधेश सरकारले ल्याएको दलित सशक्तीकरण ऐन कार्यान्वयन भयो भने मधेशमा विभेदको कुरा अन्त्य हुन्छ।'

नेपाल प्रहरीको आँकडा पाँच वर्षमा (०७५/७६ देखि ०७९/८० सम्म) मधेशका आठ जिल्लामा ८९ दलितको हत्या भएको छ भने तीन सय तीन बलात्कृत भएका छन्। पाँचजनाको त बलात्कारपछि हत्या नै भएको छ। जातीय छुवाछुत शीर्षकमा ११ वटा मुद्दा दर्ता भएका छन्। यो अवधिमा मधेशमा कुल पाँच सय पाँचजनाको हत्या हुँदा एक हजार पाँच सय ६२ बलात्कृत भएका छन्।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता महेन्द्रकुमार श्रेष्ठले आपराधिक मनोविज्ञानका कारण मधेशमा घटना बढेको बताए। 'मधेशमा शिक्षादेखि चेतनाको कमी छ, त्यसकारणले पनि अपराध बढेको हो,' उनले भने।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का प्रदेश २ संयोजक राजु पासवानका अनुसार मधेश प्रदेशमा सबैभन्दा बढी दलित समुदायको जनसंख्या १७.२९ प्रतिशत छ। जातपात र छुवाछुतका नाममा गरिबी, अशिक्षा र बेरोजगारी समस्यामा रहेका दलितमाथि हिंसाका घटना भइरहेको उनले बताए। 'दलितमाथि हुने हिंसाका घटनामा प्रभावकारी अनुसन्धान र कानुन कार्यान्वयन नहुँदा जातीय भेदभाव तथा छुवाछुत र दलितमाथि हुने बलात्कार र हत्याहिंसाका घटना भइरहेका छन्,' उनले भने। इन्सेककै तथ्यांकअनुसार सन् २०१७ देखि सन् २०२२ अर्थात् ६ वर्षको अवधिमा मधेश प्रदेशमा जातीय छुवाछुतका घटनामा ६ महिला र १९ पुरुष गरी २५ जना पीडित भएका छन्।

अधिकारकर्मी रिता साह जातीय भेदभाव तथा छुवाछुतका घटनाको स्वरूप परिवर्तन भएको बताउँछिन्। 'विगतमा देखिने गरी नै छुवाछुतको भेदभाव हुन्थ्यो भने अहिले घुमाउरो तरिकाले अप्रत्यक्ष रूपमा भेदभाव हुन्छ,' उनले भनिन्, 'पहिला सार्वजनिक रूपमा भेदभाव हुन्थ्यो भने अहिले निजी रूपमा भेदभाव हुन्छ।' अहिले पनि कुनै दलित समुदायको व्यक्तिले गैरदलितसँग बिहे गरेमा झुटा मुद्दा लगाएर फसाउने काम भइरहेको उनले बताइन्।

मधेश सरकारका अर्थमन्त्री सञ्जय यादव भने दलित समुदायको आर्थिक उपार्जन र सशक्तीकरणका लागि सरकारले काम गरिरहेको दाबी गर्छन्। 'दलित विकास समिति नै गठन गरेर काम भइरहेको छ। दलित समुदायका बालबालिकालाई उच्च शिक्षामा पहुँचका लागि खातामै पैसा पठाइएको छ,' उनले भने, 'तर, प्रदेश प्रहरी अहिलेसम्म प्रदेश सरकारको मातहत आउन सकेको छैन। हामी अहिले पनि निर्देशन दिने भूमिकामा नभई समन्वय गर्ने भूमिकामा मात्र सिमित छौं। संघीय सरकारको निर्देशनमा चलेको प्रहरीले झुटा मुद्दा लगाउने, अपराधीलाई उम्काउनेजस्ता काम भइरहेकाले पनि दलितमाथिको हिंसा बढेको हो।'

१४ जनाको हत्या घटनाको छानबिन गर्न गठित समितिको प्रतिवेदन गोप्य

मधेशमा दलित समुदायका १४ व्यक्तिको हत्या भएका छुट्टाछुट्टै घटनाको छानबिन गर्न गठित समितिको प्रतिवेदन सार्वजनिक भएको छैन। तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवको संयोजकत्वमा १७ भदौ ०७७ मा मधेश सरकारले पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो।

प्रदेश सभाले पारित गरेको दलित सशक्तिकण ऐनबमोजिम मधेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा रहेको जातीय विभेद तथा छुवाछुत अनुगमन समितिको १७ भदौ ०७७ मा बसेको पहिलो बैठकले छानविन समिति गठन गरेको थियो। बैठकले घटनाहरूबारे छानविन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न समय दिएको थियो। तर, केही ढिला भएपनि एक महिनाभित्र तत्कालीन मुख्यमन्त्री लालबाबु राउतलाई प्रतिवेदन बुझाइएको तत्कालीन कानुनमन्त्री यादवले बताए। तर, अझै प्रतिवेदन सार्वजनिक भएको छैन।

यादवले आर्थिक रूपमा कमजोर रहेका दलितमाथि विभेद हुने गरेको पाइएको बताए। 'दलित समुदायको समस्या कसैले नसुनिदिने भएपछि पीडित झन् पीडामा हुने र न्याय नपाउने अवस्था देखियो,' उनले भने, 'म समितिको संयोजक भएपछि मधेशका आठै जिल्लामा गएर अनुसन्धान गर्नेक्रममा यस्तै देखें। दलित समुदायको मनोवल घट्दा उनीहरूमाथि झन् विभेद हुने गरेको छ। सरकारले दलितमैत्री नीति कार्यक्रम बनाउनुपर्छ, दलित सशक्तिकरण ऐन छिटो कार्यान्वयनमा ल्याउनुपर्छ।'

सीमामा...

पृष्ठ १ बाट क्रमशः

भन्ने थाहा नहुने गरेको छ। त्यस्तै, नियमभन्दा धेरै भारतीय रुपैयाँ बोकेर जाँदा समस्यामा पर्ने गरेका छन्। कतिपय नाका जंगलको बाटो भएर यात्रा गर्नुपर्ने भएकाले सुरक्षाको जोखिम हुने गरेको छ। यस्ता विषयमा पनि सशस्त्र प्रहरीले परामर्श दिने गर्दछ।

साथै भारतीय पक्षतर्फ सशस्त्र सीमा बल (एसएसबी)सँग समेत समन्वय गरिदिने गरेको छ। यसका लागि कतिपय सहायता कक्षले भिजिटिङ कार्डको अवधारणासमेत सुरु गरेका छन्। सीमा सुरक्षालाई बलियो बनाउँदै लैजाने र सीमा क्षेत्रमा हुने ठगीलगायतका गतिविधिसमेत यसबाट नियन्त्रण हुने सशस्त्र प्रहरी अधिकारी बताउँछन्।

सीमा अपराध अभिलेख शाखाको स्थापना

सीमापार अपराधको विश्लेषण र नियन्त्रणका लागि सशस्त्र प्रहरी बलले सीमा अपराध अभिलेख शाखा स्थापना गरेको छ। सीमा सुरक्षा विभागअन्तर्गत नयाँ शाखा स्थापना भएको हो। सीमापार अपराधको अभिलेख राखी विश्लेषण गरी सुरक्षा रणनीति बनाउन सो शाखाको स्थापना भएको सशस्त्र प्रहरी बलले जनाएको छ। एसपीको नेतृत्वमा हुने सो शाखाअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार, जैविक अपराध, हातहतियार तथा खरखजाना र लागुऔषधसम्बन्धी अपराधको छुट्टाछुट्टै तथ्यांक राखिने र मासिक रूपमा विश्लेषण गरिने सशस्त्र प्रहरीले जनाएको छ। 'यसले सीमापार अपराधको प्रवृत्ति पनि राज्यलाई थाहा हुन्छ,' सीमा विभागका एक अधिकारीले भने।

सक्रिय बनाइयो...

पृष्ठ १ बाट क्रमशः

समस्या समाधानमा सहजीकरणसमेत गर्ने व्यवस्था मिलाइएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित गुनासाहरू सीधै सम्बोधन गर्ने व्यवस्था पनि गरिएको छ। गुनासाहरू सम्बोधनका निम्ति 'च्यापिड रेस्पोन्स टिम'समेत गठन गरी कार्यान्वयनमा ल्याइएको मुख्यसचिव डा. बैकुण्ठ अर्यालले जानकारी दिए। उक्त टिमले सम्बन्धित निकायमा पठाइएका गुनासाहरू कार्यान्वयन भए/नभएको अनुगमन गर्नुका साथै गुनासो सम्बोधनका लागि पहल गर्नेछ।


सरकार र नागरिकबीचको सम्बन्धलाई अझै घनीभूत गराउन र शासकीय प्रणालीमा उनीहरूको सहभागितालाई सक्रिय तथा सशक्त बनाउन हेलो सरकारले भूमिका खेल्ने प्रधानमन्त्री प्रचण्डले बताए। 'हेलो सरकार विभिन्न उतारचढावका बीच २४ सै घन्टा सञ्चालन गर्ने अवस्थासम्म आउनु हाम्रा लागि खुसीको कुरा हो,' उनले भने, 'सरकार र जनताबीचको सम्बन्ध थप सुदृढ तुल्याउँदै जनसेवा सवलीकरणका निम्ति यो सेवा विस्तार कार्यक्रमले महत्वपूर्ण योगदान गर्ने विश्वास लिएको छु।' गुनासो व्यवस्थापन प्रणालीलाई कृत्रिम बौद्धिकतासँग आबद्ध गर्नेलगायत नागरिकका उत्कृष्ट विचार लिने 'क्राउडसोर्स गभर्नेन्स'का रूपमा विकास गर्न अपरिहार्य भएको आवश्यकतासमेत उनले औंल्याए। नेपाल सरकारका सबै निकायलाई नागरिकका गुनासो व्यवस्थापनको विषयलाई पहिलो प्राथमिकतामा राखेर कार्य सम्पादन गर्न प्रधानमन्त्रीले निर्देशन दिएका छन्। नागरिकका गुनासा र जिज्ञासालाई बास्केटमा राखेर कार्यालयमा स्टोर नगर्न पनि उनले निर्देशन दिए।

मुख्यसचिव डा. बैकुण्ठ अर्यालले हेलो सरकारमा परेका गुनासो फर्स्योट गर्नेसम्बन्धमा मन्त्रालय र निकायहरूको सक्रिय भूमिका आवश्यक हुने बताए। प्राप्त भएका गुनासा छिटो सम्बोधन गर्न उनले सबै सचिवहरूलाई निर्देशन दिए। नागरिकले गरेका गुनासोका सम्बन्धमा भइरहेको कामबारे जवाफ दिँदा त्यसले गुनासोकर्तालाई ठूलो राहत हुने उनले बताए। 'सकेसम्म छिटो गुनासो सम्बोधन गरौं, आएको गुनासो हेरिसकेपछि पनि त्यसमा फेरि केही पनि काम नगर्ने भनेको त भएन!' सचिवहरूलाई निर्देशन दिँदै मुख्य सचिव अर्यालले भने, 'गुनासोकर्तालाई गुनासोको सम्बोधन यसरी भयो भन्ने कुराको महसूस गराउन कुनै पनि खालको कञ्जुस्याईं नगरौं।' नागरिकका तर्फाबाट सरकारमा आएका गुनासा सकेसम्म निराकरण गर्न र फर्स्योट गर्न प्रतिवद्ध रहेको उनले बताए।

प्रधानमन्त्री कार्यालयका सचिव डा. गणेशप्रसाद पाण्डेयले हेलो सरकार नागरिकका पीरमर्का सुन्ने संयन्त्र भएको बताए। नागरिकले दैनिक रूपमा भोग्नुपरेका विकास निर्माण, सेवाप्रवाहदेखि विभिन्न मागहरू सम्बोधन गर्नेगरी हेलो सरकारलाई सञ्चालन गर्न खोजिएको उनले बताए।

पहिले नेपाल टेलिकमको नम्बरबाटमात्र गुनासो गर्न सकिनेमा अब एनसेलबाट पनि मिल्ने व्यवस्था भएको उनले बताए। विशेष र महत्वपूर्ण गुनासालाई सम्बोधन गर्न च्यापिड रेस्पोन्स टिमको व्यवस्था गरिएको र त्यसले प्राथमिकतामा राख्नुपर्ने गुनासालाई सम्बोधन गर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने र आवश्यक सहजीकरण गर्नेलगायतका काम गर्ने उनले बताए। गुनासोको पोर्टलमा समेत सुधार गरिएकाले गुनासो राख्ने व्यवस्था थप सहज भएको उनको भनाइ छ।

समवेदना



जन्म : वि.सं.२०१६/०१/२९

स्व.डा. राजा राम कार्की

स्वर्गारोहण मिति : वि.सं. २०८०/०५/०६

यस संघका आजिवन सदस्य **डा. राजा राम कार्की**को मिति २०८० भाद्र ०६ गतेका दिन असामयिक निधन हुन गएकोमा वहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

नेपाल चिकित्सक संघ परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २०२५/३/१५

स्वर्गारोहण: वि.सं. २०८०/५/६

स्व. साकार सिंह हमाल

यस संस्थाका सदस्य श्रद्धेय साकार सिंह हमालज्यूको मिति २०८०/०५/०६ गते दुःखद् स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामना सहित समवेदना व्यक्त गर्दछौं।

सरदार हरिदयाल सिंह हमाल सेवा समिति परिवार धोविघाट, ललितपुर

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०५/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असोज ०२ गते मंगलबार**का दिन शाखा कार्यालय हेटौंडा, मकवानपुरमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार उद्योग मन्त्रालय नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा हेटौंडामा मकवानपुर, प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तर्गत मिति २०७४/०६/०२ मा प्रा.फ.र.न. ७०६५/२८७/२०७४/२०७५ मा दर्ता कायम भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६९७९७५७ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा बडा नं. ४ मा रजिस्टर्ड कार्यालय रहेको **भ्वाइस मार्ट** (प्रोप्राईटर गज बहादुर कार्कीको नाति, राम बहादुर कार्कीको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा बडा नं. ०६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा., बडा नं. ०६ बस्ने **पुजन कार्की**, ना.प्र.नं. ३१-०१-७०-०२०६९, जारी मिति २०७०/०२/२२, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. गंज बहादुर कार्कीको नाति, राम बहादुर कार्कीको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा बडा नं. ०६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा., बडा नं. ०६ बस्ने **पुजन कार्की** (ना.प्र.नं. ३१-०१-७०-०२०६९, जारी मिति २०७०/०२/२२, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. बल बहादुर कार्कीको नाति, गंज बहादुर कार्कीको छोरा, शान्ती कुमारी कार्कीको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा., बडा नं. ०६ (सांविक मकवानपुर जिल्ला, हेटौंडा न.पा बडा नं. ०६) बस्ने **राम बहादुर कार्की** (ना.प्र.नं. ३२९७, जारी मिति २०४२/११/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. गंज बहादुर कार्कीको बुहारी, भक्त बहादुर नेपालको छोरी, राम बहादुर कार्कीको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., बडा नं. ०६ (सांविक मकवानपुर जिल्ला, हेटौंडा न.पा बडा नं. ०६) बस्ने **शान्ती कुमारी कार्की** (ना.प्र.नं. २५९०५, जारी मिति २०५०/०५/२०, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **राम बहादुर कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. बडा नं. ०६ स्थित कित्ता नं. १४६७ र ५२९४ को क्षेत्रफल क्रमश ०-३-० र ०-१-१.५(वि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **शान्ती कुमारी कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा.बडा नं. ०७ स्थित कित्ता नं. ११०९ को क्षेत्रफल ०-६-० (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असोज ०१ गते** भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असोज ०२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्

एसिया कप क्रिकेट

पूर्वविश्व च्याम्पियन भारतको सामना गर्दै नेपाल

नेपालका कप्तान **रोहित पौडेल** भन्छन्- भारतविरुद्ध खेल्न पाउनु ठूलो अवसर हो । क्रिकेटप्रेमीहरूको अपार समर्थनले हामीलाई राम्रो खेल खेल्न प्रेरित गरेको छ । रोहित शर्मा र विराट कोहलीलाई आउट गर्ने योजना छ ।

नयाँ पत्रिका

१६औँ एसिया कप क्रिकेट प्रतियोगितामा सोमबार नेपालले उपाधि दाबेदार भारतको सामना गर्दै छ । नेपालले पहिलोपटक एकदिवसीय खेलमा भारतसँग प्रतिस्पर्धा गर्न लागेको हो । श्रीलंकाको पालेकेले मैदानमा दिउँसो ३:१५ बजे खेल हुनेछ । यस खेलमा वर्षाले धेरै प्रभावित पार्न सक्ने जनाइएको छ । समूह 'ए'बाट सुपर फोरमा दुवै राष्ट्रको सम्भावना उत्तिकै छ । पाकिस्तानसँग एक अंक बाँडेको भारतले नेपाललाई हराउँदा सुपर फोरमा पुग्नेछ । भारतविरुद्ध अप्रत्याशित नतिजा निकाल्दा नेपालले सुपर फोरमा स्थान बनाउनेछ ।

वर्षाले खेल बिथोलिए भारत दुई अंकका साथ अगाडि बढ्नेछ । पहिलोपटक सहभागी नेपाल प्रतियोगिताबाट बाहिरिनेछ । सन् २०१८ मा एकदिवसीय मान्यताप्राप्त नेपालले एसिया कपमा दुई विश्व च्याम्पियनसँग प्रतिस्पर्धाको अवसर पाएको हो । भारत प्रतियोगिताकै सर्वाधिक सातपटकको विजेता हो । विश्व क्रिकेटमा भारतले दुईपटक एकदिवसीय र एकपटक आइसिसी टी-२० विश्वकप उपाधि जितेको छ । आइसिसी एकदिवसीय वरीयतामा भारत तेस्रो र नेपाल १५औँ स्थानमा छ ।

नेपालले आइसिसीको पाँचौँ पूर्ण सदस्यका रूपमा भारतको सामना गर्न लागेको हो । यसअघि, नेपालले पाकिस्तान, वेस्ट इन्डिज, जिम्बावे र आयरल्यान्डविरुद्ध प्रतिस्पर्धा गरेको थियो । एसिया कपकै उद्घाटन खेलमा नेपालले पाकिस्तानसँग पहिलोपटक भिडेको थियो । जसमा नेपालले एकदिवसीय खेलकै १६औँ ठूलो अन्तर हारको सामना गऱ्यो । नेपाल पाकिस्तानसँग दुई सय ३८ रनले पराजित भएको थियो । डेढ महिनाअघि जिम्बावेमा भएको आइसिसी एकदिवसीय ग्लोबल छनोटमा नेपालले आयरल्यान्ड, वेस्ट इन्डिज र जिम्बावेविरुद्ध प्रतिस्पर्धा गरेको थियो ।

नेपालका प्रतिद्वन्द्वी भारतका सबै खेलाडी अन्तर्राष्ट्रिय क्रिकेटमै अनुभव प्राप्त छन् । कप्तान रोहित शर्माले एकदिवसीय खेलमा तीनपटक दोहोरो शतकीय इनिङ्स खेलेका छन् । यद्यपि, उनी पाकिस्तानसँगको खेलमा चल्न सकेनन् । पूर्वकप्तान विराट कोहली पनि ५० ओभरको फर्म्याटमा राम्रा ब्याट्सम्यान मानिन्छन् । रोहित र विराट कमजोर प्रतिद्वन्द्वी पाउँदा ठूलो इनिङ्स खेल्न सक्छन् । भारतको बलियो पक्ष नै ब्याटिङ हो ।

नेपाली खेलाडीको विश्लेषण गर्दा लेग स्पिनर सन्दीप लामिछानेले मात्र विश्वस्तरीय खेलाडीसँग टी-२० फ्रेन्चाइज प्रतिस्पर्धा गरेको अनुभव छ । सन्दीपले इन्डियन प्रिमियर लिग (आइपिएल)मा विराटविरुद्ध बलिङ गरेको अनुभव बटुलेका छन् । नेपाली खेलाडीले पछिल्लो समय एसिसी इमर्जिङ टिम्समा भारतको 'ए' टोलीविरुद्ध प्रतिस्पर्धा गरेका थिए । भारतको 'ए' टोलीमा अधिकांश खेलाडी आइपिएलकै थिए ।

नेपालका सिमर सोमपाल कामी र करण केसीले भारतीय ओपनरलाई मुस्किलमा पार्न सक्छन् । क्यान्डीको पिचमा बलरलाई सहयोग गर्छ । स्पिनरभन्दा फास्ट बलरले सुरुवाती क्रममा विकेट लिन सक्ने सम्भावना छ । भारतका स्पिनर कुलदीप यादव र नेपालका ललित राजवंशीले इनिङ्सको मध्यक्रममा सम्हाल्न सक्छन् । कुलदीपले पछिल्ला ११ इनिङ्समा २२ विकेट लिएका छन् । राजवंशीले पाकिस्तानविरुद्ध ३२ बल डट फ्याँकेका थिए ।



फाइल तस्बिर

नेपाल र भारतबीचको खेल वर्षाले बिथोल्न सक्ने

नेपाल र भारतले समूह 'ए' मा गर या मरको स्थितिमा प्रतिस्पर्धा गर्दै छन् । यस खेलको विजेता सुपर फोरमा पुग्नेछ । हारले सीधै प्रतियोगिताबाट एक टोली बाहिरिनेछ । नेपाल र भारतबीचको खेल पनि वर्षाले बिथोल्ने सम्भावना छ । श्रीलंकाको केन्डीस्थित पालेकेल अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा सोमबार बिहान ६० प्रतिशत वर्षाको सम्भावना रहेको छ । वर्षाले प्रभावित नहुँदा टस नेपाली समयअनुसार २:४५ बजे हुनेछ । श्रीलंकाली मौसम विभागका अनुसार टस हुने समयमा पालेकेलमा २२ प्रतिशत वर्षाको सम्भावना छ । साँझ ६ बजेसम्म निरन्तर वर्षा हुने सम्भावना छ ।

पहिलो इनिङ्समा वर्षाले प्रभाव नपारे दोस्रो इनिङ्सको ब्याटिङ क्रममा ६६ प्रतिशत वर्षा हुने सम्भावना रहेको मौसम विभागले जनाएको छ । यसकारण दोस्रो इनिङ्सको खेल सम्भवतः पूरै वर्षाका कारण बिथोलिन सक्छ । वर्षाका कारण खेल रद्द भए समूह 'ए'बाट भारत 'सुपर फोर' चरणमा पुग्ने दोस्रो राष्ट्र बन्नेछ । नेपालले एक अंकका साथ प्रतियोगितामा आफ्नो यात्रा समाप्त गर्नेछ ।

यसै मैदानमा शनिबार पाकिस्तान र भारतबीचको खेल पनि वर्षाका कारण रद्द भएको थियो । पाकिस्तानले भारतलाई ४८.५ ओभरमा दुई सय ६६ रनमा अलआउट गरेको थियो । पाकिस्तानले दोस्रो इनिङ्समा एक बल पनि ब्याटिङ गर्न पाएन । अम्पायरले भारत र पाकिस्तानलाई समान एक अंक प्रदान गरे ।

कोहली १३ हजार रननजिक



भारतका पूर्वकप्तान कोहलीलाई एकदिवसीय खेलमा १३ हजार रन पूरा गर्न ९८ रन आवश्यक छ । नेपालविरुद्धको खेलमा उनलाई यो मौका छ । सन् २००८ मा भारतीय टोलीबाट डेब्यु गरेका उनले दुई सय ७६ एकदिवसीय खेलमा १२ हजार नौ सय दुई रन बनाएका छन् । एकदिवसीय खेलमा सचिन तेन्दुलकरपछि सर्वाधिक शतक बनाउने उनी दोस्रो खेलाडी हुन् । सचिनले चार सय ६३ खेलमा विश्वकीर्तिमानी ४९ शतक बनाएका थिए । यस फम्र्याटमा कोहलीले एक हजार दुई सय १२ चौका र एक सय ३८ छक्का प्रहार गरेका छन् ।

कुशललाई हजार पुऱ्याउन ६ रन आवश्यक



नेपालका लागि एकदिवसीय खेलमा ओपनर कुशल भुर्तेल एक हजार रन पूरा गर्न नजिक छन् । उनले भारतसँगको प्रतिस्पर्धामा ६ रन जोड्दा एक हजार रन पूरा गर्नेछन् । यस्तो उपलब्धि हात पार्ने उनी नेपालका तेस्रो खेलाडी बन्नेछन् । नेपालको एकदिवसीय क्रिकेट इतिहासमा कप्तान रोहित पौडेल र आसिफ शेखले मात्र एक हजार रन पूरा गरेका छन् । एसिया कपको उद्घाटन खेलमा कुशलले पाकिस्तानसँगको खेलमा आठ रन जोडेका थिए । उनले ४५ खेलमा ४४ इनिङ्सको सहयोगमा नौ सय ९४ रन बनाएका छन् । उनले एक शतक तथा ६ अर्धशतक खेलेका छन् ।

बुमराह नेपालविरुद्ध नहुने



नेपालविरुद्धको प्रतिस्पर्धामा भारतीय फास्ट बलर जसप्रित बुमराह नखेल्ने भएका छन् । उनले व्यक्तिगत कारण देखाउँदै नेपालसँगको खेलमा उपलब्ध नहुने जनाएका छन् । आइतबारै उनी भारत फर्किएको भारतीय क्रिकेट बोर्डले जनाएको छ । भारत सुपर फोरमा प्रवेश गर्दा उनी उपलब्ध हुनेछन् । भारतीय टोलीमा उनको स्थानमा मोहमद सामी वा प्रसिद्ध कृष्णनले स्थान लिन सक्नेछन् ।

बंगलादेश ८९ रनले विजयी



एसिया कपअन्तर्गत समूह 'बी'मा आइतबार बंगलादेशले अफगानिस्तानलाई ८९ रनले हराएको छ । पाकिस्तानको लाहोरमा बंगलादेशले पहिलो ब्याटिङ गर्दै पाँच विकेटको क्षतिमा तीन सय ३४ रन बनाएको थियो । प्रत्युत्तरमा अफगानिस्तान ४४.३ ओभरमा दुई सय ४५ रनमा समेटियो । अफगानिस्तानका लागि इब्राहिम जार्दानले सर्वाधिक ७५ रनको योगदान दिए । बलिङका क्रममा बंगलादेशका तक्सिन अहमेदले ८.३ ओभरमा ४४ रन खर्चदै चार विकेट लिए । जितसँगै बंगलादेशले सुपर फोरको आशा जीवितै राखेको छ । बंगलादेशले दुई खेलबाट दुई अंक जोड्यो । श्रीलंकाले एक खेलबाट दुई अंक र अफगानिस्तान अंकविहीन छ ।

खेल संक्षेप

एसियन महासंघमा चार नेपाली

काठमाडौं/ एसियन बडिबिल्डिङ एन्ड फिजिक स्पोर्टस् फेडेरेसनको कंग्रेसबाट नेपालका चार सदस्य विभिन्न पदमा चयन भएका छन् । नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघको आयोजनामा भइरहेको ५५औँ एसियन शारीरिक सुगठन तथा फिजिक स्पोर्टस् च्याम्पियनसिपअन्तर्गत आइतबार सम्पन्न कंग्रेसले नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघका अध्यक्ष राजेशबाबु श्रेष्ठ कार्यकारी उपाध्यक्षमा चयन भएका छन् । विजयलाल कायस्थ महासंघको उपाध्यक्षमा चुनिएका छन् । महासंघका सचिव दिनेश राजभण्डारी प्राविधिक समितिका अध्यक्ष र महासंघको उपाध्यक्ष राजेश उपाध्याय कार्यकारी सदस्यमा मनोनीत भएका छन् । निर्वाचित सदस्यको कार्यावधि चार वर्षको हुनेछ । एसियन शारीरिक सुगठन तथा फिजिक स्पोर्टस् च्याम्पियनसिपको उद्घाटन सोमबार हुनेछ ।

इनोभेटिभ क्वार्टरफाइनलमा

काठमाडौं/ इनोभेटिभ तेस्रो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा आइतबार क्वार्टरफाइनल प्रवेश गरेको छ । इनोभेटिभले एनसिसिएसलाई २०-१३ ले पराजित गऱ्यो । यसै विधामा नेरिक, भद्रघले र काठमाडौं जेभियर अन्तिम आठमा पुगेका छन् । नेरिकले आयोजक केएमसी 'ए'लाई ३२-१८ ले हरायो । भद्रघलेले आयोजक केएमसी 'बी'लाई २४-१५ ले पाखा लगायो । काठमाडौं जेभियरले एलाइट ग्राउन्डलाई २४-१० ले हरायो । सिनियर पुरुषमै बालदीक्षाले सेन्ट पाउललाई २०-१८ तथा सनसाइनले एआइएलाई ३९-२३ ले पन्छाए । सिनियर महिलामा एलाइट ग्राउन्डले साइपाल एकेडेमीमाथि १५-११ को जित दर्ता गऱ्यो ।

निसर्ग टिम च्याम्पियन

काठमाडौं/ आयोजक निसर्ग स्कुलले नवौँ निसर्ग अन्तरस्कुल पौडी च्याम्पियनसिपको उपाधि जितेको छ । निसर्गले सर्वाधिक दुई सय ७२ अंक बटुल्दै च्याम्पियनसिपको उपाधि उचालेको हो । लिंकन उपविजेता बन्यो । लिंकनले ८६ अंक जोड्यो । तेस्रो स्थानमा रहेको जेम्स स्कुलले ६० अंक हात पाऱ्यो । दुई दिनसम्म सञ्चालन भएको च्याम्पियनसिपमा ६१ स्कुलका २८१ खेलाडीले ४६ स्वर्ण पदकका लागि प्रतिस्पर्धा गरेको प्रतियोगिता निर्देशक सुदीप राजभण्डारीले जानकारी गराए ।

योयोलाई ह्यान्डबल उपाधि

कास्की/ ३५ देखि ६१ वर्ष उमेरसमूहका महिलाबीचको एकदिवसीय ह्यान्डबल प्रतियोगिताको उपाधि योयो महिला समूहले जितेको छ । प्रतियोगिताको फाइनलमा फिट जोन जुम्बा महिला समूहलाई ४-२ गोलअन्तरले पराजित गर्दै योयोले उपाधि हात पारेको हो । उपाधि विजेताले ३० हजार र उपविजेता फिट जोनले ३० हजार रुपैयाँ पाए । स्याङ्जाको मनकामना महिला समूहले तेस्रो हुँदै १० हजार रुपैयाँ पायो । मनकामनाले स्याङ्जा तमु समाज बुढिबजारलाई ३-२ ले हराउँदै तेस्रो स्थान रक्षा गरेको हो । फिट जोनकी रिता राना उत्कृष्ट खेलाडी भइन् ।

फुटबलमा सात नयाँ अनुहार

छिरिङ लामा, आशिष गुरुङ, अन्जन राई, उत्सव राई, दिनेश हेन्जन, जिलेस्पीजंग कार्की र हिसुब थपलिया पहिलोपटक राष्ट्रिय फुटबल टोलीमा



रमेश सुवेदी/नयाँ पत्रिका

प्रशिक्षक भिसेन्जो अल्बेर्टो अनेसले म्यानम्यानरविरुद्धको दुई मैत्रीपूर्ण फुटबल प्रतियोगिताका लागि राष्ट्रिय टोलीमा सात नयाँ खेलाडीलाई स्थान दिएका छन् । अधिकांश सिनियर खेलाडी विदेश पलायन भएपछि प्रशिक्षक भिसेन्जोले मैत्रीपूर्ण खेलका लागि नयाँ सात खेलाडीलाई मौका दिन लागेका हुन् । उनले सोमबार २३ सदस्यीय टोली घोषणा गर्दा दुई डेब्यु गर्न बाँकी रहेका खेलाडीलाई पुनरागमन गराएका छन् । नयाँ खेलाडीमा जावलाखेल युथका रक्षक छिरिङ लामा, मनाङ मर्स्याङ्दीका आशिष गुरुङ र नेपाल पुलिसका अन्जन राई छन् । मच्छिन्द्र फुटबलका मिडफिल्डर उत्सव राई, त्रिभुवन आर्मीका दिनेश हेन्जन र जिलेस्पीजंग कार्की र जावलाखेल युथका हिसुब थपलियाले टोलीमा स्थान बनाएका छन् ।

यसैगरी, सातदोबाटो युथका गोलरक्षक अभिषेक बराल र न्युरोड टिम (एनआरटी)का मिडफिल्डर कृतिशरत्न छुन्जुले राष्ट्रिय टोलीबाट डेब्यु गर्न बाँकी छ । गोलरक्षक अभिषेकले प्रधानमन्त्री कप त्रिदेशीय प्रतियोगिताको टोलीमा स्थान बनाए । प्रशिक्षक भिसेन्जोले लाओस र भुटानविरुद्ध अभिषेकलाई डेब्यु गराएनन् । दक्षिण अफ्रिकी राष्ट्र मोरिससविरुद्धको पहिलो मैत्रीपूर्ण खेलमा तत्कालीन प्रशिक्षक अब्दुला अलमुताइरीले कृतिशलाई राष्ट्रिय टोलीमा स्थान दिएका थिए । यद्यपि, उनले खेल्न पाएनन् ।

थाइल्यान्डमै किरण, मनीष र रोहित जोडिने

नेपालले म्यानमारको यांगुनमा ८ र ११ सेप्टेम्बरमा दुई मैत्रीपूर्ण खेल खेल्नेछ । नेपाली टोली मंगलबार राति ११ बजे त्यसतर्फ प्रस्थान गर्नेछ । नेपाल मलेसिया ट्रान्जिट पारेर यांगुन पुग्नेछ । कप्तान किरणकुमार लिम्बू, मिडफिल्डर मनीष डाँगी र रक्षक रोहित चन्द सीधै म्यानमारमै टोलीसँग जोडिनेछन् । किरण भारतको एफसी पञ्जाब, मनीष थाइल्यान्डको रायोङ तथा रोहित इन्डोनेसियाको पर्सिक क्लबमा आबद्ध छन् । नेपालले अक्टोबर दोस्रो साता फिफा विश्वकप छनोटअन्तर्गत दोस्रो चरणमा प्रवेशको खेलमा लाओससँग होम एन्ड अवेअनुसार प्लेअफ खेल्दै छ । सोही प्रतियोगिताअघि टोलीले तयारीस्वरूप फिफा मैत्रीपूर्ण खेल खेल्न लागेको हो ।

विमलसहित १० खेलाडी बाहिर

गत जुनमा बेंग्लोरमा भएको साफ च्याम्पियनसिप खेलेका १० खेलाडी आइतबार घोषणा भएको टोलीबाट बाहिर परेका छन् । यसमध्ये तीन खेलाडी विदेश पलायन भएका छन् । सन् २०११ बाट राष्ट्रिय टोलीमा डेब्यु गरेका स्ट्राइकर विमल घर्तीमगर पनि बाहिर रहे । म्यानमारविरुद्ध खेलका लागि लक्षित अभ्यासमा विमल सहभागी नै भएनन् । उनले व्यक्तिगत कारण देखाउँदै प्रशिक्षणमा समावेश नभएको नयाँ पत्रिकालाई बताएका छन् । विमलले अघिल्लो साता मात्रै प्रेमिका लिना प्रधानसँग विवाह गरेका थिए । साफ खेलेको टोलीबाट विमलसँगै निशान खड्का, पूजन उपरकोटी, दीपकराजसिंह ठकुरी, नवीन लामा, देवेन्द्र तामाङ, विमल पाण्डे, सीमन्त थापा, विशाल श्रेष्ठ र मणिकुमार लामा बाहिर छन् । रक्षक निशान, डिफेन्सिभ मिडफिल्डर पूजन र स्ट्राइकर दीपकराज सिंह अस्ट्रेलिया पुगेका छन् । साफ खेलेको टोलीबाट कप्तान किरण, रोहित र मनीषसहित दीप कार्की, सनिश श्रेष्ठ, अनन्त तामाङ, एरिक विष्ट, लाकेन लिम्बू, आवास लामिछाने, आयुष घलान, नवयुग श्रेष्ठ, अन्जन विष्ट तथा आशिष चौधरीले निरन्तरता पाएका छन् ।

म्यानमारविरुद्ध खेल्ने अन्तिम टोली

गोलरक्षक : किरणकुमार लिम्बू (कप्तान), दीप कार्की, अभिषेक बराल

रक्षक : सनिश श्रेष्ठ, अनन्त तामाङ, रोहित चन्द, आशिष गुरुङ, छिरिङ लामा र अन्जन राई

मिडफिल्डर : एरिक विष्ट, सुदीप गुरुङ, लाकेन लिम्बू, आवास लामिछाने, कृतिशरत्न छुन्जू, उत्सव राई

स्ट्राइकर : आयुष घलान, नवयुग श्रेष्ठ, अन्जन विष्ट, मनीष डाँगी, आशिष चौधरी, जिलेस्पीजंग कार्की, दिनेश हेन्जन, हिसुब थपलिया

बिर्तामोड अन्तिम चारमा

नयाँ पत्रिका

झापाको रेड स्टार बिर्तामोड क्लब ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताको आइतबार भएको खेलमा बिर्तामोडले युनाइटेड खर्साङ दार्जिलिङ फुटबल क्लबलाई १-० ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो । खेलको २ ९औँ मिनेटमा विदेशी खेलाडी जोन क्लोरीले बिर्तामोडलाई १-० को अग्रता दिलाएका थिए । खेलमा थप गोल नहुँदा उनकै गोल निर्णायक बन्यो । प्रतिस्पर्धामा युनाइटेडले बराबरी गोल फर्काउने निकै प्रयास गरेको थियो ।

युनाइटेडका खेलाडीका गोल प्रयास पोलमा लागेका थिए । यस खेलसँगै लिग चरणका खेल सकिएको आयोजकले जनाएको छ । गोल्डकपको सेमिफाइनल खेल सोमबारदेखि हुने छ । पहिलो सेमिफाइनलमा पथरी ११ फुटबल क्लब मोरङले जुटविकास फुटबल क्लब सुनसरीको सामना गर्नेछ । पहिलो हुनेले तीन लाख ११ हजार र उपविजेताले एक लाख ५१ हजार रुपैयाँ पाउनेछन् ।

विश्व भारोत्तोलनमा भाग लिन नेपाली टोली आज साउदी जाँदै

नयाँ पत्रिका

साउदी अरेबियाको राजधानी रियादमा हुने विश्व भारोत्तोलन च्याम्पियनसिपमा सहभागी हुन नेपाली टोली सोमबार प्रस्थान गर्दै छ । रियादमा सोमबारदेखि सुरु हुने प्रतियोगिता ३१ भदौसम्म चल्नेछ । प्रतियोगितामा दुई महिला र तीन पुरुष खेलाडीले नेपालको प्रतिनिधित्व गर्नेछन् । महिला खेलाडीमा शारदा चौधरी र टीकामाया गुरुङ रहेका छन् । टीकामायाले ५५ केजीमा र शारदाले ६४ केजीमा खेल्नेछन् ।



पुरुष ८१ केजीमा विकास भट्ट, ९६ केजीमा विशालसिंह विष्ट र १०९ केजी तौलमा सागर भण्डारीले प्रतिस्पर्धा गर्नेछन् । नेपाली टोलीमा प्रशिक्षक जीवन गौतम र व्यवस्थापक रामसुन्दर श्रेष्ठ रहेका छन् । च्याम्पियनसिपमा सहभागी हुने टोलीलाई आइतबार नेपाल ओलम्पिक कमिटी (एनओसी) का महासचिव नीलेन्द्रराज श्रेष्ठले बिदाई गरेका छन् । नेपालले विश्व भारोत्तोलन च्याम्पियनसिपमा १६ वर्षपछि सहभागिता जनाउन लागेको हो ।

उत्साहजनक तयारी

प्रतियोगिताका लागि नेपाली खेलाडीले राम्रो तयारी गरेको प्रशिक्षक गौतमले बताएका छन् । 'खेलाडीले पोखरा र काठमाडौंमा प्रशिक्षण गरेका थिए,' उनले भने, 'दुई महिनाभित्र खेलाडीले अधिकांश समय पोखरा र काठमाडौंमा एक साताको तयारी गरेका थिए ।' प्रशिक्षक गौतमका अनुसार नेपाली खेलाडी पदकभन्दा व्यक्तिगत रेकर्ड सुधार्ने प्रयासमा हुनेछन् । 'हामीले पदकभन्दा रेकर्ड सुधारतिर ध्यान दिएका छौं,' उनले भने ।

नेपाली टोलीमा रहेका पुरुषतर्फ विकास, विशाल र सागर एकै वडाका खेलाडी हुन् । प्रशिक्षक गौतमसहित चारैजना महेन्द्रनगर भीमदत्त नगरपालिकाका हुन् । तीन खेलाडी हल्दखाल-७ वडाका हुन् । तीनै खेलाडीको घरदूरी आधा किलोमिटरको छ । महिलातर्फकी खेलाडी छिमेकी जिल्ला कैलालीकी हुन् । टीका पोखराबाट प्रतिनिधित्व गर्छिन् । रियाद विश्व च्याम्पियनसिपपछि पाँचै खेलाडी ४ असोजबाट चीनमा सुरु हुने १९औँ एसियन खेलकुद प्रतियोगितामा केन्द्रित हुनेछन् । रियादमा संघका अध्यक्ष रामकृष्ण श्रेष्ठ पनि पुग्नेछन् । श्रेष्ठ प्रतियोगिताका दौरान हुने विश्व भारोत्तोलन महासंघको कंग्रेसमा सहभागी हुनेछन् ।

भुटानमाथि कठिन जित

नयाँ पत्रिका

आइसिसी महिला टी-२० विश्वकपअन्तर्गत एसियन छनोटमा आइतबार नेपालले भुटानमाथि तीन विकेटको कठिन जित निकालेको छ । नेपाली महिला क्रिकेट टोलीले लगातार तीन खेलमा जित निकाली समूह 'ए'को शीर्ष स्थानमा उक्लेको छ । मलेसियाको बायुमास मैदानमा भुटानले दिएको ४० रनको लक्ष्य भेट्टाउन सात विकेट गुमाएको थियो । पहिलो ब्याटिङ गरेको भुटानले २० ओभरमा आठ विकेट गुमाएर ३९ रनको झिनो योगफल बनायो । प्रत्युत्तरमा नेपालले १३.२ ओभरमा सात विकेटको नोक्सानीमा ४१ रन बनाएको थियो ।

नेपालले अब मंगलबार कतार र बुधबार युएईसँग खेल्नेछ । नेपालले कतार वा युएईमध्ये एकलाई हराउँदै छनोट प्रतियोगिताको सेमिफाइनल स्थान बनाउनेछ । दुवै खेलमा पराजित भए नेपालको नेट रनरेटका आधारमा अन्तिम चारमा पुग्ने सम्भावना जीवित रहनेछ । युएई दुई खेलमा चार अंकका साथ दोस्रो स्थानमा छ । फाइनल पुग्ने दुई टोलीले सन् २०२४ मा ग्लोबल महिला टी-२० विश्वकप छनोट खेल्न पाउनेछन् । छनोट खेलको तेस्रो खेलमा नेपाल बलिङमा उत्कृष्ट प्रदर्शन गरे पनि ब्याटिङमा कमजोर देखिएको थियो ।

इनिङ्सको दोस्रो बलमै कविता आउट

सहज लक्ष्य पछ्याउँदा नेपालले इनिङ्सको दोस्रो बलमै विकेट गुमाएको थियो । ओपनर कविता कुँवरलाई अञ्जु गुरुङले बोल्ड गरेकी थिइन् । अलराउन्डर सीता रानामगर र कविता जोशीले दोस्रो विकेटका लागि ३.२ ओभरमा १३ रनको साझेदारी गरे । रानामगरले ११ बलमा आठ रन जोडिन् । उनले एक चौका प्रहार गरेकी थिइन् । भुटानका बलरले उत्कृष्ट प्रदर्शन गर्दा नेपाल ५.५ ओभरमा १६-५ को दयनीय अवस्थामा पुग्यो । कविता र कप्तान रुविना क्षेत्रीले छैटौँ विकेटका लागि १५ रनको साझेदारी गर्दा नेपाल जितर्फ अग्रसर भयो । जोशीले २० बलको सामना गरी एक चौकाको सहयोगमा नौ रन बनाइन् ।

कप्तान रुविनाले २३ बलमा एक चौकाको मद्दतमा सर्वाधिक १२ रनको योगदान दिइन् । यसबाहेक नेपालले भुटानबाट नौ अतिरिक्त रन पाएको थियो । नेपालको इनिङ्समा पाँच खेलाडीले रन नै बनाएनन् । कविता, अस्मिना कर्माचार्य, इन्दु बर्मा र सम्झना खड्का डकआउट भएका थिए । बिन्दु रावलले दुई बल खेल्दा पनि शून्य रनमा नटआउट भइन् । भुटानकी अञ्जुली घलेले चार ओभरमा एक मेडन राखी तीन विकेट लिइन् । उनले १२ रन खर्चेकी थिइन् । अञ्जु गुरुङले नौ रनमा एक विकेट र सोनामले १० रनमा एक विकेट हात पारेका थिए ।

पूजाले लिइन् तीन विकेट

पहिलो ब्याटिङ गरेको भुटानको सुरुवात राम्रो भएन । भुटानले इनिङ्सको पहिलो बलमै विकेट गुमाएको थियो । कविता कुँवरले इनिङ्सको पहिलो बलमै नेपाललाई सफलता दिलाइन् । भुटानविरुद्ध पूजा महतोले कसिलो बलिङ गरिन् । उनले तीन ओभरमा ६ रन खर्चदै तीन विकेट लिइन् । यसक्रममा उनले भुटानको इनिङ्समा सर्वाधिक २१ रन बनाएकी डेचेन वान्गमोलाई आउट पारिन् । डेचेनले ४४ बलमा एक चौका प्रहार गरेकी थिइन् । भुटानको ब्याटिङमा पाँच खेलाडीले रन बनाउन सकेनन् । नेपालको बलिङमा कविताले सात रन खर्चदै एक विकेट लिइन् । खुसी डंगोलले चार ओभरमा ६ रन दिँदै एक विकेट हात पारिन् । कप्तान रुविनाले दुई मेडन राखी ६ रन खर्चदै एक विकेट लिइन् ।



आइसिसी टी-२० महिला विश्वकप छनोटमा भुटानले दिएको ४० रनको लक्ष्य नेपालले १३.२ ओभरमा सात विकेट गुमाएर पूरा गऱ्यो

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com